
मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

**संचेतना द्वैमासिक**

पूर्णाङ्क ६९




# अन्यौलमा संविधान निर्माण

**RESEARCHERS**

**STUDENTS**

**ACADEMICS**

**ACTIVISTS**




# *Visit INSEC Library to have access to*

# Human Rights Resources and Information

## Books on Human Rights Including :

- Children, Child Rights
- Women, Women's Rights
- Conflict & Peace Studies
- Economics
- Social Sciences
- Media Studies
- Law, Rights, & Politics
- News clippings
- Reports
- Photographs
- Video footages





## Facilities :

- Photocopy
- Internet Access
- Computerised Catalogue

NATIONAL AND INTERNATIONAL NEWSLETTERS AND JOURNALS ON HUMAN RIGHTS

इन्सेक insec

**Informal Sector Service Centre (INSEC)**

Syuchatar, Kalanki, P. O. Box : 2726, Kathmandu, Nepal

Tel : 977-01-4278770, Fax : 977-01-4270551

Email : insec@insec.org.np

Web-site : www.inseconline.org

# प्राची

संचेतना द्वैमासिक

वर्ष १६, पूर्णाङ्क ६९

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादक**
प्रतिवेदन वैद्य

**सहयोगी**
गोपिकृष्ण भट्टराई
राजु पासवान

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**फोटो**
विमलचन्द्र शर्मा
इन्सेक जिल्लाप्रतिनिधि

**व्यवस्थापन**
शैलेश शर्मा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र**
**(इन्सेक)** द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inseconline.org

**मुद्रक**
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं
फोन : ४७७१४४८


## अन्यौलमा संविधान निर्माण


- विश्वमा सङ्घीयताको अनुभव : नेपालमा प्रस्तावित सङ्घीय स्वरुप **५**
- संविधानले मानवअधिकार संरक्षणका संयन्त्रहरुका साथै लागू गर्ने निकायको व्यवस्था गर्नुपर्छ ? **१७**






| | |
|---|---|
| अन्तर्वार्ता : मुलुकलाई बचाउने हो भने सङ्घीयतामा जान र लानबाट बचाउनु पर्छ/ चित्रबहादुर के.सी. | ११ |
| अन्तर्वार्ता : तथ्य र मनोविज्ञानलाई एक स्थानमा राखेर सङ्घीयताको निर्धारण गर्नुपर्छ/ सुरेन्द्र पाण्डे | १२ |
| राजनीतिक दल र मानवअधिकारको प्रत्याभूति/ गणेश भण्डारी | १५ |
| हामी एउटा अनिश्चितता र अनिर्णयको बन्दी .../ डा. राघवध्वज पन्त | १९ |
| सङ्घीयता बाधक हुनेछ जलस्रोतको अधिकतम दोहनमा/रत्नसंसार श्रेष्ठ | २२ |
| सङ्घीय एकाइको आर्थिक-प्राकृतिक स्रोतको प्रश्न.../डा. पिताम्बर शर्मा | २६ |
| अन्तर्वार्ता : दलहरूको धारणाको छेउटुप्पो मिल्दैन/भिमार्जुन आचार्य | २९ |
| संविधान र नागरिक तथा राजनीतिक अधिकार/विद्या चापागाई | ३१ |
| नयाँ बन्ने संविधानमा युवा | ३६ |
| फिचर : मारेको भए हाडखोड त देखाउ/नवराज पथिक | ४६ |
| फिचर : घट्न सकेन द्वन्द्व पीडितको पीडा/चन्द्रप्रकाश भट्टराई | ४७ |
| समयतालिका अनुसार काम गर/प्रतिवेदन वैद्य | ४८ |


### नियमित स्तम्भहरू


| | | | |
|---|---|---|---|
| यथावत् | २ | सामयिक | ४ |
| कार्टून | २ | जनमत | ३९ |
| सम्पादकीय | ३ | पुस्तक परिचय | ४५ |



**संक्रमणकालीन अवस्था भएकाले मानवअधिकारको संरक्षणमा काम गर्न नभ्याएको हो । शान्ति प्रक्रिया टुङ्गोमा पुग्नासाथ स्थिति फरक बन्नेछ ।**

**पुष्पकमल दाहाल**
प्रधानमन्त्री तथा अध्यक्ष एकीकृत नेकपा (माओवादी)
(चैत ७ गते संयुक्त राष्ट्रसङ्घिय मानवअधिकार उच्चयुक्त नबि पिल्लेसंगको भेटघाटका क्रममा । )



**भाँडाको भात पाक्यो पाकेन भनेर थाहा पाउन एक दुई सिता छामे पुग्छ ।**

**गिरिजा प्रसाद कोइराला**
सभापति, नेपाली काङ्ग्रेस
(चैत २८ गते मोरङ ७ को उपनिर्वाचनमा मत खसालेपछि चुनावले दलहरुको एक वर्षको मूल्याङ्कन गर्दै भन्दै।)



**कसैले भारत भ्रमण गर्दा अनावश्यक मुद्दा बनाउनुहुादैन र कोही पनि तर्सिनु पर्दैन ।**

**माधव कुमार नेपाल**
वरिष्ठ नेता, नेकपा एमाले
(फागुन २९ गते राजपाको चौथो वार्षिकोत्सवको अवसरमा आयोजित चियापान कार्यक्रममा नेपाली काङ्ग्रेसका सभापति गिरिजा प्रसाद कोइरालाको भारत भ्रमणको बारेमा प्रतिक्रिया दिदै । )



**यो आस्तिकहरुको प्रचण्ड बहुमत भएको मुलुक आफै नास्तिक बन्न मिल्दैन ।**

**पशुपति शमशेर राणा**
अध्यक्ष, राप्रपा
(चैत १७ गते नया संविधानको बारेमा राप्रपाको अवधारणा सार्वजनिक गर्ने क्रममा धर्मनिरपेक्षताको बिरोध गर्दै)

## कार्टून

**साभार**
दैनिकी डट कम
२०६५,फागुन २५




**हैन हामी सभासद त सुभाउ लिन आ' । शिशुबारे ।...माने, शिशु पर्जातन्त्रबारे ।**

**प्रिय पाठक !**

**तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?**

**प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?**

**कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।**

email : prachi@insec.org.np

**सम्पादक**

# समय खेर नफाल

प्रधानसेनापति प्रकरणमा माओवादी नेतृत्वको सरकार ढलेपछि संविधान निर्माण प्रक्रिया अनिश्चित बन्न पुगेको छ। संविधान निर्माण प्रक्रियाको सबैभन्दा चुनौतीपूर्ण खण्ड मानिएको सङ्घीयताको बहसमा देशले अझै प्रवेश गरिसकेको छैन। सङ्घीयताको बहसका क्रममा विभिन्न चुनौती आइपर्ने विश्वास गरिएको अवस्थामा देश संविधान निर्माण प्रक्रियामा औपचारिक रूपमा प्रवेश नगरी अन्य मुद्दामा केन्द्रित भई संविधान निर्माण प्रक्रिया अनिश्चित बन्न पुगेको छ।

संविधान निर्माण प्रक्रियामा सबै दलबीचको सहमतिको विकल्प छैन। अहिलेको समय बहुमत वा अल्पमतको खेलमा नलागी सबै राजनीतिक दलहरू एकजुट भई संविधान निर्माण प्रक्रियामा सहभागी हुनुपर्ने समय हो तर माओवादी सत्ताबाट बाहिरिएलगत्तै उनीहरूले जुन क्रियाकलाप गरेका छन्, त्यो सहमतिको राजनीतितर्फ नभई मुठभेडको राजनीतितर्फ लक्षित छ। संविधानसभाको निर्वाचन सम्पन्न भएको करिब एक वर्ष बितिसक्दासमेत संविधान निर्माण प्रक्रियाले गति पाउन सकेको छैन। अन्तरिम संविधानको व्यवस्था अनुसार आगामी एक वर्षभित्रमा नयाँ संविधानको निर्माण हुन नसके दोस्रो जनआन्दोलनबाट हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्न कठिनाइ हुने निश्चित छ। तसर्थ, राजनीतिक दलहरूले कुनै अर्को दल वा व्यक्ति विशेषलाई गाली गरेर आफू पन्छने भन्दा देश र जनताप्रतिको आफ्नो जिम्मेवारीबोधका साथ संविधान निर्माण प्रक्रियालाई गति दिन जरुरी भएको छ। विभिन्न बहानामा पटक-पटक राजनीतिक दलहरूबाट संसद्को कारबाही बहिष्कार तथा संसद् अवरुद्ध पार्ने कार्यले संविधान निर्माण प्रक्रिया अवरुद्ध हुनुका साथै देशको स्रोत र साधनको दुरुपयोग र देशलाई अनिर्णयको बन्दीसमेत बनाउन पुगेको छ। राजनीतिक दलहरूले संविधान निर्माण गर्ने कार्य सम्पन्न नभएसम्म संसद् अवरुद्ध पार्ने कामलाई पूर्णरूपमा बन्द गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्छ।

दलहरूले संविधान निर्माणका लागि जुन खाका प्रस्तुत गरेका छन्, ती खाकाहरूमा समेत सङ्घीयता, न्यायपालिका, सङ्घीय राज्यमा साधन र स्रोतको बाँडफाँटजस्ता विषयमा प्रस्टता दिन सकेका छैनन्। यस्तो अवस्थामा संविधानसभाले विज्ञहरूको सहयोगमा ती विषयको प्रस्ट खाका तयार पारेर आमनागरिकहरूसँग छलफल र अन्तरक्रिया गर्नुपर्छ अन्यथा जनताले आगामी संविधानमा अपनत्व महसुस गर्ने छैनन् र त्यसले देशमा अर्को प्रकारको अस्थिरता उत्पन्न गर्नेछ। अन्तरिम संविधानमा संविधानसभाबाट सर्वदलीय सहमतिमा नयाँ संविधान निर्माण गर्ने भनिए पनि दलहरूबीच बढ्दो मतभिन्नता र उनीहरूले प्रस्तुत गरेको नयाँ संविधानको ढाँचाले नयाँ संविधान निर्माणको यात्रा अझ कठिन र चुनौतीपूर्ण बन्ने देखिन्छ। जस्तो, सरकारप्रमुखको विषयमा संविधानसभाका चार ठूला दलहरूले पेस गरेका धारणाहरू नै फरक छन्। संविधानसभाको सबैभन्दा ठूलो दल एकीकृत नेकपा माओवादी प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र प्रधानमन्त्री राष्ट्रपतिको सहयोगीका रूपमा रहने प्रावधानको पक्षमा छ। संविधानसभाको दोस्रो ठूलो दल नेपाली काङ्ग्रेस निर्वाचित केन्द्रीय र प्रादेशिक संसद्को इलेक्ट्रोल कलेजबाट राष्ट्रपति र संसद्बाट निर्वाचित कार्यकारी प्रधानमन्त्रीको पक्षमा रहेको छ। त्यसैगरी, संविधानसभाको तेस्रो र चौथो दल एमाले र मधेसी जनअधिकार फोरम भने जनसभा, व्यवस्थापिकाका सदस्य र स्थानीय सरकारका प्रमुख र उपप्रमुखको निर्वाचक मण्डलबाट राष्ट्रपति चयन र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र प्रधानमन्त्री पद नचाहिने पक्षमा रहेका छन्। यसरी चार प्रमुख दलमा नै कुरा बाझिनुले संविधान निर्माण प्रक्रियाको जटिलतालाई दर्साउँछ।

आगामी संविधानमा जनताले पूर्णरूपमा अपनत्वको महसुस गर्नुपर्छ अन्यथा त्यो संविधान जनसंविधान बन्न सक्ने छैन। हालै संविधानसभाले विभिन्न सभासदहरूको टोली बनाएर जिल्ला-जिल्लामा सुझाव सङ्कलन गर्ने कार्य गरेको छ, त्यो अत्यन्त त्रुटिपूर्ण रहेको छ। आमजनताले सहज रूपमा बुझ्ने खालको प्रश्नावली बनाउनुको साटो अत्यन्त प्राविधिक प्रश्नावली लगेर जनतालाई सुझाव आह्वान गरेकामा जनताका सुझाव अत्यन्त न्यून आएका छन्। ती सुझावहरू पनि प्रशोधनको अत्यन्त अवैज्ञानिक कार्यविधिले गर्दा सुझाव सङ्कलन कार्य केवल औपचारिकतामा मात्र सीमित भएको छ। यसबाट पाठ सिकेर राजनीतिक दलहरूले आगामी प्रक्रियामा जनताको प्रभावकारी सहभागिताको सुनिश्चितता गर्नुपर्छ।

२०४६ सालको संविधानको असफलताबाट पाठ सिकेर आगामी संविधान समावेशी र जनताले अपनत्व महसुस गर्नसक्ने खालको निर्माण गरिनुपर्छ। दलहरूबीच खासगरी कार्यकारी प्रमुखको छनोट, सङ्घ विभाजन र नामाकरणमा चर्को विवाद हुनसक्ने देखिन्छ। तसर्थ, यी कुराहरूमा आफ्नो अडान नै सर्वेसर्वा नठानी दलहरू सहमतिका साथ अगाडि बढेर निर्धारित समयमा संविधान निर्माण गर्नुपर्छ अन्यथा भर्खर एउटा द्वन्द्वबाट मुक्त भएको देश पुन: अर्को द्वन्द्वमा फस्नसक्ने प्रवल सम्भावना देखिन्छ। निर्धारित समयमा नयाँ संविधान निर्माणका लागि राजनीतिक दलहरूले नयाँ कार्यतालिका बनाएर समय खेर नफाली यस कार्यमा संलग्न हुनुपर्छ।

# नयाँ संविधान



**राज्य कानूनले चल्छ। संविधानलाई माउ कानून भनिन्छ। आमाले जन्माएको, हुर्काएको, संस्कार सिकाए अनुसारका सन्तती भएजस्तै संविधान अनुसारकै कानून बन्छ र त्यस्तै राष्ट्र निर्माण हुन्छ। राष्ट्र भनेको भूगोल र जनता मिलेर बन्छ। जातीय भनेको थर होइन, बसोबास हो।**

हामी पहिलो पटक जनताले प्रत्यक्ष रूपमा बनाउने संविधानको निर्माण प्रक्रियामा छौं। जनतामा ठूलो भ्रम छ। कसैलाई लाग्छ, संविधानमा लेखिदिएपछि सबै अधिकार स्वत: पाइन्छ। कसैलाई लाग्छ, सरकारसँग पैसाको थुप्रो हुन्छ। काला बजारी, भ्रष्टाचार नहुने हो भने जनतालाई सुतिसुति खान पुग्छ। कसैलाई लाग्छ, जात विशेष, रङ्ग विशेषकालाई दर्जाबाट फालिदियो र अर्को खालको मान्छेलाई कुर्सीमा बसालिदियो भने, सारा समस्या 'छु मन्तर कि बाचा' जस्तो तुरुन्त समाधान हुन्छ। जसले जे जे रोजेको छ त्यही त्यही पाउने गरी संविधानमा लेखियोस् भन्ने पनि छ। सरकारी जागिरमा ठाउँ पाएदेखि सारा बेरोजगारी समाप्तै हुन्छ भन्ने पनि लागेको छ। के यस्तै हुन्छ त ? सारै राम्रो संविधान भएका देशहरू सर्वाधिक समस्यामा छन्। जाति पिच्छेको राज्य टुक्र्याउँदा पनि झनै हिंसा र आतङ्क बढ्दै गएका देशहरू पनि छन्। हामीकहाँ त्यस्तै हुन्छ भन्ने छैन। तर, अङ्गोला, अफगानिस्तान, फिलिपिन्स, सुडान जस्ता देशहरूको विजोग चिनेर शिक्षा लिन पाए झन् बेस होला । बुद्धको देशमा १३ हजार भन्दा बढी मानिसको ज्यान लिनेगरी सशस्त्र द्वन्द्व होला भनेर कसले कल्पना गरेको थियो र ?

राज्य कानूनले चल्छ। संविधानलाई माउ कानून भनिन्छ। आमाले जन्माएको, हुर्काएको, संस्कार सिकाए अनुसारका सन्तती भएजस्तै संविधान अनुसारकै कानून बन्छ र त्यस्तै राष्ट्र निर्माण हुन्छ। राष्ट्र भनेको भूगोल र जनता मिलेर बन्छ। जातीय भनेको थर होइन, बसोबास हो।

आधुनिक राज्य शासक होइन। सहजकर्ता हो। विकास भन्नुको अर्थ भौतिक विकासमात्र होइन। भौतिक विकासका आवश्यकताको पहिचान गर्न सक्ने, त्यसका लागि मानवीय र भौतिक संशाधन परिचालन गर्न सक्ने, जनताले मेरो र आफ्नो ठानेर विकासमा संलग्न हुने र गरिएका कामको अनुगमन नियन्त्रण गर्ने क्षमतालाई विकास भनिन्छ। पहिले सार्वजनिक आवश्यकतालाई ठम्याउनु पर्‍यो। र, अधिकार प्राप्त गर्नुको अर्थ अरूले दिएर मात्र अधिकार पाइने होइन भन्ने पनि बुझ्नु पर्‍यो। अरूले दिने र आफूले लिने काम त मगन्ते पो हुन्छ। सारा नागरिक स्वयम्मा राज्य हुन्। यसर्थ नागरिकले आफै पूरा गर्न नसक्ने कामहरूमा संयोजन गर्न र सहयोग पुर्‍याउन सरकारको निर्माण गरिन्छ। जनता अगुवा हुन र सरकार सहजकर्ता हो। देशको आम्दानीलाई सम्पूर्ण नागरिकलाई बराबरी हकका प्रापक ठानेर साधन स्रोतको बाँडफाँड गर्ने र यो काममा सम्पूर्ण जनताप्रति पारदर्शी प्रक्रिया मार्फत् जवाफदेहीता ग्रहण गर्ने जिम्मेवारी सरकारमा पर्छ।

विभिन्न कारणले समाजमा कुनै समूह, समुदाय पछाडि परेको हुन्छ। सूचना, जानकारी नभएर अवसर प्राप्त गर्न नसकेकाहरू हुन्छन्। गुणस्तरीय शिक्षा नपाउनाले प्रतिस्पर्धा गर्न नसक्ने पनि हुन्छन्। आजको युग विश्वस्तरको युग हो। हाम्रो देशमा पास गरेको योग्यतालाई कतिपय देशमा मान्यता दिइन्न। हामी आफै पनि एकअर्कालाई जातपात, रहनसहन, क्षेत्र, वर्गमा छुट्याएर भेदभाव गर्छौं। एकआपसमा हेलाँ गर्ने चलन हाम्रो अविकसित मानसिकताको उपज हो। यसैले सबभन्दा पहिला धनी, गरिब, जातजाति, महिला-पुरुष, पहाड-तराई आदि भनेर भदेभाव गर्ने चलन हटाउनु पर्छ। विकासको पूर्व शर्त मानसिक र कानुनी दुवै अर्थमा समानता हो।

अवसरमा समानताको अर्थ न्यायपूर्ण अधिकारमा समानता हो। पछाडि पारिएकाहरूको क्षमता विकासमा बढी ध्यान दिनु प्रत्येक नागरिकको कर्तव्य हो। हुने, सक्नेले आफ्नो विकास आफै गर्नुपर्छ। नसकेको हदसम्म जनताले एक अर्कालाई सरकार मार्फत् सहयोग गर्छन्। यस्तो सहयोग गर्न भनेर सरकारलाई कर तिर्छन्। सरकारमा जाने, कानून बनाउने, बजेट बनाउने र योजना कार्यान्वयन गर्ने प्रतिनिधि छानेर पठाउँछन्। सरकारले पछाडि पारिएकालाई बढी सुविधा र संरक्षण दिनुपर्छ।

जनताले फराकिलो मनले सोच्नु पर्छ। जनसङ्ख्या, क्षेत्रफल दुवै मिलेर देश बन्छ। डाँडाको टुप्पाबाट वत्ती निकाल्न खर्च थुप्रै लाग्छ। त्यहाँ जनसङ्ख्या पातलो होला तर त्यहाँसम्म बाटो नलगी बिजुली निस्किदैन। पहाडको वत्ती तराईसम्म पुर्‍याउँदा सुनसान ठाउँ हुँदै लठ्ठा गाडेर लैजानुपर्छ। त्यसैले जनसङ्ख्या र भूगोल, समूह र संस्कृति हामी सबै मिलेर बनेको देशमा सिङ्गो देश र यसको अनन्तकालको भविष्य सम्झेर संविधान बनाउनु पर्छ। हामीले परिवार, जात, दर्जा आदिको नाममा एकअर्कालाई भेदभाव गर्‍यौं र गरिब भयौं। एकै परिवारमा आपसमा हेला गर्दा परिवार गरिब भएजस्तै देशै गरिब भयो। कोही माछा पाल्न जान्ने, कोही जाल बुन्न जान्ने, कोही माछा मार्न जान्ने, कोही व्यापार गर्न जान्ने होउन र मिलिजुली व्यवसाय गरुन्। अनि माछाको व्यवसाय फस्टाउँछ। त्यस्तै सामूहिक जिम्मेवारी र जवाफदेहिताको नयाँ नेपाल बनाउने चिन्तनका साथ नयाँ संविधान बनोस्।

# विश्वमा सङ्घीयताको अनुभव : नेपालमा प्रस्तावित सङ्घीय स्वरूप




चन्द्रकान्त ज्ञवाली
अधिवक्ता, सर्वोच्च अदालत
उपप्राध्यापक, त्रिविवि


**रूस, ब्राजिल र मेक्सिको प्रजातान्त्रिक लहरसँगै सङ्घीय शासन पद्धति अँगाल्न पुगेका हुन्। केन्द्रीकृत राज्य प्रणाली भएका नेपालजस्ता बेल्जियम, इथियोपिया, दक्षिण अफ्रिका र स्पेन सङ्घीय बनेका हुन्। पछिल्ला दशकमा बोस्निया हर्जगोभिना, इराक र सुडानजस्ता राष्ट्रहरु द्वन्द्व व्यवस्थापनपछि सङ्घीयमा प्रवेश गरेका छन्।**

सङ्घीय शासन पद्धतिमा केन्द्रीय सरकारबाट प्रान्तीय प्रादेशिक सरकारमा शक्तिको बाँडफाँट संविधानमै स्पष्ट रूपमा लेखिन्छ। सरकारको शक्ति संवैधानिक रूपबाट बाँडफाँट गरेपछि अर्धस्वतन्त्र, स्वायत्त, क्षेत्रीय र स्थानीय सरकारको स्थापना हुन्छ। केन्द्रीय, प्रान्तीय प्रादेशिक, भौगोलिक वा स्थानीय सरकार सङ्घीय शासन पद्धतिका स्वरूपहरू हुन्। केन्द्रीय सरकारले नै क्षेत्रीय सरकारको सिर्जना संवैधानिक व्यवस्थाबमोजिम गर्ने गर्छ। दुई सरकार, दुई प्रशासन, दुई व्यवस्थापिका र साधारण एवम् सङ्घीय न्याय प्रणाली सङ्घीय व्यवस्थाका प्रकृति हुन सक्छन्। सङ्घीयमा आपसी विश्वास जहिलेसम्म रहिरहन्छ, तबसम्म सङ्घीय शासन पद्धति रहिरहन्छ। सङ्घीय शासन पद्धतिले केन्द्रीकृत शक्तिशाली सरकारको विपरीत अर्थ राख्छ। त्यसैले यसलाई एकभन्दा बढी सरकारी संयन्त्र परिचालन हुने व्यवस्था भन्ने गरिन्छ। केन्द्रीय सरकारभन्दा तल्लो तहका सरकारहरूले निश्चित तथा संवैधानिक रूपमा सूचीकृत अधिकारहरू अभ्यास गर्न पाउने, त्यस्ता अधिकारको संवैधानिक रूपमा सुनिश्चित गरी केन्द्रीय सरकारमा भर नपर्ने व्यवस्थासहितको राज्य प्रणाली सङ्घीय प्रणाली हो। त्यसैले सङ्घीयलाई राष्ट्रिय र क्षेत्रीय ठाडो विभाजनसहितको अधिकार, कर्तव्य र दायित्व सुम्पने शासन पद्धति मान्ने गरिन्छ।

सङ्घीय पद्धति वास्तवमा एकप्रकारको समझदारी एवम् प्रतिबद्धताको शासन पद्धति मानिन्छ। केन्द्र, प्रान्तीय प्रादेशिक वा राज्य, भौगोलिक वा स्थानीय क्षेत्रमा आत्मनिर्णयको अधिकार अन्तर्गत हरेक निर्णय अन्तिम हुने विश्वास गरिन्छ। त्यसैले यसलाई आत्मनिर्णयको अन्तिमताको सिद्धान्त (Finality of Decision) भन्ने गरिन्छ।

विश्वका हरेक मुलुकहरू केवल चार सिद्धान्तका आधारमा सङ्घीयमा गएको पाइन्छ। जसमा,

१. बाह्य देशको आक्रमणबाट बच्न एक ठाउँमा आउने सिद्धान्त।
२. विभाजनको सँघारमा पुगेकालाई एक ठाउँमा राख्ने सिद्धान्त।
३. बाह्य हस्तक्षेपको खतरा रहिरहेमा सङ्घीयमा जाने सिद्धान्त। र,
४. विकेन्द्रीकरण गर्न नचाहने र केन्द्रीकृत राज्य प्रणाली बढी निरङ्कुश बन्दै जाने अवस्थामा केन्द्रको शक्ति विभाजन क्षेत्रीय र स्थानीय रूपमा समान तवरले गर्न सङ्घीयमा गएका उदाहरण प्रशस्तै भेटिन्छन्। नेपालमा सङ्घीयमा जानुपर्ने मूल कारण पछिल्लो चौथो कारण हो।

नेपाल बाह्य देश खास गरीकन छिमेकी मुलुक भारत र चीनको आक्रमणबाट बच्न एक ठाउँमा आउने सिद्धान्तबमोजिम सङ्घीयमा गएको पनि होइन। नेपाल विभाजनको सँघारमा पुगेर एक ठाउँमा राख्ने सिद्धान्तबमोजिम सङ्घीयमा गएको पनि होइन र वर्तमान र भविष्यमा समेत बाहिरी सैनिक हस्तक्षेप भएको र हुने सम्भावना रहेकाले सङ्घीयतामा गएको अवस्था पनि होइन। नेपाल त केवल केन्द्रीय एकात्मक सामन्ती निरङ्कुश राजतन्त्रको प्रथाको अन्त्य गरी केन्द्रीकृत अधिकारलाई विकेन्द्रित गरी क्षेत्रीय र स्थानीय तहमा शक्तिको समान बाँडफाँट गरी हरेक कार्य स्थानीय तहमा नै अन्तिम गर्ने अधिकारको प्रत्याभूति गर्न, समावेशी र समानुपातिक प्रतिनिधित्व राज्यका हरेक अङ्गमा गराउन सङ्घीयमा गएको हो।

## विश्वका सङ्घीय स्वरूप

विश्वका २५ राष्ट्रहरूले सङ्घीय शासन पद्धति अपनाएको पाइन्छ भने झन्डै १ सय ७० मुलुकहरू केन्द्रीकृत एकात्मक शासन पद्धतिमा आधारित छन्। नेपाल विश्व मानचित्रमा २६औं सङ्घीय राष्ट्रका रूपमा पदार्पण गर्दैछ। विश्वका ठूला र साना भौगोलिक क्षेत्र र जनसङ्ख्या भएका धेरै मुलुकहरू आत्मनिर्णयको अधिकारसहित सङ्घीयमा प्रवेश गरेका छन्। जसमा, (१) अर्जेन्टिना २३ प्रान्त र एक स्वायत्त नगर, (२) भेनेजुयला २३ राज्य र एक जिल्लाको सदरमुकाम, (३) अस्ट्रेलिया ६ राज्य र भौगोलिक जिल्ला, (४) अस्ट्रिया नौ राज्य, (५) बेल्जियम दुई राज्य, (६) ब्राजिल २६ राज्य, एक सङ्घीय जिल्ला, (७) क्यानाडा १० प्रान्त, तीन भौगोलिक जिल्ला, (८) भारत २८ राज्य, नौ भौगोलिक र कश्मीर फेड्रसी, (९) मलेसिया १३ राज्य, तीन सङ्घीय भौगोलिक, (१०) मेक्सीको ३१ राज्य, एक सङ्घीय जिल्ला, (११) नाइजेरिया ३६ राज्य, (१२) पाकिस्तान चार प्रान्त र एक भौगोलिक राज्य, (१३) रुस ४९ राज्य, १२ गणतन्त्र, १० स्वायत्त, छ क्रेज, दुई सङ्घीय नगर, एक स्वायत्त प्रदेश, (१४) दक्षिण अफ्रिका १० प्रान्त, (१५) स्वीट्जरल्यान्ड २६ क्यान्टन, (१६) संयुक्त राज्य अमेरिका ५० राज्य, एक जिल्ला, दुई कमनवेल्थ र १२ भौगोलिक जिल्ला रहेका छन्।

त्यस्तै, (१७) बोस्निया हर्जगोभिना, (१८) कोमोरस, (१९) इथियोपिया, (२०) जर्मनी, (२१) इराक, (२२) मिक्रोनेसिया, (२३) स्पेन, (२४) सुडान, (२५) संयुक्त अरब इमिरेट्स, (२६) नेपाल २६औँ राष्ट्रका रूपमा प्रस्तावित छ। संविधानसभाले यसलाई अनुमोदन गरेको खण्डमा नेपाल पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रूपमा दरिन पुग्नेछ।

रुस, ब्राजिल र मेक्सिको प्रजातान्त्रिक लहरसँगै सङ्घीय शासन पद्धति अँगाल्न पुगेका हुन्। केन्द्रीकृत राज्य प्रणाली भएका नेपालजस्ता बेल्जियम, इथियोपिया, दक्षिण अफ्रिका र स्पेन सङ्घीय बनेका हुन्। पछिल्ला दशकमा बोस्निया हर्जगोभिना, इराक र सुडानजस्ता राष्ट्रहरू द्वन्द्व व्यवस्थापनपछि सङ्घीयमा प्रवेश गरेका छन्। नेपालले पनि १० वर्षे माओवादी सशस्त्र जनयुद्ध रोक्न, राजाको निरङ्कुश शासन व्यवस्था अन्त्य गर्न र तराईको जनआन्दोलनलाई रोक्न हतार-हतारमा कुनै गृहकार्यबिना नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा जाने निर्णय अन्तरिम संविधानको तेस्रो र पाँचौँ संशोधनपछि गरेको छ। सोही मोडेलको संविधान निर्माण भएपछि स्वत: नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बन्नेछ। संविधानसभाको निर्वाचन हुनुपूर्व नै राज्यको समावेशी, सङ्घीय र राज्यको पुन:संरचना कस्तो हुने भन्ने खाका दिन एक उच्चस्तरीय आयोगको गठन गर्नु अपरिहार्य हुन्थ्यो तर अन्तरिम संविधानको धारा १३८ र २३ बुँदे सातदलीय सहमति भए पनि हालसम्म अथवा आजको दिनसम्म सरकारले गठन गर्न सकेको छैन। यसले दिने राज्यको खाकाबिना संविधानसभामा खाली कागज (Blank Paper) लिएर गयौँ भने धेरै मुलुकमा संविधानसभा सुखद नभई अभिशापसमेत भएको अवस्थालाई नजरअन्दाज गर्न मिल्दैन। त्यसैले उच्चस्तरीय राज्यको पुन:संरचना आयोग गठन तत्कालै गर्नु राज्यको अर्को दायित्व पनि हो।

उक्त पुन:संरचना आयोगले नेपालमा कतिवटा सङ्घ बनाउने ? सङ्घ बनाउँदा लागू गर्ने सिद्धान्तहरू के हुने ? मुलुकले पूर्ण सङ्घीय वा अर्धसङ्घीय अपनाउने ? प्रतिस्पर्धात्मक सङ्घीय हुने वा सहयोगात्मक सङ्घीय बनाउने ? केन्द्रीकृत सङ्घीय, औपचारिक वा प्रभावकारी सङ्घीय कुन मोडेलको सङ्घीय अपनाउने ? भन्ने कुराको खाका उक्त आयोगले दिनेछ। सोही मोडेलमा सङ्घीय व्यवस्थामा आधारित संविधान लेखिनेछ। अहिले राजनीतिक दलहरूले संविधानसभाको निर्वाचनभन्दा पनि संसदीय निर्वाचनजस्तो गरी हरेक दलहरूले आ-आफ्ना घोषणापत्रमा आ-आफ्नै डम्फू बजाउने सङ्घीयताको आधार दिनुले सङ्घीयताको धज्जी उडाएको देखिन्छ। कुनै पनि राजनीतिक दलहरूले प्रस्ताव गरेका सङ्घीय मोडेलहरू कुनै पनि सङ्घीय, समावेशी र पुन:संरचनाको सिद्धान्तमा आधारित मोडेलहरू वा सर्वस्वीकृत मोडेलहरू पनि होइनन्। जहिले पनि सङ्घीय अपनाउँदा विश्वमा प्रचलित द्वैत पद्धति, (२) अन्तर सम्बन्धित पद्धति, (३) अभिव्यक्त पद्धति, (४) अवशिष्ट पद्धति, (५) परिपूरकताको पद्धतिका सिद्धान्तसमेत आत्मसात् गरी सङ्घहरू बनाउनुपर्ने हुन्छ। केन्द्रका अधिकार, दायित्व, राज्य वा प्रान्तका अधिकार र दायित्वहरू स्थानीय तहका अधिकार र दायित्वहरू यिनै पद्धतिका आधारमा निर्धारण हुने गर्छन्।

**तनाव र द्वन्द्व**

यी उल्लिखित पद्धति र सिद्धान्तलाई आधार बनाइएन भने ठूला राजनीतिक दलहरूले आ-आफ्ना घोषणापत्रमा दिएका जातिगत, भाषागत आधार मात्र बनाइयो भने सङ्घहरूमा पनि जनजातिगत, भाषिक, आर्थिक वा सम्पत्तिको विभेदले आन्तरिक द्वन्द्व बढाउने र तिनीहरूलाई व्यवस्थित गर्नु मुख्य चुनौतीको सामना गर्नुपर्ने हुन्छ। द्वन्द्वले हिंसा जन्माउँछ, जसबाट राजनीतिक द्वन्द्व उत्पन्न गराउँछ। सङ्घीय एकाइहरूलाई पहिचान र अधिकारसम्पन्न गराइएन भने अल्पसङ्ख्यक, दलित, जाति, जनजातिहरूको तनाव र द्वन्द्व झेल्नुपर्ने हुन्छ।

अमेरिकामा दासत्वको विषयमा गृहयुद्ध भयो। भारतमा मुलसमानहरूको बाहुल्य रहेकाले कश्मीरमा लामो समयसम्म द्वन्द्व रहिरहेको छ। इथियोपियाको नयाँ सङ्घ जनजातिगत गृहयुद्धबाट उत्पन्न भएको हो। मेक्सिकोमा चिपासमा आदिवासीको विद्रोहको सामना हालसम्म पनि गर्नुपरेको छ। स्पेनमा पृथकतावादीहरूलाई सम्हाल्न नसक्दा हजारौँ निर्दोष जनता मरिरहेका छन्। यी उदाहरणहरूले जातीय एवम् भाषिक विविधताहरू सङ्घहरूको खण्डीकरणका लागि कसरी स्रोत बन्छन् भन्ने देखाउँछ। कहिलेकाहीं जनजातिगत, धार्मिक, भाषिक र आर्थिक पक्षहरूको विभाजनलाई सैद्धान्तिक र व्यावहारिक पक्षमा नमिलाउँदा विखण्डन हुनसक्ने पनि त्यत्तिकै चुनौती देखिन्छन्। त्यसो नहुन स्थानीय पहिचान एवम् अधिकारहरूको पहिचान गरिनु जरुरी हुन जान्छ। नेपालमा बसोबास गर्ने १ सय १३ वटा आदिवासी जनजाति, १ सय २२ भाषाभाषी, २२ दलित समूह, चार धार्मिक समूह, चार वर्ण ३६ जात, तेस्रो लिङ्गी, अपाङ्ग, किसान, मजदुर, पेसा, वर्ग, क्षेत्र, ५६ मधेसी समूहसमेतको उचित प्रतिनिधित्व समावेशी तथा समानुपातिक सिद्धान्तबमोजिम गरिएन भने त्यसको ठूलो चुनौतीसमेत बेहोर्नु पर्ने देखिन्छ।

अर्जेन्टिना, अस्ट्रेलिया, अस्ट्रिया, जर्मनी, संयुक्त राज्य अमेरिकामा भाषाको स्पष्ट आधिपत्य रहेका राज्यहरू भए पनि यिनै कारणले गर्दा सङ्घीयता जातिगत, धार्मिक वा भाषिक विभाजनका आधारमा भएका छैनन्। भारतले जनजाति र भाषालाई आधार बनाउँदा २५ वर्षमा छवटा नयाँ राज्यको निर्माण गर्नुपरेको यथार्थता पनि लुकेको छैन। इथियोपियामा नयाँ सङ्घहरू पूर्ण रूपमा जनजातिगत र जातिगत रूपमा निर्माण गरिँदा मिश्रित जातिहरूसँग सामना गर्नुपरिरहेको छ। नाइजेरिया तीन राज्यबाट ३६ राज्यमा बढ्दै गएको तीतो सत्य पनि कहीँ लुकेको छैन। यी उल्लिखित तथ्यलाई आधार बनाउँदा सङ्घीयतामा जान हुँदैन भन्ने मान्यता भने पक्कै होइन।

**सङ्घीयताको सफलता**

सङ्घीयतामा जानुभन्दा पूर्व पूर्ण रूपमा गृहकार्य गर्दै राज्यको समावेशी, सङ्घीय र राज्यको पुन:संरचना गर्न उच्चस्तरीय आयोग गठन गरी त्यसले दिएको सुझावका आधारमा सङ्घीयमा जाँदा शक्तिको बाँडफाँट उपयुक्त तरिकाले भई सङ्घीय शासन पद्धति सुदृढ हुनसक्छ। राम्रोसँग व्यवस्थापन गरेका ठूला मुलुकहरू अमेरिका, जर्मनी, क्यानाडा, भारत, अस्ट्रेलिया, स्वीट्जरल्यान्ड, दक्षिण अफ्रिका आदि मुलुकहरू आज विश्वमा सबैभन्दा विकसित र धनी मुलुकहरूको पङ्क्तिमा पनि नदेखिएका होइनन्। यसका सबल पक्ष र

अवसर पनि त्यत्तिकै छन्। राम्रोसँग सङ्घीयताको व्यवस्थापन गरिएका मुलुकहरूमा भने सङ्घीयताले कानुनी शासन र न्यायालयको स्वतन्त्रतालाई सम्मान गर्दै सङ्घीयताको राम्रो सफलता प्राप्त गरी संस्थागत विकाससमेत गरेको देखिन्छ।

समाजको विविधता भएका मुलुकहरूमा सहिष्णुता र समझदारीको राजनीति एवम् संस्कृतिको विकास हुन जान्छ। यसमा जातिगत, भाषिक वा धार्मिक आधारसँगै भौगोलिक, जनसङ्ख्या, ऐतिहासिकता, आर्थिक, राजनीतिक, प्रशासनिक, भौगोलिक अनुकूलता, विशिष्ठतालाई आधार बनाइयो भने मात्र सङ्घहरूमा पनि सांस्कृतिक विविधतामा सहिष्णुता आई सङ्घीय शासन बलियो हुन सक्छ। जाति, जनजाति एवम् अल्पसङ्ख्यकहरूको अधिकारको समेत संरक्षण हुन सक्छ।

## नेपालमा प्रस्तावित सङ्घीय स्वरूप

**जनमुक्ति पार्टी**

२०४७ मा पार्टीको स्थापनाको समयमा नै आफ्नो पार्टीको झन्डामा १२ वटा धर्सो राखेर नेपाललाई १२ प्रान्तको प्रस्ताव प्रस्तुत।

**नेपाल सद्भावना पार्टी**

२०५६ सालको आमनिर्वाचनको घोषणापत्रमा गजेन्द्रनारायण सिंहले नेपाल( लाई पाँच प्रान्त बनाउनुपर्ने धारणा प्रस्तुत।

**किराँत वर्कर्स पार्टी**

नौ राज्य हुनुपर्ने प्रस्ताव।

**नेकपा माओवादी**

११ राज्य, तीन उपराज्य, स्वायत्त राज्य प्रस्तुत जसमा (१) सेती-महाकाली स्वायत्त राज्य, (२) भेरी-कर्णाली स्वायत्त राज्य, (३) मगरात स्वायत्त राज्य, (४) थारुवान स्वायत्त राज्य, (५) तमुवान स्वायत्त राज्य, (६) नेवा: स्वायत्त राज्य, (७) ताम्सालिङ स्वायत्त राज्य, (८) किराँत स्वायत्त राज्य, (९) लिम्बूवान स्वायत्त राज्य, (१०) कोचिला स्वायत्त राज्य, (११) मधेस स्वायत्त राज्य, (क) मिथिला स्वायत्त राज्य, (ख) भोजपुरा स्वायत्त राज्य, (ग) अवधि स्वायत्त राज्य आदि।

**नेकपा एमाले**

१३ वटा राज्य प्रस्ताव। लिम्बूवान वा तमोर, किराँत वा अरुण, विराट वा कोचिला, लुम्बिनी सैलुङ वा ताम्सालिङ, कान्तिपुर वा राजधानी, मिथिला तमूवान वा ल्होसार मगरात वा गण्डक खसान, सेती-महाकाली, थरुहट आदि।

**मजदुर किसान पार्टी**

१४ अञ्चललाई राज्यमा लैजानुपर्ने प्रस्ताव।

**विद्वत् वर्गबाट प्रस्तुत :**

के.बी. गुरुङ : ११ राज्य
गोविन्द न्यौपाने : ११ राज्य
भवानी बराल : १० राज्य
शङ्कर पोखरेल : १५ राज्य
कुमार योन्जन : ११ प्रदेश
अमरेशकुमार सिंह : १२ प्रदेश
श्रीकृष्ण यादव : ७ प्रदेश
अमरेशकुमार झा : ९ प्रदेश
चन्द्रकान्त ज्ञवाली : १ केन्द्र, ७ स्वायत्त राज्य, २५ स्वायत्त भौगोलिक जिल्ला

## घोषणापत्रमा विभिन्न राजनीतिक दलहरूको सङ्घीय राज्यको अवधारणा

**नेकपा माओवादी**

(क) सङ्घीयताको आधारमा :

- बढी वैज्ञानिक र व्यावहारिक आधार 'जातीय पहिचान' नै हो भन्ने ठहर।

जातीय भन्नाले प्रजाति वा नश्ल (Ethnicity or race) वा जातपात (Caste) नभएर साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा मनोवैज्ञानिक बनोट भएको मानिसहरूको स्थिर समूह वा राष्ट्रियता (Nationality) हुनुपर्ने।

(ख) सङ्घीयताको नीति :

उत्पीडित जाति र क्षेत्रहरूको आत्मनिर्णयको अधिकार र यसका आधारमा स्वेच्छिक एकताको नीति हुने।

जातीय तथा क्षेत्रीय स्वायत्त शासनको कार्यक्रम सबैभन्दा वैज्ञानिक हुने।

(ग) सङ्घीय संरचनाको स्वरूप :

राज्य संरचना तीन तहमा

(क) केन्द्र, (ख) स्वायत्त गणराज्य, (ग) स्थानीय तह

नेपाललाई (क) जातीय बनोट, (ख) भौगोलिक अनुकूलकता, (ग) भाषिक आधार, (घ) आर्थिक सम्भावना आधार बनाउने।

राज्यको सीमा आपसी सहमतिमा जातीय बनोट, भाषिक आधार, आर्थिक सम्भावना, भौगोलिक अनुकूलता आदि समेतलाई विचार गरिनेछ।

एउटा राज्यभित्र कुनै अर्को जाति वा जातिहरूका सघन अस्तित्व रहेका इलाका भए त्यहाँ स्थानीय स्तरका स्वायत्त इलाकाहरू निर्माण गर्न सकिने।

नेपालमा सूचीकृत गरिएका जनजातिहरूको सघन बसोबास भएका ठाउँमा स्थानीय स्वायत्त इलाका बन्न सक्ने।

(घ) अधिकार र दायित्व :

केन्द्र, राज्य र स्थानीयको अधिकार संविधानमै सूचीकृत गर्ने।

केन्द्रको अधिकार

सीमा सुरक्षा, सैन्य व्यवस्थापन, वैदेशिक सम्बन्ध, अन्तराज्य व्यापार, मौद्रिक नीति र केन्द्रीय बैंक, भन्सार राजस्व, ठूला जलविद्युत् परियोजना, रेल्वे, हवाई मार्ग, राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, नापतौल आदि।

राज्य र स्थानीय अधिकार

केन्द्रका बाहेक सम्पूर्ण अधिकार राज्य र स्थानीय अधिकार

# घोषणापत्रमा विभिन्न राजनीतिक दलहरूको सङ्घीय राज्यको अवधारणा

### नेकपा माओवादी

**(क) सङ्घीयताको आधारमा**

- बढी वैज्ञानिक र व्यावहारिक आधार 'जातीय पहिचान' नै हो भन्ने ठहर।
- जातीय भन्नाले प्रजाति वा नश्ल (Ethnicity or race) वा जातपात (Caste) नभएर साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा मनोवैज्ञानिक बनोट भएको मानिसहरूको स्थिर समूह वा राष्ट्रियता (Nationality) हुनुपर्ने।

**(ख) सङ्घीयताको नीति**

- उत्पीडित जाति र क्षेत्रहरूको आत्मनिर्णयको अधिकार र यसका आधारमा स्वेच्छिक एकताको नीति हुने।
- जातीय तथा क्षेत्रीय स्वायत्त शासनको कार्यक्रम सबैभन्दा वैज्ञानिक हुने।

**(ग) सङ्घीय संरचनाको स्वरूप**

- राज्य संरचना तीन तहमा (क) केन्द्र, (ख) स्वायत्त गणराज्य, (ग) स्थानीय तह
- नेपाललाई (क) जातीय बनोट, (ख) भौगोलिक अनुकूलकता, (ग) भाषिक आधार, (घ) आर्थिक सम्भावना आधार बनाउने।
- राज्यको सीमा आपसी सहमतिमा जातीय बनोट, भाषिक आधार, आर्थिक सम्भावना, भौगोलिक अनुकूलता आदि समेतलाई विचार गरिनेछ।
- एउटा राज्यभित्र कुनै अर्को जाति वा जातिहरूका सघन अस्तित्व रहेका इलाका भए त्यहाँ स्थानीय स्तरका स्वायत्त इलाकाहरू निर्माण गर्न सकिने।
- नेपालमा सूचीकृत गरिएका जनज( ।तिहरूको सघन बसोबास भएका ठाउँमा स्थानीय स्वायत्त इलाका बन्न सक्ने।

**(घ) अधिकार र दायित्व**

- केन्द्र, राज्य र स्थानीयको अधिकार संविधानमै सूचीकृत गर्ने।

**केन्द्रको अधिकार**

- सीमा सुरक्षा, सैन्य व्यवस्थापन, वैदेशिक सम्बन्ध, अन्तराज्य व्यापार, मौद्रिक नीति र केन्द्रीय बैंक, भन्सार राजस्व, ठूला जलविद्युत् परियोजना, रेल्वे, हवाई मार्ग, राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, नापतौल आदि।

**राज्य र स्थानीय अधिकार**

- केन्द्रका बाहेक सम्पूर्ण अधिकार राज्य र स्थानीय अधिकार

### नेकपा एमालेको धारणा

**(क) सङ्घीय संरचना र शासन प्रणाली :**

- मुलुकमा जातीय, भाषिक, सांस्कृतिक र भौगोलिक विशिष्ठताका आधारमा सङ्घीय संरचनाको विकास गरिने।
- नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषता र विविध भौगोलिक विशिष्ठतामा आधारित अखण्ड र अविभाज्य राज्य-राष्ट्रका रूपमा रहने।
- सङ्घीय संरचना निर्माण गर्दा : (क) जातिगत सघनता, (ख) भाषिक एकरूपता, (ग) सांस्कृतिक विशेषता, (घ) ऐतिहासिकता, (ङ) विशिष्ठ भौगोलिक क्षेत्रलाई सकेसम्म एउटै एकाइमा आबद्ध गर्ने नीति अवलम्बन गर्ने।
- सङ्घीय प्रदेश र स्थानीय एकाइहरूको राजनीतिक र प्रशासनिक सिमाना र संरचनालाई निर्माण गर्दा भौगोलिक अवस्थिति, जनसङ्ख्या र जातिगत बसोबासको अवस्था, मातृभाषा र भाषा प्रयोगको अवस्था, सांस्कृतिक विशेष, प्रशासनिक सुगमता, आर्थिक, सामाजिक अन्तरसम्बन्ध, सामर्थ्य सम्भाव्यता, प्राकृतिक स्रोत-साधनको उपलब्धता र ऐतिहासिकतालाई आधार बनाइने।
- ती सङ्घीय एवम् स्थानीय एकाइहरू बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक हुनेछन्।
- सङ्घीय संरचना अन्तर्गत स्वायत्त स्वशासित स्थानीय निकाय गठनका लागि उच्चस्तरीय संवैधानिक आयोगको गठन गरिने।
- सङ्घीय एकाइहरू आफैँमा स्वायत्त र परिभाषिक सीमाभित्र आत्मनिर्णयको अधिकारले सम्पन्न हुनेछन्।
- संविधानमा नै स्पष्ट रूपमा उल्लेख हुने गरी अधिकार र दायित्वको बाँडफाँट गरिएको केन्द्र, प्रदेश र स्थानीय निकाय गरी तीन तहमा शासनको ढाँचा विकास गरिने। तीनवटै तहबीच सहयोगात्मक र समन्वयात्मक सम्बन्ध हुनेछ।

**केन्द्रको अधिकार**

- राष्ट्रिय सुरक्षा, वैदेशिक सम्बन्ध, मौद्रिक नीति र केन्द्रीय बैंक, रेल्वे, हवाई मार्ग, राष्ट्रिय मार्गहरू, केन्द्रीय विश्वविद्यालय, मानवअधिकार र मौलिक हकको रक्षा।
- सर्वोच्च अदालत, भन्सार, राजस्व, ठूला जलविद्युत्, बहुप्रान्तीय आयोजनाको निर्माण र सञ्चालन सम्पदाहरूको बाँडफाँट र प्रान्तीय विवादहरूको समाधान।

**प्रदेशको अधिकार**

- प्रादेशिक अदालत, प्रादेशिक सेवा आयोग सार्वजनिक सुरक्षा, उद्योग व्यापार, श्रम व्यवस्था, शिक्षा र स्वास्थ्यको प्रबन्ध, स्थानीय प्राकृतिक स्रोत र साधनको संरक्षण र विकास, सम्पदाको संरक्षण आदि।

**स्थानीय अधिकार**

- स्थानीय सडक र ग्रामीण यातायात, ग्यास, जल आपूर्ति, सरसफाइ, स्थानीय कर, सार्वजनिक शिक्षा र स्वास्थ्यको प्रबन्ध।
- स्थानीय प्राकृतिक स्रोत र साधनको संरक्षण आदि।

**(ख) शासनको स्वरूप :**

- शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा राज्यको केन्द्रीय संरचनाको विकास गरिने।
- केन्द्रमा दुई सदन रहने, प्रदेशमा एउटा विधायिका रहने।
- स्थानीय तह गाउँ र नगरमा निर्वाचित जनप्रतिनिधिमूलक निकाय रहने।
- राष्ट्रियसभाको निर्वाचन सबै सङ्घीय एकाइहरूबाट गरिनेछ भने

नेपालले पनि १० वर्षे माओवादी सशस्त्र जनयुद्ध रोक्न, राजाको निरङ्कुश शासन ब्यवस्था अन्त्य गर्न र तराईको जनआन्दोलनलाई रोक्न हतार-हतारमा कुनै गृहकार्यबिना नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा जाने निर्णय अन्तरिम संविधानको तेस्रो र पाँचौं संशोधनपछि गरेको छ। सोही मोडेलको संविधान निर्माण भएपछि स्वतः नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बन्नेछ।

प्रतिनिधिसभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीका आधारमा आमजनताबाट गरिने।

- प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष बालिग मताधिकारका आधारमा आमजनताबाट गरिने।
- राष्ट्रप्रमुखको निर्वाचन केन्द्रीय संसद्का दुवै सदनको सदस्यहरूबाट र प्रादेशिक संसद्का सदस्यहरू रहेको निर्वाचन मण्डलबाट स्पष्ट बहुमत वा ५० प्रतिशत जोड एक आधारमा निर्वाचन गरिनेछ।
- केन्द्रीय संसद्, प्रादेशिक विधायिका र स्थानीय निकायको निर्वाचनमा विविधता कायम गरिनेछ।

### नेपाली काङ्ग्रेसको धारणा

(क) **सङ्घीय लोकतन्त्र** :

- नेपालका आदिवासी, जनजाति, मधेसीलगायत विभिन्न क्षेत्रबाट पहिचान र स्वयात्तताको आकाङ्क्षासहित मुखरित भएको सङ्घीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य संरचनाको भागलाई संवैधानिक प्रणालीमा मूर्त रूप दिने।
- लोकतान्त्रिक शासन प्रणालीसहितको स्वायत्त प्रदेशहरूको सङ्घको स्थापना अखण्ड, अभिभाज्य, सार्वभौम सत्तासम्पन्न सङ्घीय गणतन्त्रात्मक नेपालको निर्माण गरिने।
- केन्द्रीय प्रदेश र स्थानीय सरकार गरी तीन तहको सरकारको व्यवस्था।
- प्रदेशको प्रमुखताका आधारमा।
- राष्ट्रिय अखण्डता, भौगोलिक अवस्थिति र अनुकूलता, जनसङ्ख्या, प्राकृतिक स्रोत र आर्थिक सम्भाव्यता, प्रदेशहरूको अन्तरसम्बनध, भाषिक/जातीय एवम् सांस्कृतिक सघनता, राजनीतिक-प्रशासनिक सम्भाव्यता आदि।
- केन्द्रीय राजस्व र अनुदानका लागि वित्तीय आयोगको गठन।
- प्रदेश अन्तर्गत स्वशासनको अधिकारसहितका गाउँ र नगरमा स्थानीय स्वायत्त सरकारको पुन:संरचना गरिने।
- केन्द्रमा दुई सदन, प्रदेशमा एक सदन।
- माथिल्लो सदनमा सबै प्रदेशको समान प्रतिनिधित्व हुने।
- तल्लो सदन र प्रादेशिक संसद्मा ३३% महिलासहित मिश्रित निर्वाचन पद्धति हुने।
- समावेशी समानुपातिक प्रतिनिधित्व हरेक निकायमा हुने।
- केन्द्रमा कार्यपालिकाप्रमुख प्रधानमन्त्री, प्रदेशमा प्रदेशप्रमुख रहने।
- **सकारात्मक विभेद** : निर्णय प्रक्रियामा पहुँच र सहभागिता समावेशी ढाँचामा हुने।

  समावेशी लोकतन्त्रको विकास गरिने।

### जनमोर्चा नेपालको धारणा

- जसको जोत उसको पोतका आधारमा भूमि सुधार।
- नेपाली सेना र माओवादी सेना समायोजन गरी राष्ट्रिय सेना निर्माण।
- कार्यकारी राष्ट्रपति र व्यवस्थापिका-संसद्प्रति उत्तरदायी प्रधानमन्त्री।
- जनमुखी सङ्घीय लोकतान्त्रिक गणतन्त्र।

### नेपाल मजदुर किसान पार्टीको धारणा

- १४ अञ्चललाई नै राज्य निर्माण गर्नुपर्ने।

जाति/जनजातिको जनसङ्ख्या, मातृभाषाको जनसङ्ख्या, मधेसी जनजातिको जनसङ्ख्या र मातृभाषालाई हेर्ने हो भने पनि नेपालमा कोही पनि बहुमतमा रहेको देखिँदैनन्। जनजातिहरूमा नेपालका विभिन्न क्षेत्रहरूमा रहेका आदिवासी जनजातिहरूसमेत आफ्नो क्षेत्रमा समेत बहुमतमा रहेका देखिँदैनन्। जस्तै, (१) लिम्बू : ताप्लेजुङ, पाँचथर र फिदिम तीन जिल्ला। (२) राई : इलाम, खोटाङ, सङ्खुवासभा, भोजपुर, रामेछाम, सोलुखुम्बु छ जिल्ला। (३) गुरुङ : मनाङ, मुस्ताङ, स्याङ्जा, लमजुङ, गोरखा, कास्की छ जिल्ला। (४) तामाङ : धादिङ, मकवानपुर, काभ्रे, सिन्धुली, सिन्धुपाल्चोक, रसुवा छ जिल्ला (५) नेवार : काठमाडौं, ललितपुर र भक्तपुर तीन जिल्ला। (६) मगर : नवलपरासी, पाल्पा, गुल्मी, प्यूठान, रोल्पा, रुकुम, तनहुँ, म्याग्दी गरी आठ जिल्लामा समेत बहुमत नरहेको अवस्था रहेको र मधेसीहरूको समेत बहुमत नरहेको हुँदा उनीहरूलाई स्वायत्त क्षेत्र सुम्पिँदासमेत अन्य जातजाति, जनजाति आत्मनिर्णयको अधिकारबाट वञ्चित हुन जाने हुन्छन्। त्यसैले एक जाति विशेषलाई राज्यको स्वायत्तता नछुट्टाई सबै जातजातिको स्वायत्त प्रदेश छुट्याई विकासको अधिकार (Right to Development) को अधिकार दिई आत्मनिर्णयको प्रत्याभूति दिनुपर्छ। स्वायत्त क्षेत्रबाहेक साधन, स्रोतले सम्पन्न हालका ५८ नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकाको सङ्ख्या बढाउँदै लैजान सकिन्छ। गाउँ विकास समिति हालकै सङ्ख्यामा राख्नुभन्दा घटाउनु नै उपयुक्त हुनेछ।

### नेपालको अन्तरिम संविधानमा राज्यको ढाँचा र सङ्घीय प्रणालीको अवधारणा

राज्यको अग्रगामी पुन:संरचना गर्दा (धारा १३८)मा वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र सङ्घीय शासन

**नेपालमा सङ्घीयको प्रकार कस्तो हुने ? यसका अधिकारका बाँडफाँट सिद्धान्तहरु के के हुने ? भन्ने कुरामा सरकारले कुनै खाका तयार गर्न सकेको छैन। जाति, जनजाति, मधेसी, महिलालगायत सबैलाई समेट्ने गरी आत्मनिर्णयको अधिकारसहितको स्वायत्त प्रदेश निर्माण गरिनु पर्छ भन्ने आवाज उठे पनि राज्यले त्यसलाई सम्बोधन गर्न सकिरहेको छैन।**

प्रणालीसहितको अग्रगामी पुन:संरचना गरिनेछ। मधेसी जनतालगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रको जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ। प्रदेशहरू स्वायत्त र अधिकारसम्पन्न हुनेछन्। नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरूको सीमा, सङ्ख्या नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण साधन स्रोत र अधिकारको बाँडफाँट संविधानसभाबाट निर्धारण गरिनेछ। (पाँचौं संशोधन, २०६५/३/२९) राज्यको पुन:संरचना गर्नका लागि सुझाव दिन उच्चस्तरीय आयोगको गठन गरिनेछ। राज्यको पुन:संरचना तथा सङ्घीय शासन प्रणालीको स्वरूपसम्बन्धी विषयको अन्तरिम टुङ्गो संविधानसभाले निर्धारण गरेबमोजिम हुनेछ भनिएको छ।

**सङ्घीय संरचना तयार गर्दा अपनाउनुपर्ने मुख्य आधार**

नेपालमा सङ्घीयको प्रकार कस्तो हुने ? यसका अधिकारका बाँडफाँट सिद्धान्तहरू के के हुने ? भन्ने कुरामा सरकारले कुनै खाका तयार गर्न सकेको छैन। जाति, जनजाति, मधेसी, महिलालगायत सबैलाई समेट्ने गरी आत्मनिर्णयको अधिकारसहितको स्वायत्त प्रदेश निर्माण गरिनु पर्छ भन्ने आवाज उठे पनि राज्यले त्यसलाई सम्बोधन गर्न सकिरहेको छैन। जे भए तापनि सङ्घीय राज्यको संरचना गर्दा निम्न कुरामा ध्यान दिनुपर्दछ।

(क) स्वायत्त प्रदेशहरूको संरचना एवम् सीमा।
(ख) प्रदेशहरूको सङ्ख्या।
(ग) प्रदेशहरूको नाम र संरचना।
(घ) केन्द्र र प्रदेशहरूका अधिकारका सूचीहरूको विवरण।
(ङ) साधन र स्रोतहरूका आधारमा अधिकारको बाँडफाँट।

**(क) स्वायत्त प्रदेशहरूको संरचना।**

- भौगोलिक अवस्थिति।
- जातीय बसोबास सघनता।
- प्रशासनिक सुगमता।
- ऐतिहासिकता।
- भाषिक सघनता।
- प्राकृतिक स्रोत र साधनको उपलब्धताको सन्तुलनमा।
- जनसङ्ख्या सघनता आदि।

**(ख) प्रदेशहरूको सङ्ख्या**

- नेपालमा १ सय २२ भाषाभाषी, १ सय १३ जनजाति, ४ वर्ण ३६ जात, ५६ मधेसी समुदायहरू, २४ दलितहरू, ४ धर्म आदि जाति जनजाति, भाषाभाषि, धर्म, सम्प्रदाय आदिको विविधतालाई समेट्ने, समन्वय गर्ने र प्रतिनिधित्व हुने गरी उनीहरूलाई भौगोलिक, प्रशासनिक सुगमता हुने गरी सात प्रदेशको सङ्ख्या किटान गर्नु जरुरी देखिन्छ।

**(ग) प्रदेशहरूको नाम र संरचना**

- प्रदेशहरूको भूगोल, नदी, धार्मिक स्थल, ऐतिहासिकता, आर्थिक सम्भाव्यताका आधारमा नामकरण गरी केन्द्र, प्रान्त र स्थानीयसमेत तीन तहको संरचना बना( उँदा उपयुक्त हुन सक्छ।

**(घ) साधन र स्रोतका आधारमा अधिकारको बाँडफाँट**

- प्राकृतिक स्रोत, साधन, भीर, पाखो, पखेरो, हिमाल, पहाड, तराई, खनिज पदार्थ, नदीनाला, वनजङ्गल आदिलाई मिलाई अधिकार बाँडफाँट गर्नुपर्ने।

**निष्कर्ष**

अत: अन्तरिम संविधानको तेस्रो संशोधनले मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा जान प्रस्ताव गरिएको छ। संविधानसभाको पहिलो बैठकले यसलाई अनुमोदन गरेपछि मुलुक विश्वको २६औं राष्ट्रमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति अँगाल्ने मुलुकका रूपमा स्थापित भएको छ। उच्चस्तरीय आयोगले दिएको खाकाका आधारमा सङ्घहरू गठन गरी संविधानमा लिपिबद्ध गरियो भने सङ्घीय शासन पद्धतिको संस्थागत विकास हुनसक्छ। राम्रोसँग सङ्घीयको व्यवस्थापन गरियो भने सङ्घीयताबाट देश टुक्रिने डरभन्दा शक्तिको बाँडफाँट केन्द्र, राज्य र स्थानीय तहमा समानुपातिक रूपमा भई देश विकासको धरोहरमा पदार्पण गर्न सक्छ।


*e-mail : nepal ckg@yahoo.com*

मानवअधिकारका विविध सवालहरू समेटेर तयार पारिएको



सुन्न नभुल्नु होला।
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
www.inseconline.org

# मुलुकलाई बचाउने हो भने सङ्घीयतामा जान र लानबाट बचाउनु पर्छ



**चित्रबहादुर के.सी.**
अध्यक्ष
राष्ट्रिय जनमोर्चा नेपाल

**देश सङ्घीय संरचनामा जाने निश्चित भइसकेपछि यसको विरोध गर्नुको औचित्य के छ ?**

देश सङ्घीय संरचनामा जाने र आफ्नो अस्तित्व नै अन्त्य हुने स्थिति देखिसकेपछि आँखा चिम्लेर समर्थन गर्नुको के अर्थ हुन्छ ? नेपालमा सङ्घीय प्रणाली उपयुक्त हुन्छ कि एकात्मक प्रणाली भनेर निर्णय गर्ने अधिकार संविधानसभाको हो। संविधानसभाको अधिकारमाथि तत्कालीन सात दलले अतिक्रमण गरे र सङ्घीय प्रणाली नेपाली जनतामाथि लादियो। त्यसकारण अन्तरिम संविधानमा सङ्घीय प्रणाली लेखिए पनि त्यो खारेज हुनुपर्छ र अब बन्ने नयाँ संविधानमा प्रजातान्त्रिक विकेन्द्रीकरणसहितको एकात्मक गणराज्यको व्यवस्था हुनुपर्छ।

नेपालको राष्ट्रिय अखण्डता र सार्वभौमिकता अहिले सबभन्दा बढी खतरनाक मोडमा पुगेको छ। यस्तो स्थितिमा मुलुकलाई बचाउने हो भने सङ्घीयतामा जान र लानबाट बचाउनु पर्छ। सङ्घीयता नेपाल र नेपालीलाई होइन, अन्य बाह्य शक्तिलाई चाहिएर थोपरिएको हो।

**सङ्घीयताको विरोध गर्नुको साटो देश विखण्डन नहुने र देशलाई फाइदा पुग्ने हिसाबले सङ्घहरूको विभाजनमा सहयोग गर्दा राम्रो हुने यहाँहरूलाई लाग्दैन ?**

दुई वा दुईभन्दा बढी सार्वभौमसत्ता सम्पन्न राष्ट्रहरू मिलेर बन्ने प्रणाली सङ्घीय प्रणाली हो। परापूर्वकालदेखि एकढिक्का भएर रहेको सिङ्गो राष्ट्रलाई कृत्रिम तरिकाले विभाजित गरेर सार्वभौमसत्ताको बाँडफाँट गर्न नेपालका केही राजनीतिक पार्टीहरू, नागरिक समाज र जातीय राजनीति गरेर गैरसरकारी संस्थाबाट पालिएका मानिसहरूबाट यो नारा चर्को रूपमा उठाइएको छ। त्यसकारण मुलुक विखण्डन नगरेर सङ्घीय प्रणाली लागू गर्ने भन्ने कुरा हास्यास्पद कुरा हो। जातीय आधारमा सङ्घीय प्रणाली नअपनाए पनि सार्वभौमसत्ता विभाजित गरे नै सङ्घीय प्रणाली बन्छ। त्यसकारण तपाईं कुनै पनि हालतमा मुलुकलाई विखण्डनबाट जोगाउन सक्नुहुन्न। आर्थिक रूपले पनि नेपालमा सङ्घीय प्रणाली चल्न सक्दैन। कमजोर प्रान्तलाई जुन देशले आर्थिक मद्दत गर्छ, त्यसैको गुलाम हुन्छ र कालान्तरमा जसले मद्दत गर्छ, उसैमा विलीन हुने निश्चित छ।

**अहिले विभिन्न राजनीतिक दलहरूले संविधानमा सङ्घीयताका बारेमा जुन खाका संसदीय समितिमा बुझाएका छन्, यसलाई तपाईंहरूले कसरी लिनुभएको छ ?**

सङ्घीयता मान्ने दलहरूले जुन प्रकारका खाका अहिले संवैधानिक समितिमा पेस गरेका छन्, त्यसको गहिरो अध्ययन गर्ने हो भने मुलुक विभाजित हुने, यसको अस्तित्व ढिलोचाँडो नामेट हुने स्थिति देखिन्छ। किनभने, नेपाललाई तीनतिरबाट भारतले अतिक्रमण गरिसकेको छ। त्यसकारण पनि जातीय आधारमा सङ्घीयता आत्मनिर्णय र एक मधेस पूर्ण स्वायत्त प्रदेशसित जोडिएर आएको छ।

कतिपय पार्टीहरूले सङ्घीय प्रणालीमा देश गयो भने सबै वर्ग, क्षेत्र, जाति, जनजाति, दलित र महिलाको चौतर्फी विकास हुनसक्छ भन्ने नियतले काम गरेको छ। राजनीतिमा नियतले होइन, परिणामको हिसाबले सोच्नुपर्छ। पार्टीहरू आफैँ पनि गम्भीर भएर पुनःविचार गर्नुपर्छ भन्ने मेरो सुझाव छ।

**देश सङ्घीय संरचनामा प्रवेश गर्दाका मुख्य बेफाइदाहरू के के हुन् ?**

सार्वभौमसत्ता विभाजित हुन्छ। राष्ट्रिय पार्टीहरू टुक्रिएर इलाकीय, क्षेत्रीय, प्रान्तीय र जातीय पार्टीमा विभाजित हुन्छन्। सम्पूर्ण देशको पक्षमा होइन कि आफ्ना व्यक्तिगत र गुटगत स्वार्थ पूरा गर्न नेताहरू लाग्ने स्पष्ट देखिन्छ। हरेक जातिमा शोषक र शोषित हुन्छन्। प्रत्येक जातिका शोषित एक भएर हरेक जातिका शोषकहरूले गर्दै आएको शोषणको अन्त्य गर्न वर्गसङ्घर्षको आवश्यकता हुन्छ। सङ्घीय व्यवस्थाले वर्गसङ्घर्षलाई गौण र जातीय सङ्घर्षलाई प्रधान बनाउँछ। हिजोका सामन्ती र शोषकहरूले इलाकीय रूपमा आफ्ना शोषण कायम राख्छन्।

प्राकृतिक स्रोतमाथिको अंशबण्डा केन्द्र र प्रान्तबीच निरन्तर चलिरहन्छ। प्राकृतिक स्रोतसाधनले सम्पन्न प्रान्तहरू झन् सम्पन्न हुँदै जान्छन् र कमजोर प्रान्तहरू झन् गरिब हुँदै जान्छन् र कालान्तरमा मूलप्रवाहबाट अलग हुने अवस्था आउँछ। संसारका एक दर्जनभन्दा बढी देशहरूमा यो अवस्था देखिएको छ। कुन प्रणालीले देश अग्रगतितिर बढ्छ भन्ने भन्दा देशमा कुन वर्गको हातमा राज्यसत्ता छ भन्ने कुराले निर्णयात्मक महत्त्व राख्छ।


**सङ्घीयताको विवादले संविधान निर्माण प्रक्रियालाई कस्तो असर पार्ला ?**

देशको विकास नभएको सामन्ती नोकरशाही भ्रष्ट व्यवस्थाका कारणले हो, एकात्मक व्यवस्थाका कारणले होइन। त्यसकारण अब बन्ने संविधान सङ्घात्मक होइन, स्थानीय स्वशासनसहितको विकेन्द्रीकरणमा आधारित एकात्मक गणराज्यको निम्ति नयाँ संविधानमा कुन प्रकारको सङ्घीय प्रणाली राख्ने, राज्यको प्राकृतिक साधनस्रोतको बाँडफाँट कसरी गर्ने हरेक पार्टीहरूले खडा गरेका लडाकूहरूलाई कसरी व्यवस्थापन गर्ने ? कथित जनयुद्धका नाममा भएका विदेशीहरूको संलग्नताबाट कसरी मुक्ति पाउने आदि कारणले नयाँ संविधान निर्माणमा असाध्य बाधा देखिन्छ। तैपनि, नयाँ संविधान बन्नै सक्दैन भनेर अहिले पनि निष्कर्ष निकाली हाल्नुहुन्न।

**प्रस्तुतीः गोपिकृष्ण भट्टराई**

# तथ्य र मनोविज्ञानलाई एक स्थानमा राखेर सङ्घीयताको निर्धारण गर्नुपर्छ

**सङ्घहरुलाई अधिकारहरु कति दिने, के हुने विषयमा विवाद हुनुपर्नेमा के आधारमा सङ्घीयता निर्माण गर्ने, यसका नामहरु केबाट राख्ने विषयमा विवाद छ। अहिले मान्छेको ध्यान सङ्घीय राज्यको सिमानामा केन्द्रित भएको अवस्था छ। मान्छेले खोजेको सिमाना होइन, खोजेको त अधिकार हो।**



सुरेन्द्र पाण्डे
केन्द्रीय सदस्य
नेकपा (एमाले)

**देशलाई सङ्घहरूमा विभाजन गर्दा के आधारमा विभाजन गरिनुपर्छ ?**

सङ्घीयतामा जाँदा निरूपण गर्नुपर्ने केही विषयहरू छन्। सङ्घीयतामा जाँदा कतिओटा प्रदेश बनाउने ? के आधारमा सङ्घको निर्माण गर्ने भन्नेजस्ता विषय सङ्घीयतामा जाँदा निरूपण गर्नुपर्ने विषयहरू हुन्। नेपालसहितलाई हेर्ने हो भने अहिले करिब २९ ओटा देशहरू सङ्घीय छन्। यी देशहरू कतिपय सङ्घीयताको प्रक्रियामा छन् भने कतिपय देशहरू पूर्णरूपमा सङ्घीय बनिसकेका छन्। केही देशहरूमा बाहेक धेरै राज्यहरूमा कस्ता प्रकारका सङ्घीय एकाइहरू बनाउने भन्ने विषय आइपरेको थिएन। जस्तो अमेरिका १३ ओटा औपनिवेशिक देशहरू मिलेर एउटा सङ्घीय राज्य बनेको हो। बेलायती कोलनीका विरुद्धमा लडेर मुक्त भएपछि ती १३ ओटा राज्य मिलेर संवैधानिक सम्मेलन गरी अन्य साम्राज्यवादी देशबाट जोगिन एउटा स्वतन्त्र देश बनाएका थिए। त्यहाँ अलगअलग राज्य थिए, त्यसकारण त्यहाँ नाम र सिमानाको विषयमा विवाद भएन। अमेरिका 'कमिङ् टूगेदर फेड्रालिजम'बाट बनेको सङ्घीय देश हो। यस्तो परिस्थिति नेपालको छैन। नेपालमा सङ्घीयतामा जाँदा यस आधारमा सिमाना हुनुपर्छ भन्ने आधार छैन। तसर्थ, सबैभन्दा पहिला सङ्घीयतामा जाँदा सङ्घीय राज्यको भौगोलिक सिमाना कस्तो हुन्छ ? सङ्ख्या कतिओटा हुन्छ ? नाम के के राख्ने ? अधिकारहरू कसरी विभाजित गर्ने ? कस्ता प्रकृतिका सङ्गठनात्मक संरचनाहरू निर्माण गर्ने ? अधिकारहरू कति अवधिसम्म तलसम्म हस्तान्तरण गरिसक्ने ? यी विषयहरू संविधानमा उल्लेख गर्नुपर्ने हुन्छ। केही विषयहरू संविधान जारी हुने बखत र केही विषयहरू संविधान जारी भएपछि कार्यान्वनयको प्रक्रियामा टुङ्गिँदै जान्छन्। अर्थात्, एउटा सङ्घीयता विशेषता बोकेर जान्छ र अर्को अधिकारको निक्षेपणको विषय पनि सङ्घीयताले बोकेर जान्छ। हामीले तलबाट विस्तार भएर सङ्घीयता निर्माण गर्न खोजेको होइन। हामी माथिबाट तल लान खोजिरहेका छौं।

सङ्घहरूलाई अधिकारहरू कति दिने, के हुने विषयमा विवाद हुनुपर्नेमा के आधारमा सङ्घीयता निर्माण गर्ने, यसका नामहरू केबाट राख्ने विषयमा विवाद छ। अहिले मान्छेको ध्यान सङ्घीय राज्यको सिमानामा केन्द्रित भएको अवस्था छ। मान्छेले खोजेको सिमाना होइन, खोजेको त अधिकार हो। यो सम्पूर्ण प्रक्रिया नै के हो भने सङ्घीयता किन चाहिएको भन्दा हामीलाई विभिन्न रूपमा राज्य पछाडि पारियो र कमजोर बनाइयो, कुनै समुदाय, क्षेत्रले हामी पछाडि पर्‍यौं वा पारियौं र त्यो पछाडि परेको वा पारिएका कारणहरू अन्त्य हुनुपर्‍यो भनी, अधिकारहरू सबैसँग बराबर हुनुपर्‍यो भनी हामीले लडाइँ लडिरहेका छौं भने अहिले हामी सिमाना, नामको विषयमा बहस गरिरहेका छौं। तर, सिमाना वा नामले कुनै तात्त्विक अर्थ राख्दैन। भोलि प्राकृतिक स्रोत बाँडफाँटका विषयहरू आइपर्ला। अधिकारको बाँडफाँटको विषयमा विवाद आउला। त्यो विषयमा भोलि हामीले प्रवेश गर्नुपर्ने हुन्छ। अहिले हामी त्यो विषयमा प्रवेश नै गरेका छैनौं। अहिले सङ्घीयताको विषयमा सबै सतही रूपमा मात्र दौडिएका छन्।

**सङ्घीयताका बारेमा सबैले आ-आफ्नो धारणा प्रस्तुत गरिसकेको र हाल दलहरूका बीचमा समेत यस विषयमा एकरूपता नदेखिएको अवस्थामा यसको मिलनविन्दु के हुनसक्ला र यसले संविधान निर्माण प्रक्रियामा कस्तो असर पार्ला ?**

निश्चय नै एकरूपता नभएको अवस्थामा संविधान निर्माण प्रक्रियामा यसले असर पार्न सक्छ। मेरो विचारमा एकरूपता नहुनु स्वाभाविक हो। यसमा अन्तरविरोध देख्न आवश्यक छैन। किनभने, को मान्छे हो र को पार्टी हो, जसले यतिओटा राज्य हुनुपर्छ र निर्णय गर्न सक्छ। तसर्थ, कुनै एक मान्छे धार्मिक छ भने देउताको वाणी हो भनी स्वीकार गर्छ। हामी मान्छे हौं र पार्टीहरू पनि राजनीतिक वा कानुनी भाषामा मान्छे नै हो। पार्टी पनि एक अर्थमा राजनीतिक मान्छे हो। तसर्थ, यो मानिसहरूबीचको विवाद हो। मानिसहरूबीच विभिन्न विचारहरू छन्। त्यो विचारलाई स्वाभाविक रूपमा टुङ्गोमा पुग्ने तरिका भनेको छलफल गर्ने, केही आफ्ना लिने, केही आफ्ना छोड्ने

परिस्थिति निर्माण हुनेछ। कोहीसँग पनि यो नै सत्य हो भन्ने आधार छैन। सङ्घीयतामा जाँदा तीन-चारओटा विषयहरू उठेका छन्। अहिले सङ्घीयतामा जाँदा पूर्वदेखि पश्चिमबीच चिरा गर्नुपर्छ। हिमाल, पहाड र मधेस तीनओटा प्रदेश हुनुपर्छ। यसमा मधेसवादी दल तथा तिनका बुद्धिजीवीहरूको के तर्क देखिन्छ भने अरू कुरा हामीलाई थाहा छैन, मधेसमा पूर्वदेखि पश्चिम एक मधेस हुनुपर्छ। फेरि त्यही मधेसमा बस्ने थारूले आफ्नो छुट्टै राज्य हुनुपर्छ भन्छ। मधेसवादी दलले मधेसीको अधिकार विषयमा निर्णय गर्ने अधिकार मधेसीको हो भन्छन् भने त्यहाँ रहेका थारूहरूको विषयमा निर्णय गर्ने अधिकार थारूहरूको हो कि होइन ? त्यसकारण एक मधेसको विषय पनि विवादरहित रहेन। मधेसमा पनि एकमत रहेनछ। त्यसकारण एउटाले भनेको विषय अर्कोले नमान्नासाथ निर्णय गर्ने कसरी ? त्यस्ता विवाद निराकरण गर्न केही तरिकाहरू त अवलम्बन गर्नुपर्ला ? त्यसकारण कसैले केही विषय छोड्नुपर्ला, कसैले केही विषय समावेश गर्नुपर्ला ? कुनै कुरा विवादरहित छैन। समुदायगत रूपमा यो यो मेरो भनेर बहस गरिरहेका छन्, त्यहाँ पनि एकरूपता छैन। यसकारण एक कोणबाट छलफल गरेर हुने विषय यो होइन। कतिले उत्तर र दक्षिण चिर्नुपर्छ भनिरहेका छन्। केही यो त महेन्द्रवादी विचार हो भन्छन्। म त सबैमा महेन्द्रवाद देख्छु। मेधेसीभित्र पनि महेन्द्रवाद छ। उनीहरू पूर्व-पश्चिम चिर्ने महेन्द्रवाद ल्याउँछन्। पहाडीहरूमा उत्तर-दक्षिण चिर्ने महेन्द्रवाद छ। अब कुनै पनि प्रकृतिको महेन्द्रवाद काम छैन।

कसैले जातीय उत्पीडन भयो, कसैले भाषिक उत्पीडन भयो, कसैले सांस्कृतिक उत्पीडन भयो त्यसकारण हामीलाई सङ्घीयता चाहियो भनेका छन्। यी विभिन्न मुद्दा र विषयमा हामी सङ्घीयताको विषयमा प्रवेश गरेका छौँ। त्यसो हो भने ती सबैलाई सम्बोधन गर्ने साझा आधारहरू के के हुन् ? ती साझा आधारहरू पत्ता लगाउनुपर्छ र त्यही साझा आधारमा सङ्घीय एकाइहरू निर्माण गर्नुपर्छ। ताकि सङ्घीय राज्यमा जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीयताको आधारमा कसैले म उत्पीडनमा परेँ भनेर भन्नु नपरोस्। कसैले विकासको अधिकारबाट वञ्चित हुनु नपरोस्, मेरो इतिहास लोप भयो भनेर भन्नु नपरोस्। तसर्थ, यिनै विषयलाई सम्बोधन गर्ने गरी सङ्घीयतामा जानुपर्छ। यसमा फेरि व्यक्तिको मनोविज्ञान पनि जोडिएको छ। मनोविज्ञान सम्बोधन नगरी सङ्घीयतामा गए व्यस्थापन गर्न गाह्रो हुन्छ। मनोविज्ञान भनेको कसैले पहाडीबाट हेपियो भन्ने महसुस गरेको छ वा कसैले मधेसीबाट हेपिएको अवस्था महसुस गरेको छ। कसैले राई-राई वा लिम्बू-लिम्बू मिलेर राज्य बनायो भने विकास हुन्छ भन्ने महसुस गरेका छन्। एकै जाति भएको स्थानको विकास सबभन्दा कम भएको हामी पाउँछौँ भने मिश्रित बसोबास भएको स्थान सबैभन्दा बढी विकास भएको छ। हामी अमेरिकालाई हेर्न सक्छौँ। एउटा जाति वा समुदाय मात्रै मिलेर बसेको स्थानको विकास कम भएको हामी पाउँछौँ। त्यसकारण सङ्घीय एकाइ निर्माण गर्दा यी सबै तत्त्वहरूलाई एक ठाउँमा राखौँ र तथ्यलाई अगाडि सारी त्यसको सम्बोधन कुन विधिबाट हुन्छ, त्यो निर्क्योल गरौँ। कतिपयले लिम्बूवान बनाउँछु भन्छन्। तर, तथ्यले के भन्छ भने लिम्बू बाहुल्य भनेकै स्थानमा त्यस जातिको उपस्थिति ३० प्रतिशत छ। यस्तो अवस्थामा एउटा जातिको मात्रै राज्य बन्छ कि बन्दैन ? राईको सघनता भएका स्थानमा करिब २० प्रतिशत मात्र राई छन्। सेती, महाकाली र भेरीलाई छाडेर कुनै पनि स्थानमा कुनै एक जाति विशेषको बाहुल्य रहेको छैन। त्यसो भए हाम्रो देशमा जातीय बहुलताको आधारमा कुनै एकाइ बन्न सक्छ ? म त्यस्तो देख्दिनँ। प्रत्येक गाउँ, क्षेत्र बहुजातीय हुनेछन् र एउटा जातिको बहुमत हुने अवस्था पनि हुँदैन। तथ्य र मनोविज्ञानलाई एक स्थानमा राखेर सङ्घीयताको निर्धारण गर्नुपर्छ।

**सङ्घीयताले देश टुक्र्याउछ र नेपालजस्तो भौगोलिक विविधतायुक्त देशलाई सङ्घीयता नभई स्वायत्तता दिइनुपर्छ भन्ने मान्यतालाई यहााले कसरी खण्डन गर्नुहुन्छ ?**

सङ्घीयताले देश टुक्राउँछ भन्ने विषय म मान्दिनँ। सङ्घीय् राज्य होइन, एकात्मक राज्य पनि टुक्रिन सक्छ। एकात्मक राज्य टुक्रिएका उदाहरणहरू छन् भने सङ्घीय राज्य पनि टुक्रिएका उदाहरणहरू छन्। गलत व्यवस्थापन भयो भने, सङ्घीयताको उद्देश्य नै गलत भयो भने वा कुनै विषयमा समझदारी राख्न सकिएन भने दुर्घटना हुन सक्छ। तर, सङ्घीयता आफैँले दुर्घटना निम्त्याउँछ भन्ने होइन। सङ्घीयताको विज्ञ भन्नेहरूले साँचो रूपमा सङ्घीयता अहिले कहीँ पनि छैन भनेका छन्। किनभने, सङ्घीय राज्यहरू एकात्मक दिशातर्फ लाग्दै छन् भने एकात्मक राज्यहरू सङ्घीयतातर्फ। अधिकार तल दिने चलन एकात्मक राज्यमा पनि बढेर गएको छ। जस्तै बेलायतमा तीनओटा 'स्टेट पार्लियामेन्ट' बनाएर 'डिभल्ट गभर्मेन्ट' विघटन नगर्ने गरी बनाएको अवस्था छ भने सङ्घीय राज्य भनिएको भारतमा केन्द्रले कुनै राज्य विघटन गरिदिन्छ। त्यस्तै अमेरिकामा राष्ट्रपतिमा अत्यधिक अधिकार दिइएको छ। सङ्घीयताले फुट्ने र जुट्ने होइन। जनताबीच एकता र सामन्जस्यता कसरी राख्छौँ, अधिकारको बाँडफाँट कसरी गर्छौँ भन्ने विषयले सङ्घीयतामा गएपछि देश टुक्रिने वा नटुक्रिने

कसैले जातीय उत्पीडन भयो, कसैले भाषिक उत्पीडन भयो, कसैले सांस्कृतिक उत्पीडन भयो त्यसकारण हामीलाई सङ्घीयता चाहियो भनेका छन्। यी विभिन्न मुद्दा र विषयमा हामी सङ्घीयताको विषयमा प्रवेश गरेका छौँ। त्यसो हो भने ती सबैलाई सम्बोधन गर्ने साझा आधारहरु के के हुन् ? ती साझा आधारहरु पत्ता लगाउनुपर्छ र त्यही साझा आधारमा सङ्घीय एकाइहरु निर्माण गर्नुपर्छ।

निर्धारण गर्छ। सङ्घीयता चाहिँदैन भन्नेले पनि स्वायत्ततालाई स्वीकारेका छन्। यसर्थ, उनीहरूले पनि कुनै रूपमा सङ्घीयताको आवश्यकतालाई स्वीकारेका छन्। सङ्घीयता चाहिन्छ वा चाहिँदैन भन्दा पनि कतिओटा सङ्घीय राज्य बनाउने, अधिकार कसरी बाँडफाँट गर्छौं त्यसले यसको निर्धारण गर्छ।

**सङ्घीयताका विभिन्न पक्षबाट विरोध भइरहेको अवस्थामा बहुमत र अल्पमतका आधारमा देशलाई सङ्घीय राज्यमा विभाजन गर्दा के नयाा बन्ने संविधान सबैलाई स्वीकार्य बन्नसक्ला ?**

शतप्रतिशत समर्थन भन्ने विषय नहुन सक्छ र हुनु पनि हुँदैन। द्वन्द्ववादले पनि शतप्रतिशत सही र शतप्रतिशत गलत हुन्छ भन्दैन। सङ्घीयता नै चाहिँदैन भन्ने आवाज समाजमा जीवितै रहँदा पनि त्यसले केही फरक पर्दैन। त्यसले कुनै नोक्सान पनि गर्दैन तर त्यो अवरोधको तहमा छ कि छैन भन्ने विषय महत्त्वपूर्ण हो। म त्यो विरोध अवरोधको तहमा देख्दिनँ। किनभने, राष्ट्रिय जनमोर्चाले विरोध गरिरहेको र जसको संविधानसभामा चार सिट मात्र रहेको अवस्थामा सङ्घीयता चाहिँदैन भन्ने विषय अवरोधको तहमा छैन। उनीहरूको चिन्ता कता देखिन्छ भने सङ्घीयतामा जाँदा विभिन्न संस्थागत व्यवस्थापन मजबुत हुन्छ कि हुँदैन भन्ने हो। त्यो संस्थागत व्यवस्थापन मजबुत नहुँदा र हाम्रा दलहरूबीच आपसी झगडा र कलह हुँदा कतै मुलुकमा कुनै सङ्कट आउने हो कि भन्ने चिन्ता उहाँहरूमा छ, जुन सबैको चिन्ताको विषय हो। सङ्घीयता भनेको राष्ट्रवादलाई कमजोर बनाउनु होइन। राष्ट्रिय एकता, अखण्डता, सार्वभौमसत्तालाई बलियो बनाउनुपर्छ र त्यो बलियो बनाउने सर्तमा नै संविधान लेखिनुपर्छ र जारी गर्नु पर्छ।

**देशलाई सङ्घीयतामा विभाजन गर्दा केन्द्रीय र सङ्घीय राज्यबीच शक्तिको बाडफाँट कसरी गरिनुपर्छ ?**

अधिकारको बाँडफाँटमा सामान्यतया के सिद्धान्त हुन्छ भने केही अधिकारहरू स्वत: केन्द्रको हुन्छ र तल्ला एकाइका अधिकारहरू प्रस्ट हुनुपर्छ। राष्ट्रिय सिमानाको रक्षा गर्ने काम सेनाको हो। त्यो सेना कुनै पनि प्रदेशको हुन सक्दैन। मुलुकलाई एकताबद्ध बनाउने भनेको मुद्रा हो। नोट छाप्ने अधिकार कुनै पनि प्रादेशिक एकाइको हुँदैन। विदेशसँग सम्बन्ध राख्ने अधिकार केन्द्रको हुनुपर्छ। यी 'बेसिक' अधिकार केन्द्रमा हुन्छ। यसबाहेक केन्द्रमा मात्रै रहने केही अधिकारहरूको सूची हुनेछ भने केही प्रदेशको मात्रै अधिकारको सूची हुनेछ। यसका साथै केही केन्द्र र प्रदेश दुवैको हुने गरी या स्थानीय एकाइको हुने गरी सूचीहरू संविधानले नै तोक्नुपर्छ। जस्तो केन्द्रीय राजमार्ग, केन्द्रीय हवाई मैदानहरू, केन्द्रीय विश्वविद्यालय तथा पाठ्यक्रमको निर्धारण गर्ने अधिकार केन्द्रको हुन्छ। यसबाहेक दूरसञ्चारका विषयहरू होलान्। कुनै प्रादेशिक एकाइको पाठ्यक्रम कमजोर भयो, म मान्दिनँ भनेर अर्को प्रादेशिक एकाइले भन्ला। त्यस्तो अवस्थाको जिम्मेवारी कसले लिने ? तसर्थ, यस्ता शिक्षाका पनि कतिपय विषयहरू केन्द्रको अधिनमा रहेका हुन्छन्। केही प्रदेशको पनि होला। जस्तै, केही प्रादेशिक विश्वविद्यालयहरू होलान्। स्कुलहरू होलान्। स्थानीय खानेपानी, विकास, पर्यटन आदिजस्ता विषयको अधिकार गाउँको पनि होला। स्थानीय स्रोत र साधनको व्यवस्थापनका विषयहरू होलान् । यी सबै प्रादेशिक एकाइको अधिनमा रहनुपर्छ। तेरो अधिकार कि मेरो अधिकार भन्ने विषयको विवाद आयो भने त्यसको निरूपण गर्ने अधिकार केन्द्रमा रहनुपर्छ। यद्यपि, कुनैकुनै देशमा प्रादेशिक संसद्, केन्द्रीय संसद्को प्रतिनिधि रहेको कुनै आयोग बनाउने र त्यो आयोगले विवादको विषयमा जसको अधिकारको विषय हो, उसलाई नै त्यस विषयमा निर्णय गर भन्ने प्रचलन पनि रहेको अवस्था छ। हाम्रो देशमा विवादको फैसला गर्ने अधिकार केन्द्रमा राख्नुपर्छ। तसर्थ, संविधानमा नै केन्द्र र प्रदेशको अधिकारको सूची उल्लेख गरिनुपर्छ।

**दलहरूबीच स्वस्थ राजनीतिक वातावरण नभइरहेको अवस्थामा सङ्घीय र केन्द्रीय राज्यबीच असमझदारी बढ्ने र यसले विकास निर्माणमा असर पार्ने सम्भावना कत्तिको रहन्छ र यसको अन्त्यका लागि के गरिनुपर्छ ?**

ठीक प्रश्न उठाउनु भयो। सङ्घीय व्यवस्थामा जाँदा यस्ता प्रश्न स्वत: आउँछन्। निश्चित तोकिएको अवस्थामा संविधानमै ती सर्तहरू उल्लेख गरिएको हुनुपर्छ। यस्ता विवादहरू निरूपण कसले गर्ने ? सङ्घीय व्यवस्थामा यस्ता मुद्दाहरू कसले हेर्ने ? यस्ता मुद्दा विभिन्न स्थानबाट हेर्न सकिन्छ। विवा( दको विषय प्रादेशिक संसद्बाट चुनिएर गएर बन्ने केन्द्रीय संसद्बाट हेर्ने व्यवस्था कतिपय देशहरूले गरेको पाइन्छ। हाम्रो देशमा पनि केन्द्रीय संसद् विवाद निरूपण गर्ने अङ्ग बन्न सक्छ। अर्को विवाद निरूपण गर्ने उपाय भनेको संविधानमा नै अन्तर प्रादेशिक आयोग बनाउने र त्यस्ता आयोग केन्द्रीय सरकारले बनाएर केन्द्रीय मन्त्रीहरूको अधिनमा राखेर प्रादेशिक मन्त्रीहरूलाई नियमित बैठकहरू गर्ने र कुनै मुद्दा आएमा त्यसले छिनोफानो गर्ने व्यवस्था पनि कतिपय देशमा गरिएको छ। त्यस्तो अवस्थामा पनि विवादको टुङ्गो नलागेमा केन्द्रीय अदालतले विवादको छिनोफानो गर्नुपर्छ। यो व्यवस्था पनि संविधानमै उल्लेख गर्नुपर्छ। आधारभूत मौलिक अधिकार, मानवअधिकारको रक्षा गर्ने कर्तव्य जहिले पनि केन्द्रको हुन्छ र त्यस्ता विषयमा केन्द्रले अविलम्ब हस्तक्षेप गर्नुपर्छ।

**सङ्घीयताले देश टुक्राउँछ भन्ने विषय म मान्दिन । सङ्घीय राज्य होइन, एकात्मक राज्य पनि टुक्रिन सक्छ । एकात्मक राज्य टुक्रिएका उदाहरणहरू छन् भने सङ्घीय राज्य पनि टुक्रिएका उदाहरणहरू छन् । गलत व्यवस्थापन भयो भने, सङ्घीयताको उद्देश्य नै गलत भयो भने वा कुनै विषयमा समझदारी राख्न सकिएन भने दुर्घटना हुन सक्छ । तर, सङ्घीयता आफैँले दुर्घटना निम्त्याउछ भन्ने होइन ।**

# राजनीतिक दल र मानवअधिकारको प्रत्याभूति



गणेश भण्डारी

**व्यवहारमा मानवअधिकारको सुनिश्चितताका लागि दण्डहीनताको अन्त्य गर्ने प्रतिबद्धता जाहेर गरेर सरकारमा गएका राजनीतिक दल नै दण्डहीनताको पक्षमा पीडकको संरक्षणमा लागेको पाएका छौं।**

जहाँ मानवअधिकारको सुनिश्चितता हुन्छ, त्यहाँ लोकतन्त्र हुन्छ। लोकतन्त्ररहित राज्यमा मानवअधिकारको सुनिश्चितताको प्रत्याभूत हुन सक्दैन। तसर्थ, लोकतन्त्र र मानवअधिकारलाई एकअर्काका पर्यायवाची मान्न सकिन्छ। सङ्क्रमणकालमा देशको संविधान निर्माणमा सक्रिय राजनीतिक दल तथा संविधान निर्माणमा सहयोगी संस्थाहरूमा रहेको मानवअधिकारको चेतना र उनीहरूको मार्गनिर्देशक सिद्धान्त, घोषणापत्र वा विधानमा व्यवस्था भएका मानवअधिकारसँग सम्बन्धित बुँदाहरूका आधारमा ती निकाय वा संस्थाहरूको मानवअधिकारप्रतिको दृष्टिकोण स्पष्ट हुन्छ।

वर्तमान अवस्थामा नेपाल संविधानसभामार्फत नयाँ संविधान निर्माणमा जुटेको छ। यस समयमा हामी मानवअधिकारकर्मीहरूको ध्यान अब बन्ने संविधानमा मानवअधिकारको के कस्ता प्रवाधान राखिन्छ र मानवअधिकारको सुनिश्चितताका आधार के के हुन सक्छन् भन्ने विषयमा रहनुपर्छ। धेरै विषयवस्तुमा विभिन्न क्षेत्रबाट आ-आफ्ना आवाजलाई संविधानमा समेट्ने बाध्यताका कारण कतै मानवअधिकारको विषय गौण त बन्ने होइन ? यो शङ्का गर्नु अहिले सान्दर्भिक नै हुन्छ। संविधानलाई मानवअधिकार मैत्री संविधान बनाउन हामीले राजनीतिक दलहरूले आफ्ना घोषणापत्र वा विधानहरूमा समेटेका मानवअधिकारका विषयवस्तुलाई संविधान निर्माण प्रक्रियाका सवालमा उठाउन सकेमा त्यसले नयाँ संविधानमा स्थान पाउन सक्छ, नत्र पार्टीहरूले मानवअधिकारको विषयवस्तुलाई उपेक्षा गरेर जाने अवस्था आउन सक्छ। किनभने, राजनीतिक दलले भन्ने गरेको एक कुरा छ भने गर्ने काम अर्को हुँदै आएको विगतको तीतो अनुभव हामीसँग छ।

व्यवहारमा मानवअधिकारको सुनिश्चितताका लागि दण्डहीनताको अन्त्य गर्ने प्रतिबद्धता जाहेर गरेर सरकारमा गएका राजनीतिक दल नै दण्डहीनतको पक्षमा पीडकको संरक्षणमा लागेको पाएका छौं। पत्रकार वीरेन्द्र साहको हत्यामा संलग्न पीडकको कारबाहीमा होस् वा रामहरि श्रेष्ठको हत्या वा प्रचण्ड थैवको हत्यामा संलग्नलाई होस्, कारबाही नभएका वा नगरिएका उदाहरणहरू हाम्रासामु प्रशस्त छन्।

राज्यले अन्तर्राष्ट्रिय रूपमा मानवअधिकार घोषणापत्र १९४८, राजनीतिक तथा नागरिक अधिकार, आर्थिक अधिकार, सामाजिक, सांस्कृतिक अधिकार, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, बा( लबालिकासम्बन्धी, जातीय विभेदसम्बन्धी, यातनाविरुद्धको अभिसन्धिलगायतका १८ ओटाभन्दा बढी मानवअधिकारसँग सम्बन्धित सन्धि तथा अभिसन्धिलाई अनुमोदन गरिसकेको छ। यसैगरी, तत्कालीन सूर्यबहादुर थापाको सरकारले माओवादी सशस्त्र द्वन्द्व चलिरहेको अवस्थामा संयुक्त राष्ट्रसङ्घको मानवअधिकार उच्च आयोगको ध्यानाकर्षण गर्न २५ बुँदे मानवअधिकार सम्बन्धी प्रतिबद्धतासमेत जाहेर गरेको थियो। सो ध्यानाकर्षण पत्रमा नागरिकको हत्यामा दोषी देखिएकालाई कारबाही गर्ने, बेपत्ता पारिएका नागरिकलाई सार्वजनिक गरिने, विस्थापित नागरिकलाई गाँस-बासको व्यवस्था गर्ने, सबै प्रकारका जातीय र लैङ्गिक विभेदको अन्त्य गर्ने, कुनै पनि नागरिकलाई यातना नदिने, मानवअधिकारको संरक्षणमा विशेष कार्यक्रम लागू गर्नेलग( ायतका प्रतिबद्धता थिए।

तर, यहाँ हामीले यसभन्दा पनि नेपालको संविधान निर्माण प्रक्रियामा सक्रिय संविधानसभाका केही प्रमुख राजनीतिक पार्टी र तिनका मानवअधिकारसँग सम्बन्धित प्रतिबद्धताको मूल्याङ्कन गर्ने प्रयास गरेका छौं।

स्वतन्त्रता तथा समानताको हकलाई सबै राजनीतिक दलले पहिलो प्राथमिकतामा राखेका छन्। नेपाली काङ्ग्रेसले प्रस्तावनामै मानवअधिकार, मौलिक हक एवम् नागरिक तथा राजनीतिक स्वतन्त्रताको बुँदामा मानवअधिकारको विश्वव्यापी घोषणा १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा व्यवस्थित र परिभाषित एवम् विस्तृत शान्ति सम्झौता २०६३ र नेपालको अन्तरिम संविधान २०६३ मा प्रतिबद्धता गरिएका मानवअधिकार र अकुण्ठित प्रेस स्वतन्त्रतासहितको राजनीतिक, आर्थिक, साम( ाजिक, भाषिक एवम् सांस्कृतिक हकलगायत सबै वैयक्तिक अधिकार एवम् स्वतन्त्रतालाई सुरक्षित गरिने गरी समेटेको छ। बुँदागत रूपमा एकीकृत नेकपा माओवादी तथा नेकपा एमालेले छुवाछूत तथा जातीय भेदभावविरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक, वातावरण, स्वास्थ्य, शिक्षा, संस्कृति, रोजगार, सामाजिक सुरक्षा, खाद्यान्न, आवास, सम्पत्तिसम्वन्धी हकलाई समेटेका छन्। यसैगरी महिला, बालबालिका, दासत्वविरुद्ध, शोषणविरुद्ध, श्रम, धर्म, फौजदारी न्याय, यातनाविरुद्ध, सूचना, गोपनीयता, देश निकालाविरुद्ध, आदिवासी, जनजाति, प्राकृतिक स्रोतमाथिको पहुँच,

उपभोक्ता, ज्येष्ठ नागरिक, असक्त, अपाङ्गता र संवैधानिक उपचारको हकलाई आफ्नो प्रतिबद्धतामा लिपिबद्ध गरेका छन्।

माओवादीले यी हकलाई कतै न कतै आत्मसात् गरेको भए पनि उसले नागरिकको कर्तव्यसम्बन्धी थप प्रावधान राखेको पाइन्छ, जसमा प्रत्येक नागरिकले संविधान र कानुनको पालना गर्नुपर्ने, राज्यको सम्पत्तिको रक्षा गर्नुपर्ने, सेनामा भर्ती हुने र देशको रक्षाका निम्ति राज्यले आह्वान गरेबमोजिमको काम गर्नुपर्ने, देशको स्वाय( त्तता र अखण्डताको रक्षा गर्नु र राज्यको गोपनीयता कायम गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भनिएको छ। यसले माओवादीले सहज अवस्थामा सामान्य नागरिकले पाउने अधिकारलाई नागरिकको कर्तव्यमा जोडेर राज्यले चाहेमा नागरिकको स्वतन्त्रताको हकलाई बन्देज गर्ने मार्गलाई प्रश्रय वा ठाउँ दिएको पाइन्छ।

नेपाली काङ्ग्रेसले वैयक्तिक स्वत( न्त्रताको हकभित्र रहेको नागरिकको अभि( व्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल तथा सङ्घ-संस्था गठन गर्ने स्वतन्त्रता, देशको कुनै पनि भागमा बिनाकुनै भय आवत-जावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पनि पेसा, व्यवसाय, उद्योग, व्यापार र रोजगार गर्ने स्वतन्त्रता सुनिश्चित गरिने प्रतिबद्धता आफ्नो दस्तावेजमा प्रस्ट उठाएको छ। यसैगरी मधेसी जनअधिकार फोरमले पनि वाक् स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता र सङ्घसंस्था खोल्ने स्वतन्त्रता अन्तर्गत उक्त अधिकारको सुनिश्चितता गरेको छ। तर, यस तथ्यप्रति माओवादी र एमालेको प्रत्यक्ष प्रतिबद्धता देखिन्न। यसले पनि राजनीतिक पार्टीहरूमा मानवअधिकारको प्रतिबद्धतालाई आफू अनुकूल आफ्नो पार्टीको सिद्धान्त अनुसारको व्याख्या गर्ने गरी प्रस्तुत गरिएको देखिन्छ।

मधेसी जनअधिकार फोरमले राज्यविहीनताविरुद्धको अधिकार अन्तर्गत कसैलाई पनि नागरिकताबाट वञ्चित गरी राज्यविहीन अवस्थामा राख्न पाइने छैन भन्ने बुँदालाई पनि आफ्नो पार्टीका तर्फबाट मानवअधिकारको क्षेत्रमा प्राथमिकतामा राखेको पाइन्छ।

माओवादी र एमालेले धर्मसम्बन्धी हकको उल्लेख गरे पनि के कस्तो हक भनेर व्याख्या गरेको पाइन्न। नपाली काङ्ग्रेसले धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रता अन्तर्गत 'राज्य धर्मनिरपेक्ष हुनेछ। राज्यले कुनै धर्मको पक्ष र विपक्ष लिने छैन। धर्मलाई व्यक्तिगत विश्वास र निष्ठाको विषय मानिनेछ। प्रत्येक नागरिकलाई आफ्नो विश्वास अनुसार धर्म र उपासना पद्धति ग्रहण गर्ने वा नगर्ने अधिकार रहनेछ। समाजमा धार्मिक सहिष्णुताको वातावरण कायम राख्नु राज्यको कर्तव्य हुनेछ' भन्ने व्याख्या गरेको छ। यसैगरी, मधेसी जनअधिकार फोरमले पनि धार्मिक स्वतन्त्रताको अधिकारमा सबै नागरिकलाई धार्मिक स्वतन्त्रता हुनेछ भन्ने व्याख्या गरेको छ।

विश्वमा हुने मानवअधिकार उल्लङ्घन र हिंसाका घटनामा धार्मिक कारणहरू पनि देखिँदै आएका छन्। सन्नी र कुर्द, मुस्लिम र हिन्दु आदि जातीय दङ्गाहरूलाई हामी उदाहरणका रूपमा लिन्छौं। यी विषयमा नेपाली काङ्ग्रेसले आफ्नो प्रतिबद्धतालाई केही प्रस्ट्याउन चाहेको देखिन्छ। नेपाली काङ्ग्रेसले साम( ाजिक न्याय र आरक्षणको व्यवस्थालाई पनि केही विस्तृत रूपमा प्रस्तुत गरेको छ। यसमा एमालेले सामाजिक सुरक्षासम्बन्धी हक र माओवादीले सामाजिक न्यायको हकको व्यवस्था गरेको छ। तर, यी दुवै राजनीतिक दलले के कस्तो सामाजिक सुरक्षा र न्यायको हक हो भन्ने खुलाएका छैनन्।

मधेसी जनअधिकार फोरमले भाषिक र सांस्कृतिक अधिकारलाई एउटै बुँदामा समेटेको छ। माओवादी र एमालेले सांस्कृतिक अधिकारलाई समेटेको भए पनि भाषिक अधिकारलाई समेटेको पाइन्न। नेपाली काङ्ग्रेसले भने समानता र समृद्धिका लागि लोकतन्त्र भन्ने बुँदामा 'लोकतान्त्रिक समाजवादी सिद्धान्त अनुरूप नेपाली काङ्ग्रेस आर्थिक समृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्न प्रतिबद्ध छ। यसका लागि दलित समुदायप्रतिको सामाजिक भेदभाव र छुवाछूत प्रथाको पूर्ण रूपमा अन्त्य गरिनेछ। महिला, आदिवासी-जनजाति, तराईवासी-मधेसी, मुस्लिम, दलित, पिछडिएको क्षेत्र, भूमिहीन, कमैया, अपाङ्ग र अन्य सीमान्तकृत समूहको राजनीतिक, आर्थिक, सामाजिक समता, सहभागिता, समृद्धि र विभिन्न भाषिक, सांस्कृतिक पहिचानका समुदायको प्रतिष्ठा र स्वामित्व कायम गर्नु राज्यको दायित्व हुनेछ। साथै, बालबालिका हकहित, शिक्षा-दीक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ' भन्ने व्याख्या गरेर लोकतन्त्र र मानवअधिकारलाई एकअर्काका पर्यायवाची देखाउन खोजेको देखिन्छ।

माओवादी र एमालेले आफ्नो दस्तावेजमा देशनिकालाविरुद्धको हकलाई पनि समावेश गरेका छन्। यसमा नेपाली काङ्ग्रेस र मधेसी जनअधिकार फोरमको दस्तावेज मौन देखिन्छ। मधेसी जनअधिकार फोरमले सबैलाई बाँच्न पाउने अधिकारको सुनिश्चितता गरेको छ। अन्य तीनओटै ठूला दलले मानवअधिकारको क्षेत्रमा धेरै बुँदामा धेरै कुरा र विषयवस्तुलाई समेटेको भए पनि पहिलो प्राथमिकतामा रहेको बाँच्न पाउने अधिकारको कतै उल्लेख गरेको पाइन्न। मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा बाँच्न पाउने अधिकार पनि पर्ला तर त्यसका लागि दुई दर्जनभन्दा बढी बुँदामा मानवअधिकारको प्रत्याभूतिलाई समेट्ने राजनीतिक दलले पहिलो प्राथमिकताको मानिसको बाँच्न पाउने अधिकारलाई नसमेट्नु पक्कै पनि ती दलहरूको कमजोरी देखिन्छ।

मधेसी जनअधिकार फोरमले नागरिक अधिकारको प्रत्याभूति अन्तर्गत प्रस्तावनामा नै 'लोकतान्त्रिक मूल्य मान्यता अनुरूप प्रत्येक नागरिकलाई देहायबमोजिमका नागरिक अधिकारहरू हुनेछन् र यी अधिकारहरूको संरक्षण तथा निर्वाध उपभोगको दायित्व राज्यको हुनेछ। यी नागरिक अधिकारहरूको हनन राज्यका कुनै कानुन वा संसद् विधायिका, कार्यपालिका, न्यायपालिकालगायत कुनै पनि निकायले गर्न पाउने छैन' भन्ने उल्लेख गर्दै मानवअधिकारलाई अहरणीय अधिकारका रूपमा उल्लेख गरेको छ।

हो, मानवअधिकारको प्रत्याभूति र संरक्षणका लागि चारओटै राजनीतिक दलले धेरै बुँदामा साझा भावनामा मानवअधिकारलाई सूत्रबद्ध गरेका छन्। र, केही क्षेत्र छुट भएका भए वा समेट्न बाँकी भए तिनलाई पनि एकीकृत गरेर साझा मानवअधिकार घोषणापत्र तयार गरी त्यसलाई आगामी नयाँ संविधानमा समेट्न सके नेपालको संविधान मानवअधिकार मैत्री संविधान बन्नेछ।

# संविधानले मानवअधिकार संरक्षणका संयन्त्रहरुका साथै लागू गर्ने निकायको व्यवस्था गर्नुपर्छ ?

**नेपालको अन्तरिम संविधानमा समेत मानवअधिकारका कुराहरु नभएका होइनन्। विगतको २०४७ सालको संविधानमा पनि मानवअधिकारसम्बन्धी प्रशस्त प्रावधानहरु थिए। मूल रुपमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई प्राथमिकता दिन सकिएको थिएन।**



**सुशील प्याकुरेल**
पूर्व सदस्य
राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकार मैत्री संविधान भन्नाले मानवअधिकारका जुन विश्वव्यापी सिद्धान्तहरू छन्, मूल्य र मान्यताहरू छन् र हामीले जेजति मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा हस्ताक्षर गरेका छौँ, तिनले दिएका कुराहरू निर्वाध रूपमा नेपाली जनताले उपभोग गर्न पाउने कुराको ग्यारेन्टी संविधानमा हुनुपर्छ। अर्थात्, नेपालले हस्ताक्षर गरेका राजनीतिक, नागरिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका कन्भेन्टहरूका साथै अन्तर्राष्ट्रिय श्रम सङ्गठन र त्यसपछिका महिलाविरुद्ध हुने भेदभाव र यातना महासन्धिका प्रावधानहरू हालसम्म लागू हुनसकेका छैनन्। तसर्थ, संविधानले स्पष्ट तथा मानवअधिकार संरक्षणका संयन्त्रहरूका साथै लागू गर्ने निकायको व्यवस्था गर्नुपर्छ। त्यो संयन्त्रको व्यवस्था गर्न सरकालाई बाध्यकारी हुने गरी संविधानमै उल्लेख गरिनुपर्छ र मानवअधिकारका विभिन्न मुद्दामा हेर्ने संयन्त्रहरू शक्तिशाली र काम गर्नसक्ने सक्षम बनाउने व्यवस्था संविधानमा हुनुपर्छ।

मानवअधिकारसम्बन्धी कुरामा, राष्ट्रिय मानवअधिकार अयोगसम्बन्धी जुन संवैधानिक व्यवस्था नेपालको अन्तरिम संविधानमा गरिएको छ, त्यो मानवधिकार आयोग र अरू संवैधानिक निकायहरूबीच फरक छैन। हामीकहाँ प्रत्येक संवैधानिक आयोग, निकायहरूलाई एउटै ठाउँमा राखेर हेर्ने चलन छ। निर्वाचन अयोगको काम गर्ने प्रक्रिया, उसको काम गर्नुपर्ने ठाउँ, लोकसेवा आयोग र अख्तियारका ढाँचाहरू विभिन्न छन्। त्यसैले उनीहरूको कार्यसीमाहरू र उनीहरूलाई दिने जुन शक्ति हो, त्यो शक्ति पनि फरक हुन्छ। मानवअधिकार हनन् विशेष गरी राज्यले गर्ने भएकाले राज्यका संयन्त्रहरूलाई मानवअधिकारविरुद्ध काम गर्न नदिनका लागि मानवअधिकार अयोगको स्वतन्त्रताको कुरा गरिन्छ। यसका कर्मचारीहरूको आवश्यकतादेखि लिएर आयुक्तहरूको नियुक्तिमा पनि सरकारले कुनै पनि हालतमा हस्तक्षेप हुन नहुने एउटा स्वतन्त्र निकायको रूपमा यसलाई स्थापित गरिनुपर्छ। त्यसैले यो अरू कनै पनि निकायभन्दा सर्वथा नयाँ निकाय हो। राष्ट्रिय मानवअधिकार आयोगले सरकारले मानवअधिकारको हनन् गर्छ, सरकारी नियकाले त्यसलाई नियन्त्रण गर्नुपर्ने हुनाले मानवअधिकार आयोगलाई संवैधानिक बनाउनुपर्छ। अहिले पनि मानवअधिकार हननका कार्यमा लागेका मानवअधिकारका कुराहरू नटेर्ने वा लागू नगर्ने, सरकारी निकायका मान्छेहरूलाई अयोगले केही गर्न सक्दैन। आयोगले कारबाही सुरु गरेपछि ती मान्छेहरू निलम्बित हुने व्यवस्था गर्नुपर्छ। र आयोगको स्वतन्त्रतामा बढी जोड दिनुपर्छ। आयुक्तहरूको नियुक्तिमा पनि स्वतन्त्र प्रक्रियाहरू अवलम्बन गरिनुपर्छ, जसले गर्दा सक्षम व्यक्तिहरू मात्र त्यो स्थानमा पुगून्।

नेपालको अन्तरिम संविधानमा समेत मानवअधिकारका कुराहरू नभएका होइनन्। विगतको २०४७ सालको संविधानमा पनि मानवअधिकारसम्बन्धी प्रशस्त प्रावधानहरू थिए। मूल रूपमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई प्राथमिकता दिन सकिएको थिएन। अहिलेको अन्तरिम संविधानले मौलिक अधिकारका रूपमा नागरिक तथा राजनीतिक र आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारलाई राखेको छ। भोलिको संविधानमा पनि राख्ला तर कुरा के हो भने राख्नु मात्र ठूलो कुरा होइन। त्यसको कार्यान्वयन र त्यसलाई लागू गर्ने संयन्त्रहरू हुनुपर्छ। जबसम्म त्यो लागू गर्ने संयन्त्र हुँदैन भने के गर्ने भन्ने कुरा पनि हुनुपर्छ। त्यसैले एउटा छुट्टै संविधानले दिएका कुराहरू इन्फोर्स भएका छन् कि छैनन्, यदि इन्फोर्स भएका छैनन् भने त्यसलाई लागू गराउनका लागि सरकारलाई बेलाबेलामा सुझाव दिनका

**जनताको आधारभूत अधिकार भनेको यस्ता अधिकारहरु हुन्, जसलाई सरकारले कुनै पनि हालतमा नियन्त्रण गर्न नपाओस्। आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, नागरिक अधिकारका साथैं जनताले स्वतन्त्रतापूर्वक र सम्मानपूर्वक बाँच्न पाउनुपर्ने अधिकारको ग्यारेन्टी गर्नु आवश्यक छ र कुनै पनि नाममा जनताको अधिकारहरुको हनन हुनुहुँदैन, त्यो ननस्टेट एक्टरले मानवअधिकार उल्लङ्घन गर्न सक्ने सम्भावनाप्रति पनि हामी सजग हुनुपर्छ। मान्छेको बाँच्न पाउने अधिकारको प्रत्याभूति हुनुपर्छ।**

लागि एउटा संवैधानिक आयोगको व्यवस्था हुनुपर्छ। जहाँ जनताले संविधानले निश्चित गरेका व्यक्तिको मात्र नभई समुदायको पनि अधिकारहरूका बारेमा अनुगमन गर्ने र यदि सरकार त्यसमा उदासिन भयो भने व्यक्तिले त्यसमा गएर भन्न सक्ने गरेर संवैधानिक आयोगको व्यवस्था हुनुपर्छ।

जनताको आधारभूत अधिकार भनेको यस्ता अधिकारहरू हुन्, जसलाई सरकारले कुनै पनि हालतमा नियन्त्रण गर्न नपाओस्। आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, नागरिक अधिकारका साथै जनताले स्वतन्त्रतापूर्वक र सम्मानपूर्वक बाँच्न पाउनुपर्ने अधिकारको ग्यारेन्टी गर्नु आवश्यक छ र कुनै पनि नाममा जनताको अधिकारहरूको हनन हुनुहुँदैन, त्यो ननस्टेट एक्टरले मानवअधिकार उल्लङ्घन गर्न सक्ने सम्भावनाप्रति पनि हामी सजग हुनुपर्छ। मान्छेको बाँच्न पाउने अधिकारको प्रत्याभूति हुनुपर्छ।

मानवअधिकार अयोगले अरू मानवअधिकार संस्थाहरूको कामलाई सहयोग गर्ने र अरू संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने र अरू मानवअधिकारवादी संस्थाहरू र आयोगका बीचमा सक्रिय सम्बन्ध कायम राख्नका लागि दुई-तीनओटा कुरा हुनुपर्छ। पहिलो कुरा अयोगले वर्षको एकचोटि नेपालको मानवअधिकार स्थितिका बारेमा राष्ट्रिय सम्मेलन गर्ने व्यवस्था गर्नुपर्छ। र, यो सम्मेलनबाट आएका सुझावहरू कार्यान्वयनका लागि सरकारसँग पहल गर्नुपर्छ। दोस्रो कुरा भनेको विभिन्न क्षेत्रमा कार्यरत मानवअधिकार संस्थाहरूले गरेको क्रियाकलापहरूलाई आधिकारिकता दिने व्यवस्था आयोगले गऱ्यो भने क्षमता अभिवृद्धिका लागि राम्रो हुन्छ। र, आयोगले मानवअधिकार संस्थाहरूको क्षमता अभिवृद्धिका लागि ठोस कार्यक्रम ल्याउनुपर्छ।


अहिले नेपाल विशेष रूपमा विभिन्न समुदाय, क्षेत्रीय, जातीय, अधिकारहरू, मागहरूका क्रममा विभाजित भइरहेको छ। कतिपय मानवअधिकारका सवालहरू जसका लागि मानवअधिकारकर्मीहरू लड्दै आएका छन्। जस्तै, राइट टू डिटरमिनेसन, आईएलओ कन्भेन्सनका कुराहरूलाई पूरै राजनीतीककरण गरिएको अवस्था छ। र, यिनको शब्दावलीहरूको दुरूपयोग भएको बेलामा मानवअधिकारकर्मीहरूले हिम्मतका साथ अगाडि बढ्नुपर्ने देखिन्छ। मानवअधिकारका क्षेत्रमा लागेका सङ्घसंस्थाहरू बढी क्रियाशील हुनुपर्छ भन्ने मलाई लाग्छ।

**(राजु पासवानसँगको वार्तामा आधारित)**

### नयाँ संविधान निर्माणको समय तालिका

- संविधानसभा उपाध्यक्षको निर्वाचन २०६५ मंसिर १३ गते
- समितिहरूको गठन तथा समितिका सभापतिहरूको निर्वाचन ०६५ मंसिर मसान्तसम्म
- समितिहरूको कार्यतालिका निर्माण ०६५ पुस १ देखि १५ गतेसम्म
- नयाँ संविधानको सम्बन्धमा सुझाव संकलन, तालिम तथा अभिमुखीकरण कार्यक्रम ०६५ पुस १५ गते फागुन १५ गतेसम्म
- विषयगत समितिद्वारा संविधानको प्रारम्भिक मस्यौदा तयार ०६५ फागुन १५ गतेदेखि ०६६ वैशाख १० गतेसम्म
- समितिले तयार पारेको अवधारणापत्र एवम् प्रारम्भिक मस्यौदामाथि छलफल ०६६ वैशाख ११ गतेदेखि जेठ मसान्तभर
- नयाँ संविधानको पहिलो मस्यौदामाथि संवैधानिक समितिमा छलफल ०६६ असार देखि साउन २५ गतेसम्म
- संविधानको पहिलो मस्यौदामा छलफल ०६६ साउन २५ गतेदेखि भदौ २६ गतेसम्म
- संविधानको पहिलो मस्यौदा बारे जनताको सुझाव सङ्कलन ०६६ भदौ २५ गते मसान्तसम्म
- संविधानको पहिलो मस्यौदामाथि अन्तरसम्वाद र सुझाव ग्रहण पछि विस्तृत प्रतिवेदन संविधानसभामा पेस ०६६ मंसिर २६ गतेदेखि पुस २५ गतेसम्म
- प्रतिवेदनमाथि संविधानसभाको पूर्ण बैठकमा छलफल ०६६ पुस २३ गतेदेखि माघ ७ गतेसम्म
- संविधानको विधेयकमाथि सामान्य छलफल ०६६ फागुन ११ देखि १७ गतेसम्म
- संविधानको विधेयकमाथि संशोधन ०६६ फागुन १८ गतेदेखि २४ गतेसम्म
- नयाँ संविधानको प्रस्तावना सहित सम्पूर्ण भाग संविधानसभाबाट पारित ०६६ फागुन २५ गतेदेखि ०६७ वैशाख १५ गतेसम्म
- नयाँ संविधानको मस्यौदामा संविधानसभाका सबै सदस्यले हस्ताक्षर गर्ने, अध्यक्षले प्रमाणिकरण गर्ने र संविधानसभाले राष्ट्रिय समारोह आयोजना गरी अध्यक्षले राष्ट्रपति समक्ष पेश गर्ने ०६७ वैशाख १६ गतेदेखि जेठ १४ गतेसम्म
- राष्ट्रपतिले सोही समारोहबाट नेपाली जनतासमक्ष संविधान सार्वजनिक गरी संविधान लागू भएको घोषणा गर्नुहुने ।

# हामी एउटा अनिश्चितता र अनिर्णयको बन्दी भएका छौं



डा. राघवध्वज पन्त

**यो सर्वेक्षण प्रश्नावली त प्याजको डल्लोजस्तो पो छ, जति खोल्यो अर्को पत्रबाहेक केही पनि भेटिँदैन र अन्त्यमा केही पनि बाँकी रहँदैन। सिवाय प्याजको पिरोपछि आएको आँसु।**

**प्रिय सम्पादकज्यू !**

मेरो चिट्ठी पाउँदा तपाईंलाई निश्चय पनि अचम्म भयो होला। स्वाभाविक पनि हो। आजको दिन त मैले तपाईंलाई लेख दिने अन्तिम दिन हो। मलाई पनि यसको ज्ञान नभएको होइन। तर, के गर्नु ? अब के भनुँ, के नभनुँ, त्यो तपाईंले नै निर्णय गर्नु होला।

तपाईंले मसँग वैशाखको पहिलो साता नै लेख माग्नु भएको थियो। तपाईंले दिनु भएको विषय पनि निकै चाखलाग्दो थियो : सङ्घीय राज्यमा राजस्वको स्रोतको विभाजन प्रक्रिया। तर, मैले तपाईंको अनुरोधलाई केहीछिन पनि ढिलो नगरेर मेरो असमर्थता प्रस्ट गरेको थिएँ। म अहिले अचम(ममा छु, यसरी तुरुन्तै कसरी उत्तर दिन सकें ? मैले तपाईंलाई त्यहीबेलामा भनेको अझ पनि सम्झना छ। मुख्यत: कतिवटा राज्य वा प्रान्त सिर्जना हुँदैछन्, के आधारमा सिर्जना हुँदैछन्, प्रान्त प्रान्तबीच र राज्य र केन्द्रबीच केकस्तो सम्बन्ध स्थापना हुनेछ, त्यो नै अझसम्म प्रस्ट छैन। दलहरूबीच विवाद नै छ, कहाँ गएर टुङ्गो लाग्ने हो, बहस त सुरु भएकै छैन। तदनुसार, केन्द्र र प्रान्तबीचको जिम्मेवारी कसरी विभाजन हुन्छ, त्यो विष(यमा मन्त्रीहरूको भाषणबाहेक (मन्त्रीहरूले के विषयमा पो भाषण दिन बाँकी राख्छन् र !) अन्त केही सुनिएको छैन। समय बित्दो छ। नयाँ नेपालको कुरा गरेको नै चार-पाँच वर्ष भइसक्यो। त्यसबेला जन्मेको बच्चालाई अर्को वर्षदेखि प्राथमिक स्कुलमा पठाउनु पर्छ। मेरो विवशता सुनेपछि तपाईं पनि एकछिन त चुप लाग्नु भयो। तपाईंलाई मैले पहिलोचोटि लेख नलेख्न यसरी आफ्नो विवशता बताएको थिएँ। म आफैंलाई पनि तपाईंलाई यस प्रकारको जवाफ दिनुपर्दा खिन्न लागिरहेको थियो। एक मन त लागेको पनि थियो जेजस्तो हुन्छ लेखिदिउँ कि ! राम्रो नभए छाप्ने-नछाप्ने काम सम्पादकको हो, उनीहरूले नै निर्णय गर्छन्। अरूको जिम्मेवारी किन लिने ? तर, यस्तो कुरा मनमा एउटा भेलझैं आउने मात्र हो, धेरैबेर कहाँ अड्न पाउँछ र !

सम्पादकज्यू, अहिले हामी एउटा अनिश्चितता र अनिर्णयको बन्दी भएका छौं। निश्चय नै ठूला राजनीतिक दलका नेताहरूको काँधमा जिम्मेवारी छ। उनीहरू आफैं त्यसो भन्छन्। आमजनताले त (त्यसमा तपाईं र म पनि पर्छौं) आफ्नो रुचि गत चुनावमा नै प्रस्ट गरिसकेका छन्। अब यो जिम्मेवारी उनीहरूले कसरी पूरा गर्छन्, त्यो भने हेर्न बाँकी नै छ। तर, संविधान तर्जुमा गर्दा पनि अहिलेको संविधानसभा त अर्को रूपमा प्रतिनिधिसभा (संसद्)सम्बन्धी कार्यमा पो बढी व्यस्त देखिन्छ। निश्चय पनि प्रति(नधिसभासम्बन्धी कार्य महत्त्वपूर्ण छ तर त्यो काम संविधान तर्जुमा निमित्त मात्र केन्द्रित हुनुपर्छ। तर, जुनसुकै समय र परिस्थिति होस्, राजनीतिज्ञ भनेको राजनीतिज्ञ नै हुँदा रहेछन्। उनीहरूको चरित्रको त कुरै छाडौं, कार्यमा पनि कुनै परिवर्तन देखिनु दुर्लभ हुँदो रहेछ। अहिले पनि हामी सबैले देखेको, अनुभव गरेको (कतिपयले त दलमा लागेर आफ्नो योग्यताभन्दा धेरै माथि लाभ पनि उठाएको) तथ्य हो। संसद्का सदस्यहरू संविधानसम्बन्धी काममा कमै मात्रमा लागेका छन्, उनीहरू त ढुक्क भएर बसेको देखिन्छ। मानौं यो संविधान तर्जुमा, सङ्घीय विभाजन आदि सबभन्दा सजिलो कार्य हो। या घाँसीको कुरा सुन्नासाथ भानुभक्तलाई कविता फुरेझैं, उनीहरू पनि सायद यस्तै प्रेरणाको खोजमा छन्, जसलाई भेट्नासाथ तुरुन्तै संविधानको धारा प्रवाह फुटोस्। अब त संसद्मा उही पुरानो घेराउ, संसद् बन्द, बहिष्कारको रोग सुरु भएको छ। यहाँ प्रत्येक कार्यप्रति प्रतिक्रिया दिने पनि दुई पद्धति मात्र बाँकी छन्, एक सत्यलाई पनि नस्वीकार्ने र अर्को अस्तित्वै नभएको वस्तु, घटना पक्षमा कस्सिएर बहस गर्ने। संविधानसभा र प्रति(नधिसभाको भूमिका एउटै समूहले निर्वाह गरेकाले आजको स्थिति सिर्जना भएको छ। यो स्थिति रहन नदिन म आफैंले पनि संविधान तर्जुमामा संलग्न सम्बन्धित पदाधिकारीलाई जानकारी दिएको थिएँ। आजको स्थिति सिर्जना हुने सम्बन्धमा एक पाठकको प्रतिक्रिया त म स्वयम्को स्वीकृतिबाट निष्कासन हुने *आईएफडीएस* बुलेटिनमा प्रकाशित पनि भएको थियो। यसको एक अंशमा त प्रस्टैसँग भनिएको थियो, "संसद्ले प्रतिनिधिसभा र संविधानसभा दुवैको कार्य गर्नुपर्ने छ। संविधानसभाको कार्य संसद्ले गर्नुपर्ने अन्य कार्यभन्दा महत्त्वपूर्ण छ। तर, राजनीतिज्ञका निम्ति यसको उल्टो पनि हुनसक्छ। मेरो प्रश्न छ : के संसद्ले प्रतिनिधिसभाका रूपमा कार्य गर्दा के अन्तरिम संविधान संशोधन पनि गर्न सक्छ ? यदि सक्छ भने के यसले संविधानको भाग ७, जहाँ संसद्को कार्यावधि सम्बन्धमा छलफल गरिएको छ, त्यो पनि संशोधन गर्न सक्छ ? अर्थात्, संसद्मा कसरी मतदान गरिने निर्धारण गरिनेछ ? संसद्मा कुनै विधेयक कसरी स्वीकृत गरिनेछ ? यदि होइन भने सम्बन्धित राजनीतिक निकायहरूले दुईतिहाइ मतबाट स्वीकृत गरिने विधेयक के गरी निर्णय गर्ने, यो सबै अन्तरिम संविधानमा छलफल गरिएको छ। संसद्ले यो नियम पालना गर्नुपर्छ। तर, यदि संसद्ले प्रति(नधिसभाका रूपमा कार्य गर्दा संविधान पनि संशोधन गर्न सक्छ भने के यसले आफूले पालना गर्नुपर्ने नियम पनि संशोधन गर्न सक्दैन ?"

यतिले नपुगेर सायद अन्तरिम संविधान तर्जुमा गर्दा (यसको तर्जुमा नै संविधानसम्मत हो होइन, त्यसमा वरिष्ठ कानुनविद् गणेशराज शर्माजस्ता विद्वान्को

आफ्नै राय छ। सायद आमजनमानसको एक ठूलो अंशले यस तर्कलाई स्वीकारेका पनि छन्) संसद्लाई सार्वभौमिक अधिकार नै दिइयो, जस अन्तर्गत अन्तरिम संसद् निर्माणदेखि अन्तरिम संविधान तर्जुमा, संविधान संशोधन आदि सम्पूर्ण हक यसकै जिम्मामा लगाए। त्यो अर्को ठूलो भूल हो। तसर्थ, हालसम्म संविधान निर्माण त कता हो कता, अन्तरिम संविधान नै छचोटि संशोधन भइसक्यो। यदि तीन ठूला दल मिले फेरि संविधान संशोधन गरी संविधान तर्जुमाको मिति पर सार्न अहिलेको प्रतिनिधिसभा सक्षम देखिन्छ। तसर्थ वैद्यजी, तपाईंले मलाई लेख तयार गर्न दिएको विषय सम्बन्धमा छलफल, चिन्तन आदि तपाईं कार्यरत इन्सेकजस्तो संस्था र केही बौद्धिक जगत्मा मात्र सीमित भएको मेरो आफ्नो अनुभव छ।

सम्पादकज्यू, तपाईं पनि त्यसै थाक्ने व्यक्ति त अवश्य होइन। मेरो असमर्थताको उत्तर मात्र के सुन्नुभएको थियो, तुरुन्तै जसो संविधान तर्जुमा सम्बन्धमा संविधानसभाका सदस्यहरू आफैं गएर सङ्कलन गर्नुभएको प्रश्नावली सम्बन्धमा एउटा सानो टिपोट मात्र तयार गरी उपलब्ध गराइदिन अनुरोध गर्नुभयो। आखिर सबैमा दया भन्ने वस्तु हुन्छ भन्ने मलाई लाग्यो। तपाईंलाई पनि ममाथि सायद दया जागेर आयो। मैले प्रश्नावली सर्वेक्षण आदि क्षेत्रमा त थुप्रै काम आफैंले पनि गरेको छु। अनुभवले पनि टिपोट तयार गर्न सक्छु भन्ने अहम् आयो।

आमजनतासँग गरिने प्रश्नावली सजिलो प्रक्रियाबाट तयार गरिएका हुन्छन्। अझ सर्वेक्षण गर्न जाने व्यक्तित्व संविधानसभा सदस्य नै भएपछि त के दुःख भो र ? नमुना सर्वेक्षण योजना (sample survey scheme) वैज्ञानिक रूपमा तर्जुमा गर्न सम्भव भए ३-४ हजार व्यक्तिको सर्वेक्षणबाट उमेर, शिक्षा, जात, आयस्तर, निवास आदि विभिन्न चल अनुसार संविधान तर्जुमाप्रति आमजनताको राय बुझ्न सकिन्छ। अमेरिका र क्यानाडामा त १५०० मतदाताको टेलिफोनबाट सर्वेक्षण गरेर राष्ट्रपतिको चुनावमा विजय हुने व्यक्ति र राजनीतिक दल सम्बन्धमा ठीक प्रक्षेपण गर्छन्। नेपालमा यति सानो नमुना (sample) बनाउन त सम्भव नहोला तर ४ हजारभन्दा ज्यादा व्यक्तिको सर्वेक्षण गर्नु आवश्यक नहुने देखिन्छ। नमुना वैज्ञानिक रूपमा नभए त निश्चय पनि उत्तर ठीक हुँदैन। सर्वेक्षण सङ्ख्या बढाएर नमुना (sample)मा भएको कमी-कमजोरी घट्दैन। कतिपय समय र स्थानमा त सङ्गणना (census) भन्दा शुद्ध उत्तर नमुना प्रक्रिय(ाबाट प्राप्त हुन्छ। तर, यस अवधिसम्म मलाई संविधानसभाबाट गरिन लागेको सर्वेक्षणको नमुना पद्धति र प्रश्नावली सम्बन्(धमा कुनै ज्ञान थिएन। तर, संविधानसभाबाट गर्ने र स्वयम् संविधानसभा सदस्य गएर सर्वेक्षण गरेको र गरिरहेको बुझेपछि म त यति उत्तेजित भए मानौं न्यायदर्श सर्वेक्षण योजना, प्रश्नावली र सर्वेक्षण सबै मेरै निगरानीबाट भएको हो। तसर्थ, वस्तुगत तथ्य अध्ययन नगरी लेख समयमा तयार गर्ने स्वीकृति मात्र दिइनँ, तुरुन्तै प्रश्नावलीको प्रति उपलब्ध गराइदिनु हुन तपाईंलाई अनुरोध पनि गरेँ। तपाईंले त झन्डैजसो तुरुन्तै संविधानसभाको वेबसाइटको ठेगाना उपलब्ध गराइदिनु भयो। त्यसपछि साधारण व्यक्तिगत कुरा गरेर हामी बिदा भयौं। तर, यसबीच मैले तपाईंको नयाँ फोन नम्बर लिन भने बिर्सेछु।

भोलिपल्ट प्रश्नावली, नमुना प्रक्रिया सम्बन्धमा संविधानसभाको बेबसाइटमा पढेँ। ममा त तुरुन्तै आत्मग्लानि भयो। मलाई त प्रश्नावली पनि बुझ्न ठूलो समय लाग्यो। तपाईंसँग रिस पनि उठ्यो। (विस्तृत पछि भन्नेछु) तैपनि, धैर्य गरेर सदस्यहरूबीच भएको कार्यविभाजन, सर्वेक्षण गरिएका व्यक्तिको सङ्ख्या र त्यसको हुनसक्ने उपयोग आदि सम्बन्दमा सम्भव भएसम्म समय दिएर अध्ययन गरेँ। म त झन् चकित भएँ। केही पत्रकारहरूसँग जीवनमा पहिलोचोटि होला रिस पनि उठ्यो। यी पत्रिकाहरूले कतिपय उद्योगपति भएर राजनीतिज्ञ हुन पुगेका व्यक्तित्वहरूको फोटोसहित उनीहरूले सर्वेक्षण क्रममा अनुभव गरेको अधिन्द्र अनुभव (hyperbolic experience) प्रकाशित गरेका थिए। यी राजनीतिज्ञ भएका उद्योगपतिलाई त पहिले नै हामी सङ्क्रमणकालमा उद्योगहरूको संरक्षण निमित्त राजनीतिज्ञ भएका भनेर तिनको भनाइ राम्रोसँग अध्ययन गर्दैन थियौं। हुन पनि नेपाल एउटा यस्तो मुलुक हो, जहाँ राजनीतिज्ञ व्यापारी, उद्योगपति भएर पुँजी सङ्कलन गर्छ (उदाहरणस्वरूप पूर्वराजा ज्ञानेन्द्र) भने व्यापारी, उद्योगपति राजनीतिज्ञ भएर देखा पर्छन्। (यसको प्रमाण संविधानसभामा थुप्रै छन्) तर संविधानसभा, जहाँ देशका प्रतिष्ठित विद्वान्, उद्योगपति, राजनीतिज्ञ छन्, त्यहाँबाट यस्तो प्रश्नावली कसरी स्वीकृत भयो ? हाम्रा पत्रकारहरू जसमध्ये कतिपय त अन्तर्राष्ट्रिय स्तरका छन्, तिनले खोजी तथा विस्तृत विश्लेषण किन गरेनन् र गराएनन् ?

सम्पादकज्यू ! प्रश्नावली जम्मा ५२ पेजको छ भनेर भनिन्छ। तपाईंले प्रश्नावलीको स्तर थाहा पाउन आफैंले सो प्रश्नावली पढ्न पर्छ, अरूले भनेर हुँदैन। प्रश्नहरू यति कठिन छन् कि कुनै व्यक्तिसँग केही क्षण बसेर प्रश्न-उत्तरका रूपमा सोध्ने र उत्तर दिने स्तरका नै छैनन्। उदाहरणस्वरूप, आर्थिक अधिकार र राजस्व बाँडफाँटसम्बन्धी प्रश्नलाई लिऊँ। यसमा जम्मा १४ प्रश्न छन्। प्रत्येक प्रश्न पीएचडी गर्ने अध्ययनको विषय हुन सक्छ। प्रश्न नं. १० निम्नानुसार छ :

केन्द्रीय सरकारको आयस्रोतको बाँडफाँटको मापदण्ड कसरी निर्धारण गर्न उपयुक्त हुन्छ ?

(क) जनसङ्ख्याका आधारमा
(ख) भौगोलिक विकटताका आधारमा
(ग) प्राप्त स्रोतका आधारमा
(घ) पिछडिएको क्षेत्रका आधारमा
(ङ) विभिन्न आर्थिक परिसूचकका आधारमा
(च) अन्य ..............

यसलाई गाउँका सीधासाधा अ(शिक्षित जनताले के आधारमा आफ्नो रुचि देखाउने ?

यसैगरी, प्रश्न नं. १३ हेर्नुस्।

आर्थिक अधिकार तथा राजस्व सङ्कलनमा सुदृढ एवम् जिम्मेवार बनाउन निम्न तहले के कस्तो दायित्व र जवाफदेहिता निर्वाह गर्नुपर्ला ?

(क) केन्द्रीय तहले ..........
(ख) प्रान्तीय तहले ...........
(ग) स्थानीय तहले ..........

अझ ९ पनि हेर्नोस्।

प्रश्न नं. ९. प्रान्तहरूबीचको आर्थिक असमानता हटाउन केन्द्रले खेल्नुपर्ने भूमिका के के हुन सक्छन् ?

(क) केन्द्रीय सरकारले आर्थिक न्यायका लागि पुनःवितरणकारी (Redistributive) भूमिका खेल्ने ............

**निर्वाचित सदस्य र राजनीतिक दलहरूले संविधान तर्जुमा सम्बन्धित विषयमा प्रस्ट राय दिन नसकेको अवस्थामा सर्वेक्षण र जनताको रायको आड लिनु न्यायसङ्गत कार्य मान्न सकिँदैन।**

(ख) प्रान्तीय सरकारका बीच आफ्नै साधनस्रोतका आधारमा स्वतन्त्र रूपमा प्रतिस्पर्धा गर्न दिने ...............

(ग) अन्य ...........

सम्पादकज्यू ! मैले पहिले भनेझैँ यी सब प्रश्नहरू पीएचडी निमित्त साह्रै राम्रा विषयवस्तु हुन्। गाउँमा गएर सर्वेक्षण गर्न होइन। गाउँस्तरमा त सङ्घीय रूपमा प्रान्त वा राज्य सिर्जना हुँदैछन् भन्ने तथ्य नै सबैलाई जानकारी छैन होला। त्यसका सम्बन्धमा जानकारी दिनु आवश्यक हुन्छ, न कि यसको काम, कर्तव्य, प्रान्त-प्रान्तबीच हुनसक्ने समस्या र त्यस्ता समस्याको समाधानको उपाय सम्बन्धमा।

यो प्रश्नको उत्तर दिन त मलाई लाग्छ, कतिपय संविधानसभाका सदस्यलाई नै गाह्रो पर्ला। राज्यको पुन:संरचना र राज्य शक्तिको बाँडफाँट सम्बन्धमा तयार गरिएको प्रश्नावलीलाई नै हेरौँ, जसमा १२ वटा प्रश्न छन्। ७ नं. प्रश्न निम्नानुर छ :

केन्द्र र प्रदेश वा प्रदेशहरूबीच विवाद उत्पन्न भएमा समाधान गर्न कस्तो संयन्त्र अपनाउनु उपयुक्त हुन्छ ? कुनै तीनवटा उत्तरहरूको सम्बन्धित क्रम सङ्ख्या बक्समा उल्लेख गर्नुहोस्।

१. सर्वोच्च अदालत
२. उच्चस्तरीय आयोग
३. जनमतसङ्ग्रह
४. सङ्घीय एकाइहरूबीच समन्वय गर्ने निकाय
५. संवैधानिक अदालत
६. सङ्घीय (केन्द्रीय) व्यवस्थापिका
७. अन्य ........

विश्वभरि नै आमजनतासम्म पुगी सर्वेक्षण गर्नका विभिन्न कारणमध्ये दुई कारण निकै प्रचलित देखिन आएको छ। उदाहरणस्वरूप कुनै पनि चुनावमा मतदाता राय बुझ्न नितान्त आवश्यक हुन्छ। यिनको मत नपाई चुनाव जितिँदैन। तसर्थ, विकसित मुलुकहरूमा त उनीहरूको मतलाई प्रभावित पार्ने उमेर, रुचि, इच्छा आदि सम्बन्धमा पनि तथ्याङ्क सङ्कलन गरिएका हुन्छन्। यसले चुनावमा खस्ने मतलाई आफ्नो दल तथा उम्मेदवारतर्फ आकर्षिक गर्न निकै सजिलो हुन्छ। अर्को प्रचलित कारण कुनै कार्यको सम्पादन गर्नुअघि वा गरेपछि आमजनताको राय बुझ्न प्रयोग गरिन्छ। उदाहरणस्वरूप, अहिले मालपोत दर घटाउने वा बढाउने निर्णय गर्न किसानहरूको राय बुझ्न खोजियो भने गाउँमा गएर सर्वेक्षण गर्नासाथ आमजनताको राय तुरुन्त पाउन सकिन्छ।

संविधान सम्बन्धमा त के कारणले सर्वेक्षण गरिएको हो, कारण नै त्यति प्रस्ट छैन। 'आमजनताको राय बुझ्न' भनेर तर्क प्रस्तुत गरिँदा त निकै आकर्षक देखिन्छ। आमजनताले त संविधान बनाउन आ-आफ्नो क्षेत्रबाट प्रतिनिधि निर्वाचित गरी पठाइसकेका छन्। सांसदहरूको मुख्य कार्य संविधान तर्जुमा हो। यस निमित्त उहाँहरूलाई आवश्यक मासिक तलब, भत्ता आदि प्रदान गरिएकै छ। तर, निर्वाचित प्रतिनिधिहरूले नै संविधानको काम अगाडि बढाउन सकेका छैनन्। अब फेरि गाउँ गएर उनीहरूले जनताको राय बुझ्न खोज्नु मनासिव कार्य होइन। विरोधसभा प्रस्ट छ। हो, निर्वाचित सांसदहरूले संविधानको मस्यौदा तयार गरी ग्रामीण स्तरमा आमजनताको राय बुझ्ने प्रक्रिया अपनाएको भए संविधानलाई अन्तिम रूप दिन निकै सहयोगी हुने थियो। तर, अहिले त सर्वेक्षण गर्नु र गर्न जानुलाई नै उपलब्धिका रूपमा हेरिएको छ।


५ लाख प्रश्नावली भरिएको छ भनिन्छ। प्रत्येक सदस्यलाई अहिले पाँच-पाँच सयका दरमा सङ्कलित तथ्याङ्कहरू सारणीकरण (Tabulation) गर्न दिइएको छ भनिन्छ। सांसदहरूले त प्रगणक (enumerator) भएर कार्य गरिरहनुभएको छ। यस्तो काम गर्न नेपाल सरकारको आफ्नै छुट्टै केन्द्रीय तथ्याङ्क विभाग छ। यो अनावश्यक मिहिनेत गर्न र समय खेर फाल्न सांसदहरूलाई कुनै आवश्यक थिएन। उत्तर कस्तो छ, त्यो त पछि जानकारी हुने कुरा हो। तर, जनताको राय अनुसार संविधान तयार गरिनेछ भन्नु भ्रम सिर्जना गर्नु मात्र हो। निर्वाचित सदस्य र राजनीतिक दलहरूले संविधान तर्जुमा सम्बन्धित विषयमा प्रस्ट राय दिन नसकेको अवस्थामा सर्वेक्षण र जनताको रायको आड लिनु न्यायसङ्गत कार्य मान्न सकिँदैन। मेरो विचारमा त जुन माध्यम, प्रक्रिया र लक्ष्य लिएर कल्पना गर्न नसकिने रकम खर्च गरेर सर्वेक्षण गरिएको छ, त्यसको आवश्यकता नै थिएन।

हाम्रो संविधान बनाउने माध्यमको आफ्नै विशेषता छ। संविधानसभालाई संविधान बनाउने केही आधार पहिले नै प्रस्ट गरिएको छ। ती हुन् : (१) गणतन्त्र, (२) धर्मनिरपेक्षता, र (३) सङ्घीय। यी तीनमध्ये गणतन्त्र सम्बन्धमा त राष्ट्रमा नै मतैक्यता छ भने दोस्रो कसैको माग नै थिएन। सङ्घीय संरचना सम्बन्धमा अहिले संविधानसभामा प्रतिनिधित्व गर्ने दलले नै विरोध गरिरहेको हामीले प्रस्ट देखिरहेका छौँ। आमजनताको के राय छ त्यो नै प्रस्ट छैन। तर, दुई विकल्प भने प्रस्ट हुन्छन् : (क) सङ्घीय गणतन्त्र नेपाल र (ख) गणतन्त्र नेपाल। अब यीमध्ये कुन राज्यको निमित्त संविधान बनाउने अर्थात् सङ्घीय गणतन्त्र नेपाल या गणतन्त्र नेपाल। त्यसैले माथि उद्धृत गरेका प्रश्नहरूमा जनताले प्रान्त नै आवश्यक छैन भन्न पाउने कि नपाउने ? जनताले नपाउने त कुरै भएन। यस्तो उत्तर दिन पाउने भएपछि प्रश्नावली पनि तदनुसार परिवर्तन गर्नुपर्छ र जनताबाट सर्वेक्षणमार्फत नै सङ्घीय संरचनामा बहुमतबाट तिरष्कृत हुने सम्भावना पनि बढ्छ। अब प्रश्न आउँछ : त्यसपछि ? यसको उत्तर त मसँग पनि छैन्।

सम्पादकज्यू ! यो सर्वेक्षण प्रश्नावली त प्याजको डल्लोजस्तो पो छ, जति खोल्यो अर्को पत्रबाहेक केही पनि भेटिँदैन र अन्त्यमा केही पनि बाँकी रहँदैन। सिवाय प्याजको पिरोपछि आएको आँसु। यस्तो विषयमा के लेख लेख्नु ! मेरो विवशता बुझिदिनूस्। शुभेच्छासहित !

# सङ्घीयता बाधक हुनेछ जलस्रोतको अधिकतम दोहनमा

**सङ्घीयताको सन्दर्भमा जलस्रोतबारे विवेचना गर्नुअगाडि जलस्रोत र अन्य प्राकृतिक स्रोतको बीचमा विद्यमान विभेद पहिचान गर्न आवश्यक हुन्छ। जमिन, जङ्गल, जडीबुटी, खनिज पदार्थजस्ता स्रोत स्थानीय बासिन्दा आफैँ संलग्न भएर उद्यम गरेर र उपयोग गरेर लाभान्वित हुन सक्छन्, प्रत्यक्ष लाभ लिन सक्छन्, रुखबाट टिपेर, जमिनबाट उखेलेर, जग्गा उत्खनन गरेर, खेती गरेर इत्यादि। तर, जलस्रोतको प्रकृति फरक छ। स्थानीय बासिन्दाले सिँचाइ, लघु जलविद्युत्, जलपर्यटन आदिबाट लाभान्वित हुन सक्छन् तर ठूला जलविद्युत् आयोजना निर्माण भएमा स्थानीय बासिन्दा प्रतिकूल प्रभावमा पर्छन् भने लाभान्वित हुन्छन् अन्यत्र बत्ती बाल्ने जनता।**



**रत्नसंसार श्रेष्ठ**
एफसीए

पूर्णतः एक अराजनीतिक व्यक्तित्व यस पङ्क्तिकारलाई राष्ट्रिय जनमोर्चाका तर्फबाट शान्तिवाटिकामा जलस्रोत र सङ्घीयता सम्बन्धमा गत वैशाख ९ गते प्रवचन दिन निम्ता आउँदा दुई विषयमा घोत्लिन बाध्य पार्‍यो। कुनै पनि प्रकारको साम्यवादमा विश्वास नगर्ने भएकाले उक्त राजनीतिक दलको निम्ता नै स्वीकृत गर्ने सम्बन्धमा अन्तरद्वन्द्व भयो। तर, लोकतन्त्र, मौलिक हक, कानुनी राज, राजनीतिक नियन्त्रण र सन्तुलनजस्ता मूलभूत सिद्धान्तहरूमा अधिकांश दलहरूमा फरक देखिन्न भने आर्थिक/वित्तीय हिसाबले सबै दलहरू एकै किसिमका देखिन थालेका छन्। तर, देशभक्ति, देशप्रेमको हिसाबले भने टड्कारो रूपमा दुई प्रकारका दलहरू देखिएका छन्, देशभक्ति, देशप्रेम भएका दल र राष्ट्रिय स्वार्थसँग सम्झौता गर्ने दल। तसर्थ, राष्ट्रिय स्वार्थको सम्बर्द्धनको मुद्दा उठाएको दलले गरेको आग्रहलाई अस्वीकार गर्ने इच्छा भएन। त्यसपछि विषयवस्तुबारेमा चिन्तन गर्दा उब्जेको निम्न विचारलाई यहाँ लिपिबद्ध गरिएको छ।

**अन्तरिम संविधानमा संघीयता**

नेपालमा चलेको जनआन्दोलन २०६२/६३ चरमोत्कर्षमा पुग्दा नेपालमा लोकतन्त्र मात्र स्थापना नभएर राजतन्त्रको पनि अन्त्य भयो। जनता आफैँले चुनेको संविधानसभाद्वारा नेपालको संविधान बनाउने नेपाली जनताको ००७ सालदेखि अपूर्ण आकाङ्क्षा परिपूर्ति हुने अवस्था पनि सिर्जना भयो। संविधानको ढाँचा कस्तो हुने, यसमा के-कस्ता कुरा लेख्नेलगायत मुलुक एकात्मक नै रहने कि सङ्घीयतामा जाने आदि विषयमा यो सभाले छलफल गरेर, निर्क्योल गरी संविधानमा समावेश गर्नुपर्ने थियो तर अन्तरिम संविधान लेख्ने जिम्मा पाएका विज्ञहरूले बढी जान्ने भएर, सङ्घीयता के कस्तो हो, यसले मुलुकमा के कसरी अनुकूल वा प्रतिकूल प्रभाव पर्छ भन्नेबारे नबुझेरै अन्तरिम संविधानमा नै नेपाललाई सङ्घीय राज्य घोषणा गरिदिए। यसले गर्दा एकात्मक राज्य संरचनाले नेपालमा निरन्तरता पाउने कि सङ्घीय संरचनामा जाँदा देश र जनता लाभान्वित हुन्छन् भन्ने विषयमा छलफल र सहमति गर्ने अवसरबाट संविधानसभालाई वञ्चित पारिने अवस्था भएको छ। तर, यसो भन्दैमा अन्तरिम संविधान लेख्नेहरूलाई संविधानसभाकै जस्तो अधिकारसम्पन्न मान्न सकिन्न र यस सम्बन्धमा छलफल, मन्थन, बहस जरुरी छ र यसपछि मात्र निर्णयमा पुगिनुपर्छ, नेपालजस्तो सानो मुलुकलाई वि( भिन्न प्रान्तहरूमा बिखण्डित गर्नु लाभदायक हुन्छ कि हुन्न भनेर।

**प्राकृतिक स्रोत**

जलस्रोत पनि प्राकृतिक स्रोतहरूमध्ये एक भए तापनि अन्य प्राकृतिक स्रोतभन्दा फरक छ। सङ्घीयताको सन्दर्भमा जलस्रोतबारे विवेचना गर्नुअगाडि जलस्रोत र अन्य प्राकृतिक स्रोतको बीचमा विद्यमान विभेद पहिचान गर्न आवश्यक हुन्छ। जमिन, जङ्गल, जडीबुटी, खनिज पदार्थजस्ता स्रोत स्थानीय बासिन्दा आफैँ संलग्न भएर उद्यम गरेर र उपयोग गरेर लाभान्वित हुन सक्छन्, प्रत्यक्ष लाभ लिन सक्छन्, रुखबाट टिपेर, जमिनबाट उखेलेर, जग्गा उत्खनन गरेर, खेती गरेर इत्यादि। तर, जलस्रोतको प्रकृति फरक छ। स्थानीय बासिन्दाले सिँचाइ, लघु जलविद्युत्, जलपर्यटन आदिबाट लाभान्वित हुन सक्छन् तर ठूला जलविद्युत् आयोजना निर्माण भएमा स्थानीय बासिन्दा प्रतिकूल प्रभावमा पर्छन् भने लाभान्वित हुन्छन् अन्यत्र बत्ती बाल्ने जनता।

नदीको प्रवाहमा आधारित जलविद्युत् आयोजना निर्माण हुँदा आयोजनाको अनुमतिपत्र (लाइसेन्स)ले प्रदान गर्ने जलाधिकारको कारण माथिल्लो तटीय क्षेत्रमा नयाँ जमिनमा सिँचाइ गर्नबाट वञ्चित हुन्छन् किनभने आयोजनालाई उपलब्ध हुने पानीको परिमाण घटेमा विद्युत् उत्पादन घट्नाले आयोजनाको राजस्व घटेर लगानीकर्तालाई घाटा हुने हुन्छ। दृष्टान्ततः कर्णाली आयोजना निर्माण भएमा जुम्लाका जनताले तीला नदीबाट समेत नयाँ सिँचाइ आयोजना निर्माण गर्नबाट वञ्चित हुन्छन्। यस अतिरिक्त नदी छेकेर नहर/सुरुङबाट आयोजनामा पानी लैजानाले नदीको एउटा भेग नै पानीरहित हुनपुग्छ (सडक मार्गबाट पोखरा जाँदा मर्स्याङ्दी नदीको यस्तो बेहाल टड्कारो रूपमा देखापर्छ) र नदीको यस भेगमा निर्भर स्थानीय बासिन्दाले परापूर्वदेखि आफूले प्रयोग गर्दै

आएको पानीबाट वञ्चित हुन्छन्। यस्तोमा उत्पादित बिजुली अन्य प्रान्तमा उपयोग हुने भएमा आयोजना निर्माणका लागि स्थानीय जनता राजी हुने सम्भावना अत्यन्त न्यून हुन्छ र सम्भाव्यता अनुरूप जलविद्युत् उत्पादन गर्ने सम्भावना क्षीण हुन्छ।

**जलाशययुक्त आयोजना**

नदीको प्रवाहमा आधारित आयोजनाभन्दा जलाशययुक्त आयोजनाले स्थानीय जनतालाई अझ बढी प्रतिकूल प्रभाव पार्छ, काली गण्डकी 'ए' आयोजनाले जस्तै नदीमा दिनभरि बगेको पानी सञ्चय गरेर आवश्यक समयमा विद्युत् उत्पादन गर्नेले सापेक्ष रूपमा कम प्रतिकूल प्रभाव पार्छ भने कुलेखानीजस्तो वर्षभरि परेको पानी सञ्चय गर्ने आयोजनाले अत्यधिक प्रतिकूल प्रभाव पार्छ। जलाशय निर्माण गरिँदा जग्गाजमिन, वनजङ्गल, वन्यजन्तु, पर्यटकीय स्थल, मन्दिर, देवालय, स्थानीय पूर्वाधारसमेत डुबानमा पर्नुका अतिरिक्त स्थानीय बासिन्दा विस्थापितसमेत हुन्छन्। यसरी ठूला जलाशययुक्त आयोजना निर्माण गरेर जलस्रोतको उपयोग गरेको अवस्थामा स्थानीय बासिन्दा लाभान्वित हुनुको सट्टा धेरै कुराबाट वञ्चित हुन्छन्।

अर्कोतिर जलाशययुक्त आयोजनाको निर्माणबाट तल्लो तटीय क्षेत्रमा सुक्खायाममा समेत थप पानी उपलब्ध हुन्छ, जुन खानेपानी, सिँचाइ, औद्योगिक प्रयोग, जलाधारको सुधार आदिमा मात्र उपयोग नभई, सुक्खायाममा निश्चित परिमाणमा पानी बग्नाले जलपरिवहन र जलक्रीडामा आधारित पर्यटकीय प्रयोगसमेत भएर तल्लो तटीय क्षेत्र लाभान्वित हुन्छ। यस्तोमा माथिल्लो तटीय प्रान्तले जलाशययुक्त बहुउद्देश्यीय आयोजना निर्माणमा सहमत हुने सम्भावना एकदम न्यून हुन्छ। उदाहरणका लागि धेरै टाढा जानु पर्दैन- भारत, पाकिस्तानमा विद्यमान यससम्बन्धी प्रान्तीय द्वन्द्व मात्र अवलोकन गरे पनि पुग्छ।

**पुन:बास**

अझ बढी मनमुटाव बढाउँछ बहुउद्देश्यीय आयोजनाबाट विस्थापित स्थानीय जनताको पुन:बासको मुद्दाले। जलाशय निर्माण गरिने पहाडी क्षेत्रमा पुन:बासका लागि आवश्यक जग्गा-जमिनको अभाव हुन्छ भने आवश्यक जग्गा उपलब्ध हुने ठाउँमा जातीय सन्तुलन बिग्रने कारण दर्शाएर पुन:बासका लागि सहमत हुन्नन्। पश्चिम तराईका थारुहरूले पश्चिम सेती आयोजनाबाट विस्थापितलाई आफ्नो भूभागमा पुन:वास गराउन असहमति नै जनाइसकेका छन्। यस्तोमा छुट्टाछुट्टै प्रान्त गठन भइसकेपछि अन्यत्र कतैका सहर-बजारहरूमा उज्यालो छर्नका लागि माथिल्लो तटीय प्रान्तले आफ्नो भूभाग डुबाएर, जनता विस्थापित गरेर जलाशययुक्त आयोजना निर्माण गर्न सहमत हुने सम्भावना हुँदैन।

**सिँचाइ तथा बाढी नियन्त्रण**

नेपालमा झन्डै ४० लाख हेक्टर खेतीयोग्य जमिन छ भन्ने तथ्याङ्क छ ( धेरैजसो तराईमा) भने ५ लाख हेक्टर (१३ प्रतिशतभन्दा कम) मात्र सिञ्चित छ, त्यो पनि अधिकांश वर्षामा मात्र, जसले गर्दा धेरैजसो जमिनमा एक बाली मात्र राम्ररी खेती गरिन्छ। देशमा खाद्य सुरक्षा बहाल गर्न र नगदे बाली( लगायत प्रवर्द्धन गरेर किसानलाई समृद्ध पार्न सुक्खायाममा समेत सिँचाइ गरेर खेती गरिनु, कम्तीमा तीन बाली लगाइनु पर्छ। यसका लागि जलाशय बनाएर वर्षायाम (चार महिना)मा परेको पानी सञ्चित गरेर बाँकी आठ महिना पनि सिँचाइ गर्नुपर्छ। जलाशय निर्माण गर्दा तल्लो तटीय क्षेत्रमा वर्षामा आउने बाढी पनि नियन्त्रण हुन्छ। यस्तोमा तराई छुट्टै प्रान्त बनेमा जलाशययुक्त आयोजना निर्माणको सम्भावना कमै हुन्छ।

**जलविद्युत्**

अहिले पश्चिमाञ्चल विकास क्षेत्रले सबभन्दा बढी (झन्डै ३ सय ३० मेगावाट) जलविद्युत् उत्पादन गरेर आधा मात्र खपत गर्छ भने पूर्वाञ्चल विकास क्षेत्रले १४ मेगावाट उत्पादन गरेर त्यसको बीसौं गुणा बढी उपयोग गर्छ। मध्यमाञ्चल विकास क्षेत्रले आफ्नो उत्पादन (२ सय ७५ मेगावाट) भन्दा केही बढी खपत गर्छ। विद्यमान पाँच विकास क्षेत्रहरूलाई नै प्रान्त घोषित गरिएमा यस किसिमको मिलीजुली उत्पादन एवम् उपयोगको सम्भावना कम हुन्छ। एक प्रान्तबाट अर्को प्रान्तमा कति मूल्यमा बिजुली उपलब्ध गराउने भन्ने सामान्य विषय पनि विवादमुक्त हुन नसकेर एक प्रान्तले अर्को प्रान्तमा विद्युत् आपूर्ति नै बन्द गर्नेसम्मको अवस्था आउन सक्छ।

**जलस्रोत सम्बन्धमा विवाद** Crap

सङ्घीयताको सँघारमा पुग्न लागेका नेपालीको आँखा छिमेकी भारतमा विद्यमान यससम्बन्धी विवादले मात्रै पनि खुल्नुपर्ने हो। पानीको बाँडफाँट सम्बन्धमा पञ्जाब र हरियाणाबीच विवाद छ भने नर्मदा विवादमा मध्यप्रदेश, महाराष्ट्र, गुजरात र राजस्थान संलग्न छन्। त्यस्तै तमिलनाडु र कर्णाटकबीच काबेरी विवादले उग्ररूप लिँदा अपेक्षातीत रूपमा काम भएको छैन। तथापि, भारतको भूभाग ठूलो हुनाले सङ्घीयतामा जानु जायजै मान्न सकिएला तर भारतको एक प्रान्तभन्दा पनि सानो (वा प्रान्तजत्रो) नेपाललाई अझ ससाना प्रान्तमा विभाजन गर्दा जलस्रोतको समुचित दोहनमा विभिन्न प्रान्तबीचको विवादले धेरै नै अवरोध पुऱ्याउने देखिन्छ।

**मित्रराष्ट्रसाग सन्धि गर्ने क्षमता**

कोसीदेखि गण्डकी, टनकपुर हुँदै महाकाली सन्धिसम्मको यात्रामा नेपालले धेरै गुमाइसकेको छ। यो क्रियाकलाप नेपालमा सङ्घीयता लागू हुनुभन्दाअगाडि भएको हो। तर, एकपटक नेपाल विभिन्न प्रान्तहरूमा विभाजित भएपछि यी प्रान्तहरू नै आपसमा द्वन्द्वरत रहने भएकाले मित्र राष्ट्रसँग सन्धि-सम्झौता गर्दा अझ बढी गुमाउने अवस्था आउनेछ। नेपालभित्रका विभिन्न प्रान्तलाई जुधाएर, लडाएर कोसी, गण्डकी, महाकाली पुनरावृत्ति गर्ने अभीष्ट पनि पूरा हुने अवस्था बन्न सक्छ। सम्झन के जरुरी छ भने एउटा पाउरोटी कसरी बाँड्ने भन्नेबारे दुई बिरालोबीच विवाद उठ्दा तराजुमा जोखेर बाँडफाँट गर्ने अग्रसरता देखाउने बाँदरले अलिअलि गरेर पूरै पाउरोटी खाइसकाएको कथा चरितार्थ हुने ठूलो जोखिम सङ्घीयतामा गएपछि खडा हुनेछ।

**अन्त्यमा**

विभिन्न प्रान्तहरूका फरक आकाङ्क्षा, आवश्यकताले गर्दा जलस्रोतको अधिकतम उपयोगमा अवरोध आउने सम्भावना धेरै छ। अझ प्रान्तहरूको सीमाङ्कन नदीमा आधारित गर्ने परिपाटी हुनाले दुई किनाराका प्रान्तहरूको दुई किसिमका आकाङ्क्षा हुने हुनाले विवाद अझ घनिभूत रूपमा खडा हुन्छ, जसले गर्दा समेत जलस्रोतको समुचित दोहन कष्टसाध्य हुनजान्छ। तसर्थ, अहिले हतारमा देशलाई विभिन्न प्रान्तमा खण्डित पारेमा पछि फुर्सदमा धेरै पछुताउनु पर्ने हुन्छ। समय छँदै यस सम्बन्धमा चेत्न जरुरी छ।

*(लेखक जलस्रोत विश्लेषक हुन्)*


*२०६६ जेठ ६ गतेको गोरखापत्र दैनिकमा प्रकाशित*









## उल्लास गणतन्त्रको

गणतान्त्रिक नेपालले एक वर्षको यात्रा पार गरेको छ नागरिक समाज नै पहिलो भएको छ । संविधानसभाले गणतन्त्र काठमाडौंको टुडिखेलमा सांस्कृतिक कार्यक्रमको अयोजना गर्दै थियो । गणतन्त्र घोषणा भएको दिन गणतन्त्रको स्वागत थिए ।

गणतन्त्रिक नेपालको एक वर्ष यात्रा पार गरेको उपल लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरौं भन्ने मूल नाराका गरेको थियो ।




गणतन्त्र घोषणाको पूर्व सन्ध्यामा नागरिक समाजले आयोजना गरेको सांस्कृतिक कार्यक्रम



गणतन्त्र घोषणा पश्चात नारायणहिटी दरबारमा पहिलो पटक फहराइएको राष्ट्रिय झण्डा



गणतन्त्रको स्वागत गरिँदै







। गणतन्त्रलाई स्वागत गर्नेमा
को घोषणा गर्नु पूर्वसन्ध्यामा
णतन्त्रलाई स्वागत गरिएको
गर्ने क्रममा जनता सडकमा

ध्यमा पनि नागरिक समाजले
साथ कार्यक्रमको अयोजना

- विमलचन्द्र शर्मा

# सङ्घीय एकाइको आर्थिक-प्राकृतिक स्रोतको प्रश्न महत्त्वपूर्ण हो


डा. पिताम्बर शर्मा

**सङ्घीय एकाइहरुको निर्माण गर्दा स्रोत र साधनको सम्भाव्यता कसरी सुनिश्चित गर्ने ? यो पनि सङ्घीयताका सन्दर्भमा सम्बोधन गरिनुपर्ने अत्यन्त जटिल प्रश्न हो।**

**देशलाई सङ्घहरूमा विभाजन गर्दा के आधारमा विभाजन गरिनुपर्छ र स्रोत र साधनको बाँडफाँट कसरी गरिनुपर्छ ?**

सबैभन्दा पहिला सङ्घीयतामा जानुको विषयमा प्रस्ट हुनु आवश्यक छ। मेरो विचारमा सङ्घीयतामा जानुका पछाडि मुख्य तीनओटा कारणहरू छन्। पहिलो, नेपाल राज्यको स्थापना र विस्तार मूलत: एउटा जाति, एउटा भाषा, एउटा धर्म पृष्ठपोषण गर्ने सन्दर्भमा भयो। २०५८ को जनगणना अनुसार नेपालमा १ सय ओटा पहिचान गरिएका जातिहरू बस्छन्। ९२ ओटा भाषाहरू बोलिन्छन्। त्यसैले सङ्घीयतामा जाँदा सम्बोधन गरिनुपर्ने प्रमुख प्रश्न सबैको जातीय, भाषिक, सांस्कृतिक पहिचानको हो। नेपालका विभिन्न जाति, भाषा, संस्कृतिको पहिचान र विकास कसरी सुनिश्चित गर्ने ? नेपाल राज्यको ऐनामा सबै जातजातिको अनुहार देखिने खण्ड कसरी निर्माण गर्ने ? नेपाल राज्यमाथि सबैको साझा स्वामित्व हुने खण्ड कसरी स्थापित गर्ने ? सङ्घीयताले पहिचानसँग जोडिएका यी प्रश्नहरूलाई सम्बोधन गर्न सक्नुपर्छ। दोस्रो, नेपाल राज्यको विकासको एउटा महत्त्वपूर्ण पक्ष यसको असमावेशी चरित्र हो। यसले गर्दा राज्यको सामाजिक, आर्थिक, प्रशासनिक, राजनीतिक नेतृत्व बाहुन-क्षेत्री र पछि नेवारजस्ता थोरै जातजातिमा मात्रै सीमित रह्यो। थोरैलाई काखा र बहुसङ्ख्यकलाई पाखा राज्य सञ्चालनको स्थापित नीति नै रह्यो। २००७ सालपछि 'विकास' राज्यको प्रमुख उद्देश्यका रूपमा अगाडि आयो तर विकासको फाइदा तिनै जातजाति, भाषाभाषीहरूले नै लिए, जो अगाडि थिए। ऐतिहासिक विभेद भोगेका बहुसङ्ख्यक जातजाति विकासको मूल प्रवाहमा आउने खण्ड नै भएन। यसैले सङ्घीयताले सम्बोधन गर्नुपर्ने अर्को प्रमुख प्रश्न समावेशी विकासको हो। नेपालको विकासमा सबै जातजातिका आकाङ्क्षाहरूलाई कसरी प्रतिविम्बित गर्ने ? ती सबैलाई विकासमा कसरी सहभागी तुल्याउने ? ऐतिहासिक विभेद भोगेका जातजातिमा विकासको प्रतिफलको साझेदारी कसरी सुनिश्चित गर्ने ? विकासलाई समतामूलक र सबैको समपहुँच हुने स्थितिको निर्माण कसरी गर्ने ? ऐतिहासिक विभेद भोगेका जातजातिलाई विकासको मूल प्रवाहमा पुऱ्याउन सकारात्मक विभेद र आरक्षणजस्ता नीतिहरूको कार्यान्वयन र तिनको अपेक्षित प्रभाव कसरी सुनिश्चित गर्ने ? समावेशी विकासको यो एउटा पाटो हो। अर्को पाटो स्रोत र साधनको हो। पहिचान जतिसुकै सघन होस्, त्यो विकासको माध्यम त्यसबेला मात्र हुन सक्छ, जब पहिचान सकारात्मक हुनसक्छ। यसैले समावेशी विकासका निम्ति आवश्यक स्रोत र साधनको प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण छ।

सङ्घीय एकाइहरूको निर्माण गर्दा स्रोत र साधनको सम्भाव्यता कसरी सुनिश्चित गर्ने ? यो पनि सङ्घीयताका सन्दर्भमा सम्बोधन गरिनुपर्ने अत्यन्त जटिल प्रश्न हो। सङ्घीयताका सन्दर्भमा सम्बोधन गर्नुपर्ने तेस्रो प्रश्न शक्ति विकेन्द्रीकरण र निक्षेपणको हो। झन्डै २ सय ५० वर्षसम्म नेपाल असाध्यै केन्द्रीकृत, असमावेशी, एकात्मक अधिराज्यका रूपमा विकसित भयो। त्यसले गर्दा नेपालको सबै प्रशासकीय, आर्थिक, राजनीतिक, सामाजिक शक्ति काठमाडौँमा केन्द्रित भयो। मोफसलको स्रोत र साधनले काठमाडौँ केन्द्रित राजनीतिक र सामरिक शक्तिलाई भरथेग गर्नुपर्छ तर केन्द्रको मोफसलप्रतिको दायित्व निगाहको मात्र हो भन्ने मानसिकताको विकास भयो। लोकतन्त्रको मर्म भनेको शक्तिको उद्भव नै शक्तिको स्रोत हुनुपर्छ भन्ने मान्यता हो। शक्तिको उद्भव र स्रोत जनता हुन्। त्यस कारण शक्तिको निक्षेपण र विकेन्द्रीकरण जनताको घर-दैलोमा पुग्ने गरी कसरी गर्ने भन्ने प्रश्न सङ्घीयताका सन्दर्भमा एकदमै दूरगामी महत्त्व राख्ने प्रश्न हो।

यसकारण सङ्घीयतामा जाँदा जातीय, भाषिक, सांस्कृतिक पहिचान, समावेशी विकास, शक्ति निक्षेपण र विकेन्द्रीकरणका प्रश्नहरूलाई एकैसाथ सम्बोधन गर्नुपर्ने हुन्छ। जातीय, भाषिक र सांस्कृतिक परिवेश के छ, जातीय, भाषिक, सांस्कृतिक समूहहरूको भौगोलिक वितरण कस्तो छ, विभिन्न समूहहरू कसरी सन्निकट भएर बसेका छन्, यी कुराहरूलाई हेर्नुपर्ने हुन्छ। समोवशी विकास भन्नासाथ विकासका लागि प्राकृतिक स्रोतसाधनको स्थिति के छ, आर्थिक सम्भाव्यता कति छ, आर्थिक स्वायत्तता कुन हदसम्म हुनसक्छ कि सक्दैन,

सङ्घीय एकाइ विकासको योजनाको एकाइ हुनसक्ने खण्ड कति छ र आर्थिक लेनदेनको स्थिति कस्तो छ आदि सबै कुराहरूलाई पनि हेर्नुपर्छ। राज्यको शासकीय संरचनामा वि(भिन्न तहमा शक्तिको बाँडफाँट र निक्षेपण कसरी गर्ने भन्ने प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। मूल कुरा के हो भने सङ्घीयताले खास जातजातिको सघन पहिचान हुने, समावेशी विकासका सम्भ(व्यताहरूलाई व्यवहारमा कार्यान्वयन गर्ने र विकेन्द्रीकरण र शक्ति निक्षेपण नगरी नहुने शासकीय संरचनालाई अवश्यम्भावी बनाउँछ।

**सङ्घीयताका बारेमा सबैले आ-आफ्नो धारणा प्रस्तुत गरिसकेको र हाल दलहरूका बीचमा समेत यो विषयमा एकरूपता नदेखिएको अवस्थामा यसको मि(लनविन्दु के हुनसक्ला र यसले संविधान निर्माण प्रक्रियामा कस्तो असर पार्ला ?**

सङ्घीयताका बारेमा एक-दुई दलले मात्र आफ्नो सर्वाङ्गीण धारणा सार्वजनिक गरेका छन्। माओवादीले जातीयतालाई नै सङ्घीयताको मुख्य आधार मानेको छ। मधेसवादी दलहरूले 'एक मधेस एक प्रदेश'को नारासहित तराई, पहाड र हिमाललाई प्रदेश मान्नु पर्ने जिकिर गरेका छन्। जातीयताको आधार लिने हो भने नेपालको पहाडी प्रदेशमा पूर्वतिरबाट लिम्बू, शेर्पा, राई, तामाङ, नेवार, मगर, गुरुङ, क्षेत्री गरी आठवटा जातीय बाहुल्य (सघन बसोवास तर बहुमत हैन) भएका क्षेत्र छन्। तर, क्षेत्री र तामाङबाहेक अन्य क्षेत्रहरूमा खास जातिहरू अल्पसङ्ख्यामा पर्छन्। फेरि लिम्बू क्षेत्रमा राई, राई र तामाङ क्षेत्रमा क्षेत्री, मगर क्षेत्रमा बाहुनका सघन बसोवासका ठाउँहरू छन्। अर्थात्, खास जातीय बाहुल्य भए पनि यी क्षेत्रहरू मूल रूपमा बहुजातीय र बहुभाषिक नै छन्।

त्यस्तै, तराई र भित्री मधेसमा थारु जाति र मैथिली भाषिक समूहको बाहुल्य भएका क्षेत्र छन्। तर, बसाइँसराइले गर्दा तराईको जनसाङ्ख्यिकीमा पनि ठूलो परिवर्तन आएको छ र यी क्षेत्रहरू पनि बहुजातीय र बहुभाषिक नै हुन पुगेका छन्। नेपालमा सबैभन्दा व्यापक रूपले वितरित जात क्षेत्री र बाहुनको हो। यी दुई समूह नेपालको कुल जनसङ्ख्याको ३१ प्रतिशतको हाराहारीमा छन्। तेस्रो ठूलो समूह दलितको हो, यिनीहरू कूल जनसङ्ख्याको १३ प्रतिशतजति छन्। तर, अरू जात जस्तै दलितहरूको बाहुल्यको आफ्नो जोडिएको व्यापक क्षेत्र छैन। जनज(ातिहरू समष्टिमा कुल जनसङ्ख्याको झन्डै ३७ प्रतिशत छन् तर सबभन्दा ठूला जनजाति समूह मगर र थारु कुल जनसङ्ख्याको सात-सात प्रतिशत मात्र छन्। 'एक मधेस एक प्रदेश'को मधेसवादी दलहरूको नाराको भौगोलिक, जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथ्यसँग कुनै सामञ्जस्य वा औचित्य छैन। खास तराई अर्थात् चितवन र दाङबाहेकका १८ जिल्ला एउटै अविच्छिन्न भौगोलिक एकाइ होइनन्। जातीय हिसाबले तराईकै ५९ जातीय समूह छन्। भाषिक हिसाबले तराईकै पाँच भाषिक समूह छन्। जनजातिहरू र मुसलमानको आ-आफ्नै भिन्न धार्मिक र सांस्कृतिक परिचय छ। फेरि छवटा मधेसका जिल्लामा पहाडी जनसाङ्ख्यिक समूहहरूको बहुमत छ। आर्थिक हिसाबले पनि पूर्व र पश्चिम तराईको पारस्परिक आर्थिक लेनदेन न्यून छ। 'एक मधेस एक प्रदेश'को मधेसवादी दलहरूको नारा ऐतिहासिक रूपले राज्यले गरेको विभेदको प्रतिक्रियास्वरूप उठेको हो। यसले मधेसलाई एक प्रदेश बनाएर पहाडलाई आर्थिक हिसाबले बन्धक बनाउने र तराईभित्रको व्यापक सामाजिक विभेद र असमानतालाई नजरअन्दाज गर्ने राजनीतिक दाउको छनक मात्र दिन्छ। राज्यको पुन:संरचना गर्दा केही सामान्य सिद्धान्त वा आधारको ख्याल राख्नु आवश्यक होला। पहिलो कुरा, जातीय र भाषिक वितरण कस्तो छ भन्ने हेर्न आवश्यक छ। सबै जात, जातिका सङ्घीय एकाइ बनाउन सकिन्न। ऐतिहासिककालदेखि नै एकअर्काका नजिक बसेका जातजातिहरूलाई समाहित गरेर प्रदेश बनाउनु औचित्यपूर्ण हुन्छ। जातीय प्रदेशको वकालत गर्नेहरूले पनि जातीय राज्यको स्वरूपका बारेमा व्याख्या गरेका छैनन्, त्यो गरिनु आवश्यक छ। जातीय प्रदेश पनि स्थापित लोकतान्त्रिक मान्यतामा आधारित हुने होला नै। त्यस्ता प्रदेशमा खास जातिबाहेक अन्यले राज्य सञ्चालनमा सहभागी नै हुन नपाउने हो कि वा खास जातिको अग्राधिकार हुने हो कि ? यी सब कुराबारे स्पष्ट हुनु जरुरी छ। धेरैजसो जातीय प्रदेशमा खास जाति बहुमतमा नहुने खण्ड नेपालमा छ। माओवादीले भनेको लिम्बूवानलाई हेर्ने हो भने त्यहाँ लिम्बूहरू २६ प्रतिशत मात्रै हुन्छन्। त्यसकारण अल्पसङ्ख्यकको पहिचानलाई कसरी स्थापित गराउने, अल्पसङ्ख्यकलाई कसरी सशक्तीकरण गर्ने, अल्पसङ्ख्यकको समस्याको व्यवस्थापन कसरी गर्ने ? यी प्रश्नहरू पनि सङ्घीयताको मर्मसँग जोडिएका प्रश्न हुन्। नेपाल मूलत: अल्पसङ्ख्यकको देश हो। कतिपय जाति सङ्ख्याको हिसाबले अल्पसङ्ख्यक छन्। कतिपय जाति सङ्ख्याका हिसाबले ठूला भए पनि राज्यको सामाजिक, राजनीतिक व्यवहारले अल्पसङ्ख्यकसरह छन्। त्यसकारण पहिचानको प्रश्नलाई महत्त्व दिनैपर्छ। दोस्रो, सङ्घीय एकाइहरूमा आर्थिक रूपले, सम्भाव्यता भएका र विकास गर्न सकिने सम्पदा भएका खण्डमा आर्थिक विकास गर्न सजिलो हुन्छ। सधैँ केन्द्रको मुख ताक्नु पर्ने स्थिति रह्यो भने स्वायत्तताको अर्थ रहँदैन, यसबारे पनि विचार पुर्‍याउनु पर्छ। अहिले पहिचान गरिएका जातीय क्षेत्रहरूको आर्थिक सम्भावनाहरू के के छन्, यसमा अध्ययन हुन पनि आवश्यक छ। सकारात्मक पहिचान र विकास एकअर्कासँग अन्योन्याश्रित रूपले जोडिएका कुरा हुन् भन्ने पनि बिर्सनु हुन्न। तेस्रो, सङ्घीय एकाइहरूको सङ्ख्या बढीमा सात-आठ भन्दा बढी गर्नु प्रशासकीय र आर्थिक हिसाबले उपयुक्त नहोला। प्रदेशको क्षेत्रफल जति ठूलो हुन्छ, आर्थिक सम्भाव्यता त्यत्ति नै बढी हुन्छ तर जातीय पहिचान पातलो हुनसक्छ। फेरि सङ्घीय एकाइहरूको सङ्ख्या कति हुने भन्ने कुरा ती एकाइलाई कस्ता र कति अधिकार दिने भन्ने कुरासँग अन्योन्याश्रित रूपले जोडिएको हुन्छ। चौथो, सङ्घीय एकाइहरू प्रादेशिक विकासका एकाइहरू पनि हुनुपर्छ भन्ने मेरो मान्यता छ। जिल्ला तहमा जातीय पहिचान हुने र सङ्घीय तहमा नेपालको पहाड, तराई, हिमालको अन्तरप्रादेशिक लेनदेन हुने गरी एकाइहरूको निर्माण गर्नुपर्छ। नेपालका भौगोलिक प्रदेशका प्राकृतिक स्रोतहरू एकअर्काका परिपूरक छन्। पहाडमा पानी छ, जल ऊर्जाको प्रसस्त सम्भ(ावना छ, तराईमा ऊर्जा भूमि छ, कृषिमा आधारित औद्योगीकरणको सम्भावना छ।

**सङ्घीयताका सन्दर्भमा आर्थिक, प्राकृतिक स्रोतको बाँडफाँटको प्रश्न महत्वपूर्ण हो। सङ्घहरुको ढाँचा कस्तो हुने, कतिओटा सङ्घ चाहिने भन्ने विषय पनि त्यसैले निर्धारण गर्छ। नेपाल राज्यको पुनःसंरचनाको प्रश्न र सङ्घीय एकाइलाई कति आर्थिक, प्रशासनिक, राजनीतिक अधिकार दिने भन्ने विषयलाई एकैपटक हेर्नुपर्छ। कति सङ्घ बनाउने र शक्ति कति दिने भन्ने विषय समानान्तर रुपमा जाने विषय हुन्। यदि आर्थिक र राजनीतिक अधिकार कम दिने हो भने जति सङ्घीय एकाइ बनाए पनि हुन्छ। जति अधिकार बढी दिइन्छ, त्यति सङ्घीय एकाइ ठूलो हुनुपर्ने खण्ड बन्छ किनभने आर्थिक दायित्व बहन गर्ने क्षमता पनि त चाहियो।**

पहाडमा पर्याप्त पर्यटनको सम्भाव्यता छ, तराईमा धार्मिक र वन्यजन्तु आधारित पर्यटनको सम्भाव्यता छ। दुवैमा आ-आफ्ना किसिमका जैविक विविधता छन्। अन्तरभौगोलिक प्रादेशिक लेनदेन सबल नबनाउन्जेल नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्था सबल हुन सक्दैन। यो कुरालाई पनि हेर्नुपर्ने त्यत्तिकै आवश्यकता छ।

**सङ्घीयताले देश टुक्र्याउँछ र नेपालजस्तो भौगोलिक विविधतायुक्त देशलाई सङ्घीयता नभई स्वायत्तता दिइनुपर्छ भन्ने मान्यतालाई यहाँले कसरी खण्डन गर्नुहुन्छ ?**

सङ्घीयतामा जाँदा देश टुक्रिन्छ भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ ती राजनीतिक दलहरूले दिनुपर्छ, जो सङ्घीयतातिर जान चाहिरहेका छन्। मेरा विचारमा सङ्घीयताले देश विखण्डन हुँदैन। सङ्घीयता जातीय पहिचान स्थापित गर्न समावेशी विकास गर्न र शक्तिको निक्षेपण गर्न आजको नेपालको आवश्यकता भइसकेको छ। सङ्घीयताले राष्ट्रको स्वामित्वलाई व्यापक तुल्याउने खण्ड बनाउँछ। यदि कुशल राजनीतिक तरिकाले, सम्भाव्य आर्थिक हिसाबले, जातिको पहिचान हुने तर अल्पसङ्ख्यकका अधिकारहरू पनि सुनिश्चित हुने प्रकारले सङ्घीयतातिर गइयो भने देश बलियो हुन्छ। हाम्रा विविध जाति, भाषा, संस्कृति भएर पनि सबैभन्दा माथि हामी नेपाली हौं भन्ने भावना जगाउन सक्यौं र त्यस्ता संस्थाहरूको निर्माण गर्न सक्यौं भने विखण्डन हुँदैन। यसैले राजनीतिक दलहरू, जातीय समूह र संस्थाहरूले सङ्घीयताका आ-आफ्ना सोचाइहरूलाई स्पष्ट रूपमा अगाडि ल्याउनुपर्छ र हेक्का राख्नुपर्छ कि उनीहरूको सङ्घीयताको सोचले राज्य टुक्रिँदैन, बरु अझ सबल बन्छ। मेरो गोरुको बाह्रैटक्का भन्न खोजियो, देश जता जाओस्, मेरो माग पूरा हुनैपर्छ भनेर अड्डी लिइयो र विदेशीका इसारामा सारा राष्ट्रलाई नै बन्धक बनाउने कुत्सित खेल खेलियो भने बिखण्डन पनि हुनसक्छ। तर, मलाई के लाग्छ भने नेपाली जनता यहाँका नेता भन्दा बढी बुद्धिमान र विवेकशील छन्। यो भूगोलको आफ्नोपनलाई र यसमा समाहित सपनाहरूलाई उनीहरू कुनै पनि मूल्यमा खण्डित हुन दिँदैनन् ।

**देशलाई सङ्घीयतामा विभाजन गर्दा केन्द्रीय र सङ्घीय राज्यबीच आर्थिक स्रोतको बाँडफाँट कसरी गरिनुपर्छ ?**

सङ्घीयताका सन्दर्भमा आर्थिक, प्राकृतिक स्रोतको बाँडफाँटको प्रश्न महत्त्वपूर्ण हो। सङ्घहरूको ढाँचा कस्तो हुने, कतिओटा सङ्घ चाहिने भन्ने विषय पनि त्यसैले निर्धारण गर्छ। नेपाल राज्यको पुन:संरचनाको प्रश्न र सङ्घीय एकाइलाई कति आर्थिक, प्रशासनिक, राजनीतिक अधिकार दिने भन्ने विषयलाई एकैपटक हेर्नुपर्छ। कति सङ्घ बनाउने र शक्ति कति दिने भन्ने विषय समानान्तर रूपमा जाने विषय हुन्। यदि आर्थिक र राजनीतिक अधिकार कम दिने हो भने जति सङ्घीय एकाइ बनाए पनि हुन्छ। जति अधिकार बढी दिइन्छ, त्यति सङ्घीय एकाइ ठूलो हुनुपर्ने खण्ड बन्छ किनभने आर्थिक दायित्व बहन गर्ने क्षमता पनि त चाहियो। सङ्घीयतामा शक्तिको बाँडफाँट गर्दा जातीय पहिचान, समावेशी विकास र शक्ति निक्षेपणलाई ध्यानमा राखेर गर्नुपर्छ। यो एकदमै महत्त्वपूर्ण प्रश्नमा अहिले हाम्रा राजनीतिक दलहरूले प्रवेश गरेकै छैनन्। जब आर्थिक स्रोतको बाँडफाँट र अधिकारसम्बन्धी सङ्घीय, प्रादेशिक, स्थानीय र सामुदायिक सूची र समवर्ती सूचीहरू बन्लान्, तब मात्र यो विषयको गहिराइमा दलहरूले प्रवेश गर्लान्। सामान्यतया, आर्थिक स्रोतको बाँडफाँट गर्दा केन्द्रको समन्वयकारी भूमिकालाई बढी ध्यान दिनुपर्छ। यसैले आर्थिक स्रोत, राजस्व आदिको तोकिएको हिस्सा केन्द्रमा आउने व्यवस्था आवश्यक हुन्छ। सबै सङ्घीय एकाइ वा प्रदेशको हैसियत समान हुँदैन। धनी र सापेक्षिक रूपले गरिब प्रदेशहरूका बीच प्राथमिकताका विकासका कामहरूमा समान अवसर प्रदान गर्न र समन्वय स्थापित गर्न केन्द्रले अनुदानका माध्यमबाट स्रोतको स्थानान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ। यस्तो बाँडफाँडका निम्ति वित्तीय आयोग, प्राकृतिक स्रोत आयोगजस्ता संवैधानिक आयोगहरूको व्यवस्था गर्ने चलन धेरै देशहरूमा छ।

# दलहरूको धारणाको छेउटुप्पो मिल्दैन

**अदालतहरु छन्। मेरो विचारमा न्याय प्रक्रियालाई प्रभावकारी बनाउने र व्यवस्थित बनाउने हो भने एकात्मक प्रकृतिकै न्यायिक संरचना उपयुक्त हुन्छ। यस अन्तर्गत सङ्घहरुको विवाद र मौलिक हकको व्याख्या गर्न एउटा सर्वोच्च अदालत, दोस्रो तहमा प्रादेशिक अदालतहरु र तेस्रो तहमा स्थानीय अदालतहरु राख्न सकिन्छ। स्थानीय अदालत अन्तर्गत पनि विषयगत अदालतहरु जस्तै पारिवारिक अदालत, वाणिज्य अदालत, श्रम अदालतको व्यवस्था गर्न सकिन्छ।**



भिमार्जुन आचार्य

**हालको न्यायिक संरचनामा रहेका सबल र दुर्बल पक्षहरू के के हुन् ?**

नेपालको कानुनी प्रणाली अन्तर्गतको न्यायिक संरचना मूलत: कमन ल सिस्टमबाट प्रभावित प्रणाली हो। भूत लक्षित यो प्रणालीको विशेषता हो। हिजो कस्तो खालको मूल्य-मान्यता स्थापित गरिएको हो, त्यस आधारमा आजको कुरा निर्णय गर्ने भन्ने यस पद्धतिको विशेषता हो। दोस्रो यो प्रणालीको विशेषता भनेको कार्यविधिमा आधारित हुन्छ। कतिपय आधारमा हामीले अवलम्बन गरेको यो प्रणालीको सकारात्मक विशेषता हो भन्न पनि सकिन्छ। मेरो आफ्नो विचारमा भूत लक्षित प्रणाली र केवल कार्यविधिमा आधारित कानुनी प्रणाली न्यायको दृष्टिकोणबाट उपयुक्त मानिँदैन। त्यसकारण नेपालमा हालसम्म सञ्चालित कानुनी प्रणाली कमन ल सिस्टमबाट प्रभावित छ। केही आफ्नै विशेषताबाट प्रभावित छ। आफ्नै परम्परागत मूल्य-मा( न्यताबाट आएका कुरालाई हाम्रो विशेषता मान्नुपर्छ तर कमन लका कतिपय कुराहरू अनुसरण गर्ने क्रममा भएका त्रुटिहरूलाई सच्याउनु पर्छ। तसर्थ, भइरहेको कानुनी संरचनाप्रति मेरो मिश्रित प्रतिक्रिया छ। केही सकारात्मक छन्, केही नकारात्मक छन्।

**सङ्घीय संरचनामा न्यायालयको स्वरूप कस्तो हुनुपर्छ र न्यायालयको भूमिकालाई प्रभावकारी बनाउन के गर्नुपर्छ ?**

पहिलो कुरा त मुलुक र जनताको हितको कुरा गर्ने हो भने सङ्घीय प्रणालीमा नजाँदा राम्रो हुन्छ। जाने नै हो भने, सबैभन्दा पहिला बाहिरको अभ्यास हेर्नु आवश्यक हुन्छ। सङ्घीय प्रणालीमा गएका देशको न्यायिक प्रणाली तीन प्रकारको देखिन्छ। एउटा, अमेरिकीहरूले अवलम्बन गरेको र अमेरिकी सङ्घबाट प्रभावित राष्ट्रहरूले अवलम्बन गरेको टू टायर सिस्टम अर्थात् जतिओटा प्रान्त निर्माण गरिन्छ, त्यहाँ त्यति नै ओटा स्वतन्त्र न्यायालय रहने भन्ने हो। दोस्रो क्यानाडाले अवलम्बन गरेको इन्टिग्रेटेड न्यायिक प्रणाली अवलम्बन गरेको छ। तेस्रो प्रणाली भनेको भारतले अवलम्बन गरेको प्रणाली हो, जहाँ सङ्घीय राज्य हुँदाहुँदै पनि न्याय प्रणाली एकात्मक प्रकृतिको छ। उदाहरणका लागि भारतमा एउटा सर्वोच्च अदालत, उच्च अदालतहरू र स्थानीय अदालतहरू छन्। मेरो विचारमा न्याय प्रक्रियालाई प्रभावकारी बनाउने र व्यवस्थित बनाउने हो भने एकात्मक प्रकृतिकै न्यायिक संरचना उपयुक्त हुन्छ। यस अन्तर्गत सङ्घहरूको विवाद र मौलिक हकको व्याख्या गर्न एउटा सर्वोच्च अदालत, दोस्रो तहमा प्रादेशिक अदालतहरू र तेस्रो तहमा स्थानीय अदालतहरू राख्न सकिन्छ। स्थानीय अदालत अन्तर्गत पनि विषयगत अदालतहरू जस्तै पारिवारिक अदालत, वाणिज्य अदालत, श्रम अदालतको व्यवस्था गर्न सकिन्छ। यसरी सर्वोच्च अदालत, प्रादेशिक अदालत र स्थानीय अदालत गरी तीन तहको एकात्मक प्रकृतिको न्यायिक संरचनाको व्यवस्था गर्न उपयुक्त हुन्छ। यसबाहेक व्यवस्था गर्न सकिने हो भने यी तीन प्रकारका अदालतबाहेक संवैधानिक अदालतको पनि व्यवस्था गर्न सकिन्छ। यदि संवैधानिक अदालतको व्यवस्था गर्ने हो भने सर्वोच्च अदालतको कार्यक्षेत्रमा हेरफेर गर्नुपर्छ। संवैधानिक अदालतलाई सङ्घहरूको विवाद, संविधानको व्याख्या र मौलिक हकको क्षेत्राधिकार दिनुपर्छ। बाँकी देवानी, फौजदारी प्रकृतिको मुद्दा तीन तहको अदालतलाई क्षेत्राधिकार दिनुपर्छ। तर, व्यस्थापन गर्न सक्ने होइन। संसारको अभ्यास र हाम्रो आवश्यकतालाई हेर्दा तीन तहको अदालतबाहेक संवैधानिक अदालतको व्यवस्था गर्न सकिन्छ यदि त्यसलाई व्यस्थापन गर्न सक्ने हो भने, जुन एउटा मात्र हुन्छ।

**हाल दलहरूले न्यायालयको सम्बन्धमा जुन धारणा पेस गरेका छन्, यस सम्बन्धमा यहाको धारणा कस्तो रहेको छ ?**

दलहरूलाई यसबारेमा केही जानकारी नै छैन। उहाँहरूले जुन धारणा

**उहाँहरुले जुन धारणा प्रस्तुत गर्नुभएको छ, त्यसको छेउटुप्पो केही पनि मिल्दैन। सबै धारणाहरु कन्फ्युज छ। उहाँहरुले यसमा विज्ञहरुको राय-सल्लाह अवलम्बन गर्नुपर्छ। २४ ओटा दलको घोषणापत्र हेर्ने हो भने न्यायिक संरचनाका बारेमा स्पष्ट धारणाहरु देखिँदैन। पुनः त्यो पनि एक दल र अर्को दलबीच बाझिएको र प्राविधिकि विषय पनि भएकाले उहाँहरुले कस्तो प्रकारको न्याय प्रणाली बनाउन खोजेको हो, त्यसको राजनीतिक सिद्धान्त मात्र दिन सक्नुहुन्छ। प्राबिधिक पक्ष जटिल भएको हुँदा प्राविधिकहरुको संयुक्त सल्लाह र सुझावमा उपयुक्त मोडल निकाल्न सकिन्छ।**

प्रस्तुत गर्नुभएको छ, त्यसको छेउटुप्पो केही पनि मिल्दैन। सबै धारणाहरू कन्फ्युज छ। उहाँहरूले यसमा विज्ञहरूको राय-सल्लाह अवलम्बन गर्नुपर्छ। २४ ओटा दलको घोषणापत्र हेर्ने हो भने न्यायिक संरचनाका बारेमा स्पष्ट धारणाहरू देखिँदैन। पुनः त्यो पनि एक दल र अर्को दलबीच बाझिएको र प्राविधिकि विषय पनि भएकाले उहाँहरूले कस्तो प्रकारको न्याय प्रणाली बनाउन खोजेको हो, त्यसको राजनीतिक सिद्धान्त मात्र दिन सक्नुहुन्छ। प्राविधिक पक्ष जटिल भएको हुँदा प्राविधिकहरूको संयुक्त सल्लाह र सुझावमा उपयुक्त मोडल निकाल्न सकिन्छ। यसो गर्दा कुनै एक दलको घोषणापत्रलाई आधार मानी अगाडि बढ्नुपर्छ भन्ने म देख्दिनँ।

**नेकपा माओवादीले अदालतले गरेको निर्णयका सम्बन्धमा आमनागरिकले आक्रोश पोख्ने व्यवस्थासमेत राखिनुपर्छ भनेको छ। यसलाई कसरी लिन सकिन्छ ?**

यो गलत कुरा हो। कानुनको शासनमा त्यो सम्भव नै हुँदैन। कानुनको शासन र न्यायिक स्वतन्त्रतामा विश्वास गर्ने हो भने यी दुई चीजको पूर्णरूपले त्यो एन्टी थेसिस हो। कानुनी शासन र न्यायिक स्वतन्त्रताको सिद्धान्तमा अदालतको काम-कारबाहीमा नाराबाजी गर्ने, नागरिकहरूको नाममा त्यसलाई निषेध गर्ने, पुत्ला जलाउने कार्य सम्भव हुँदैन। न्यायालयले गरेको निर्णयका विषयमा नाराबाजी गर्ने कार्य केवल अधिनायकवाद प्रणालीमा मात्र सम्भव हुनसक्ला तर विधिको शासनमा त्यो सम्भव हुन सक्दैन।

**न्यायालयको प्रभावकारितालाई बढाउन आगामी संविधानमा के कस्तो प्रावधान राखिनुपर्छ ?**

यसमा मूलतः दुईओटा कुराहरू महत्त्वपूर्ण हुन्छन्। एउटा न्यायालयको संरचनागत स्वतन्त्रता र सक्षमता प्रत्याभूत गर्नुपर्छ। अर्को, कार्यगत स्वतन्त्रता र सक्षमता प्रत्याभूत हुनुपर्छ। यी दुई चीज भयो भने मात्र न्यायालय प्रभावकारी हुन्छ। अहिलेसम्म चलिआएको पद्धतिमा यी दुई कुरामा केही कमजोरी देखिएको छ। सैद्धान्तिक रूपमा अहिलेको संरचना स्वतन्त्र भए पनि कार्यगत रूपमा सक्षम हुन सकिरहेको छैन। अब बन्ने संविधानमा न्यायालयको संरचना, कार्यमा स्वतन्त्रताको प्रत्याभूत गर्न सकियो र सक्षमतालाई पनि प्रत्याभूत गर्न सकियो भने साँच्ची नै न्यायपालिका वा न्यायप्रणाली सक्षम हुन्छ। यसका लागि राजनीतिबाट पूर्णरूपमा न्यायप्रणालीलाई मुक्त गरिनुपर्छ। कुनै पनि प्रकारको राजनीतीकरण वा राजनीतिको प्रभाव न्यायालयमाथि हुनु भनेको त्यो न्याय र न्यायालय राज्यबाट समाप्त हुनु हो।

**न्यायालयलाई जनताप्रति उत्तरदायी बनाउन के कस्तो व्यवस्था गरिनुपर्छ ?**

यो एकदमै गलत कुरा हो। न्यायालय जनताप्रति उत्तरदायी हुन्छ भन्नु सतप्रतिशत गलत बुझाइ हो। न्यायालय कहिल्यै पनि जनताप्रति उत्तरदायी हुनै सक्दैन। न्यायालय केवल कानुन र संविधानप्रति जवाफदेही हुन्छ। संसारको कुनै पनि स्वतन्त्र न्यायालय जनताप्रति जवाफदेही हुँदैन। यो धारणा नै गलत हो। राज्यमा दुई प्रकारका संस्थाहरू हुन्छन्। एउटा राजनीतिक प्रकृतिको र अर्को गैरराजनीतिक प्रकृतिको। कवेल राजनीतिक प्रकृतिका संस्थाहरू मात्र जनताप्रति जवाफदेहीं हुन्छन्। किनभने, तिनीहरूको गठन नै जनताबाट प्रत्यक्ष रूपमा भएको हुन्छ। उदाहरणका लागि व्यवस्थापिका, कार्यपालिका। राज्यभित्रका कतिपय संस्थाहरू गैरराजनीतिक प्रकृतिका हुन्छन्। जसको जवाफदेहिता केवल कानुन र संविधानप्रति हुन्छ। यदि न्यायालय जनताप्रति जवाफदेही हुन्छ भन्ने हो भने उसले जनताका कुनै पनि मुद्दा सुन्न सक्दैन। किनभने, हरेक मुद्दामा एउटा पक्ष, अर्को विपक्ष हुन्छ। जनताप्रति उत्तरदायी हुने हो भने कुनै फैसला नै गर्न सक्दैन। कसैलाई हराउने र जिताउने गर्नै सक्दैन। तसर्थ, न्यायालय, न्यायाधीशले कानुन र संविधानप्रति शपथ खाएको हुनाले उसको जवाफदेहिता कानुन र संविधानमा हुन्छ। कानुन र संविधान अनुसार चल्नु भनेको जनताको आकाङ्क्षाबमोजिम चल्नु हो भन्न सकिन्छ। किनभने, जनताकै कुरा संविधानमा लेखिन्छ र सोही अनुसार चल्नुपर्छ। तर, न्यायालय प्रत्यक्ष रूपमा जनताप्रति उत्तरदायी हुन्छ भन्ने हो भने त्यो पूर्ण रूपमा गलत हो।

# संविधान र नागरिक तथा राजनीतिक अधिकार



विद्या चापागाई

**नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि (यसपछाडि महासन्धि भनिने) लगायत छ मुख्य मानवअधिकार र मानव गरिमा र अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धि अनुमोदन गरेको छ।**

संविधानसभाको मूल जिम्मेवारी सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक नयाँ नेपालको संविधान तयार गर्नु हो। यस अवधिसम्म अन्तरिम संविधान नै नेपालको मूल कानुनको रूपमा रहेको छ। शान्ति प्रक्रियाको सफलताका लागि र नयाँ नेपालको विश्वसनीयताका लागि नयाँ बन्ने संविधान अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड अनुरूप हुनु जरुरी छ। नयाँ संविधान तयार गर्न लागिपरेको समूहलाई संविधानमा आवश्यक संरक्षणका उपाय समाहित गर्नका लागि सुझाव दिने उद्देश्यले यस प्रतिवेदनले अन्तरिम संविधानका नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय मापदण्डसँगको तुलनात्मक अध्ययन गर्नेछ।

नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि (यसपछाडि महासन्धि भनिने)लगायत छ मुख्य मानवअधिकार र मानव गरिमा र अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धि अनुमोदन गरेको छ। महासन्धि नागरिक तथा राजनीतिक अधिकारलाई निर्देश गर्ने सबैभन्दा विस्तृत सन्धि हो र यो सबैभन्दा धेरै संयुक्त राष्ट्र सङ्घीय सदस्यले अनुमोदन गरेको पनि हुनाले यसैका आधारमा सङ्गतताको अध्ययन गरिनेछ।

**स्वतन्त्रताको अधिकार**

लोकतान्त्रिक समाजका लागि आवश्यक स्वतन्त्रताका अधिकारहरू धारा १२ मा उल्लिखित छन्। विचार, अभिव्यक्ति, भेला हुने, सङ्गठित हुने, आवतजावत, बसाइँ र रोजगार रोज्ने स्वतन्त्रता यसमा पर्छन्।

अन्तरिम संविधानमा उल्लेख गरिएका स्वतन्त्रताको अधिकारका सर्त चिन्ताका विषय छन्। महासन्धिमा अभिव्यक्ति र भेला हुने स्वतन्त्रता निम्न अवस्थामा सीमित गराउन सकिने प्रावधान छ :

*'यस अधिकारको प्रयोजनमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरूको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरूबाहेक अन्य कुनै प्रतिबन्धहरू लगाउन पाइने छैन।'*

तथापि, अन्तरिम संविधानमा अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी प्रावधानले अन्य विभिन्न प्रमाणिकता जुटाउनुपर्ने आवश्यकता जनाउँछ र यी अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाँदैन। यसले *नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा तर्कसङ्गत प्रतिबन्ध लगाउने* कानुनलाई स्वीकृति दिन्छ।

महासन्धिले आवश्यक भएको अवस्थामा मात्र कुनै पनि प्रतिबन्धलाई अनुमति दिन्छ, जुन 'तर्कसङ्गति'भन्दा धेरै साँघुरो छ। तर्कसङ्गतिलाई विभिन्न कोणबाट व्याख्या गर्न सकिन्छ भने 'आवश्यकता' यसभन्दा निकै प्रस्ट छ र यसले लोकतान्त्रिक मान्यतातर्फ बढी मात्रामा सम्मान देखाउँछ। यसैगरी, महासन्धिले 'राष्ट्रिय सुरक्षा वा नागरिक सुरक्षा, नागरिकको स्वास्थ्य वा नैतिकताका लागि' भनी उल्लेख गरेको छ। यो सूचीलाई *नेपालको सार्वभौमसत्ता, अखण्डतामा प्रभाव पार्ने* भन्ने अस्पष्ट र अमूर्त रूपमा भन्दा अझै साँघुरो रूपमा अर्थ्याउन सकिन्छ। कुनै पनि परिस्थितिमा लागू भई यस प्रावधानको दुरूपयोग हुनसक्छ। *'सुसम्बन्धमा खलल पार्ने'* अवस्थामा प्रतिबन्ध लगाउने व्यवस्था पनि उत्तिकै चिन्ताजनक विषय रहेको छ। नेपालमा थुप्रै जनजाति रहेका छन् र तिनीहरूबीचको सुमधुर सम्बन्ध एक व्यावहारिक र कानुनी लक्ष्य हो भन्ने नेपालको संविधानले आत्मसात् गर्नु आवश्यक छ। तथापि, यो बहाना अति उदार रूपमा प्रयोग हुनसक्ने र यसबाट संविधानको मर्मविपरीत व्यक्तिको स्वतन्त्रता निषेधित हुनपुग्ने सम्भावना पनि सजिलै अनुमान गर्न सकिन्छ।

यस प्रावधानमा उल्लिखित 'सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा' प्रतिबन्धको व्यवस्था हुनु पनि चिन्ताको अर्को विषय हो। महासन्धिले नागरिकको नैतिकताका लागि संरक्षणको स्वीकृति दिन्छ। यो अवधारणा राज्यपिच्छे फरक हुन्छ तर मानवअधिकारको दृष्टिबाट चाहिँ यसलाई साँघुरो रूपमा अर्थ लगाइयोस् भन्ने आशा हुन्छ। अन्तरिम संविधान मस्यौदाकारले 'सार्वजनिक शिष्टाचार' भन्नाले के जनाउन खोजेको अस्पष्ट छ र यसको बदलामा महासन्धिमा उल्लिखित 'सार्वजनिक स्वास्थ्य या नैतिकता'को प्रयोग हुनु नै श्रेयस्कर हुनेछ। 'शिष्टाचार'को व्याख्या व्यक्तिमा भर पर्ने हुनाले यसलाई विभिन्न परिस्थिति अनुसार लागू गर्न सकिने र दुरूपयोगका साथै लोकतान्त्रिक स्वतन्त्रतामा अनावश्यक र अन्यायोचित हस्तक्षेप हुने सम्भावना रहन्छ।

आवतजावतसम्बन्धी स्वतन्त्रताले कुनै पनि व्यक्तिलाई राष्ट्र छोड्ने अधिकार समावेश गर्छ। यससम्बन्धमा महासन्धिमा 'प्रत्येक व्यक्ति आफ्नो देशलगायत कुनै देश

छोड्न स्वतन्त्र हुनेछ' भनी उल्लेख गरिएको छ। नयाँ संविधानले महासन्धिको प्रावधान सशब्द प्रयोग गर्नुपर्छ ताकि अत्यन्त सङ्कीर्ण रूपमा र अपवादजनक स्थितिमा मात्र स्वत( न्त्रताहरू प्रतिबन्धित गर्न सकिने अवस्था रहोस्।

### समानताको अधिकार

यस धाराको पहिलो अंशमा कानुनको दृष्टिमा समानताको मान्यता राखिएको छ तर यसमा सबै 'नागरिक' कानुनको दृष्टिमा समान रहनेछन् भनिएको छ। नयाँ संविधानले नेपालको अधिकारक्षेत्रका सबै व्यक्ति कानुनको दृष्टिमा समान हुने प्रावधान राख्नुपर्छ।

दोस्रो अंशमा सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराका आधारमा भेदभाव नगरिने उल्लेख छ। तर, यौनिक उद्‌भव, अपाङ्गता, जन्म, उमेर, वैवाहिक स्थिति, स्वास्थ्य स्थिति र आर्थिक स्थितिजस्ता नेपाली समाजमा सान्दर्भिक रहेका विभेदहरू उल्लेख गरिएका छैनन्।

महासन्धिको धारा २ र २६ ले सबै व्यक्तिलाई जाति, वर्ण लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतलगायतका आधारमा नागरिक र राजनीतिक अधिकारबाट विमुख नगराइने व्यवस्था गरेको छ। यसका साथै 'लगायत' शब्दले यो सूची पूर्ण नरहेको देखाउँछ, कुनै प्रकारका भन्नाले सबै विभेद यस नियममा समावेश हुन्छन्। अन्तरिम संविधानलगायत सबै संविधानमा विभेदविरुद्धको प्रावधान एक आधारभूत प्रत्याभूति हुनाले यससम्बन्धी व्यवस्था व्यापक र यथार्थ रूपमा मस्यौदा गरिनु आवश्यक छ।

यसर्थ, नयाँ बन्ने संविधानमा महासन्धिको 'राष्ट्रिय वा सामाजिक उत्पत्ति' र 'सम्पत्ति, जन्म वा अन्य हैसियत'का आधारमा भएको प्रतिबन्ध समावेश गर्नुपर्छ र यिनलाई विस्तृत रूपमा व्याख्या गर्ने राष्ट्रसङ्घीय सन्धिजनित निकायको दृष्टिकोणलाई अपनाउनुपर्छ, जसले गर्दा समूहहरूका लागि सम्भव भएसम्मको बृहत् संरक्षण प्राप्त होस्। यसका साथै संविधानले यो सूची पूर्ण नमानिने निश्चित गराई सबै प्रकारका विभेदका लागि यो व्याख्या लागू गर्नसक्ने निश्चित गराउनुपर्छ।

अन्तरिम संविधानमा उल्लेख गरिएको 'नागरिक'को हकमा मात्रै विभेदबाट संरक्षण प्राप्त गर्ने प्रावधान पनि चिन्ताको अर्को विषय हो। यसको बदलामा नेपालमा गैरकानुनी रूपमा बसिरहेका व्यक्तिसहित नेपालको अधिकारक्षेत्रका सबै व्यक्ति कानुनको दृष्टिमा समान हुने प्रावधान राख्नुपर्छ।

राज्यबाट हुने विभेदविरुद्धको अधिकार रहेको छ र जसमा पनि कुनै जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारका आधारमा नागरिकमाथि राज्यले विभेद नगर्ने उल्लेख छ। यस प्रावधानमा विगतका असमानतालाई हटाउन 'सकारात्मक विभेद'का कदमलाई अपवादका रूपमा लिएको छ।

'तर महिला, दलित, आदिवासी जनजाति, मधेसी, किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।'

सकारात्मक विभेदका यस्ता कदम तोक्न अन्तरिम संविधानले देखाएको अक्षमता ती कदम अस्थायी भई समानताको लक्ष्य प्राप्तिसँगै तिनलाई हटाइएको बेलामा मात्र न्यायसङ्गत देखिन्छ। यसैगरी, 'वास्तविक समानता'को आशय र यो प्राप्त गर्न आव( श्यक तत्त्व, वास्तविक समानता प्राप्त गर्न राज्यद्वारा लिइएको कदम जस्तो कि अपाङ्ग र सबलाङ्गलाई कुनै भवनमा आवतजावत गर्न समान पहुँच दिलाउन राज्यको दायित्वजस्ता पनि अन्तरिम संविधानमा प्रस्ट पारिएको छैन। अन्तरिम संविधानले विभेद प्रत्यक्ष र अप्रत्यक्ष दुवै रूपमा हुन सक्ने सम्भावना नतोक्नु पनि चिन्ताको विषय हो। लागू गरिएको कुनै कानुन वा सर्त स्पष्ट रूपमा विभेदकारी नभए पनि यसले कुनै अमूक समूहलाई नराम्रो प्रभाव पार्ने रहेछ भने त्यो अप्रत्यक्ष विभेद हुन जान्छ। यसर्थ, नयाँ बन्ने संविधानमा विभेदलाई प्रत्यक्ष र प्रस्ट कदम मात्र होइन, यसले पार्ने प्रभावका आधारमा हेरिनुपर्छ।

### छुवाछूत र जातीय भेदभाव

जातीय विभेद निकै अगाडि नै उन्मूलन भइसके पनि नेपालका धेरै भागमा यो महत्त्वपूर्ण मामला रहिआएको छ। यसर्थ, अन्तरिम संविधानमा एक धारा नै यससँग सम्बन्धित रहनु सकारात्मक रहेको छ।

यसको दोस्रो भागमा उल्लेख छ :

*'कुनै पनि व्यक्तिलाई जातजातिका आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन।'*

धारा १४ का अनुसार 'सार्वजनिक स्थान'मा भएको अवस्थामा मात्र भेदभावविरुद्धको हक लागू हुन्छ। नयाँ संविधानमा सार्वजनिक मात्र नभई निजी स्थानमा पनि भेदभावविरुद्धको हक लागू हुने व्यवस्था हुनुपर्छ। यो हकको दायरा बढाए मात्र नेपालमा छुवाछूत वा जातीय भेदभाव वास्तविक रूपमा हट्‌न सक्छ।

### प्रेस स्वतन्त्रता

यस धाराले सञ्चारमाध्यममा सेन्सर लागू गर्न रोक लगाएको छ। नेपालमा विभिन्न समूहले आफ्नो अभीष्ट प्राप्त गर्न सूचना प्रचार-प्रसार गर्नमा अवरोध गरेका पछिल्ला घटनाले राष्ट्रमा प्रेस स्वतन्त्रताका लागि बलियो संरक्षण आवश्यक रहेको देखाएका छन्। तर, यो हकमा पनि स्वतन्त्रताको हकजस्तै बन्देज रहेका छन्।

*'तर नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन।'*

स्वतन्त्रताको हकका सम्बन्धमा छलफल गरेजस्तै यस हकलाई पनि नयाँ संविधानमा महासन्धिमा प्रयोग गरिएजस्तै 'आवश्यकता' र 'विशिष्ठता'को मापदण्ड अपनाउने गरी संशोधन गर्नुपर्छ।

यस प्रावधानको अन्तिम भागमा भनिएको छ :

*'कानुनबमोजिमबाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न सकिने छैन।'*

यसबाट 'कानुनबमोजिम' भनी कुनै अवरोधको संवैधानिक औचित्य पुष्टि गर्न सकिने देखाउँछ। यसले विधायिकालाई प्रेस स्वतन्त्रताको मर्ममा प्रहार गर्ने गरी कुनै पनि अवरोधलाई कानुनी रूप दिन विस्तृत अधिकार दिन्छ। यस प्रावधानको भाषाको क्षेत्र सीमित गराएर अत्यावश्यक अवस्थामा मात्र यस प्रकारको अवरोध सिर्जना गर्न सक्ने स्थिति बनाउनुपर्छ।

### धर्मसम्बन्धी हक

आफ्नो धर्म मान्ने र यसको रक्षा गर्ने अधिकारका साथै प्रत्येक धर्मको स्वतन्त्र अस्तित्व राख्ने अधिकार यस धारामा उल्लेख छ। तर, एक अप्ठ्यारो सर्तका रूपमा यस धारामा भनिएको छ :

*'तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन र एकअर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न पाइने छैन।'*

महासन्धिको यस्तै प्रावधानमा उल्लेख छ :

*'कुनै पनि व्यक्तिलाई आफूले रोजेको धर्म वा आस्था अवलम्बन वा ग्रहण गर्ने निजको स्वतन्त्रतामा आघात पुऱ्याउन सक्ने कुनै करकापमा पारिनेछैन।'*

कसैलाई धर्म परिवर्तन गर्न करकाप गर्ने र कसैको धर्म परिवर्तन गराउने दुई भिन्दै विषय हुन्। महासन्धिको प्रावधान अन्तरिम संविधानको भन्दा प्रस्ट रूपमा केही तर्कसङ्गत र प्रजातान्त्रिक बन्देज रहेको छ। धार्मिक व्यक्तिहरू अरूलाई आफ्नो धर्म मान्न प्रोत्साहन दिन र सहयोग गर्न सक्छन्, यदि उनीहरू कसैको धर्म परिवर्तन गर्न जबरजस्ती गरिरहेका अवस्थामा भने यो बन्देज तर्कसङ्गत हुन्छ। नयाँ संविधानले पनि महासन्धिको जबरजस्तीमा आधारित प्रस्ताव नै अवलम्बन गर्नुपर्छ।

अन्य थुप्रै अधिकार जस्तै स्वतन्त्र अस्तित्वको अधिकारको प्रत्याभूति विधायिकहरूमा छोडिएको छ। यसमा भनिएको छ कि यो अधिकार 'कानुनबमोजिम' लागू हुनेछ। यसभन्दा नयाँ संविधानले नै यस अधिकारको परिधि स्पष्ट रूपमा तोक्नु राम्रो हुनेछ।

### न्यायको हक

न्यायको अधिकारसम्बन्धी प्रावधानमा मानवअधिकारको मान्यता राख्ने लोकतन्त्रमा आवश्यक निष्पक्ष न्याय र अन्य कानुनी प्रक्रियासम्बन्धी अधिकार उल्लेख गरिएको छ। यस प्रावधानले 'गिरफ्तारीको समय' र 'अदालती कारबाही'का क्रममा कानुनी सल्लाह लिन पाउने अधिकार दिएको छ। महासन्धिको धारा १४ (३) (ख) ले आरोपित व्यक्तिका सम्बन्धमा भनेको छ :

*'आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानुन व्यवसायीसँग कुराकानी गर्न पाउने ।'*

सबै प्रकारको हिरासत या थुनामा रहेका व्यक्तिको संरक्षणसम्बन्धी राष्ट्र सङ्घीय सिद्धान्तले दुईओटा प्रावधानमा कानुन व्यवसायीसँग सल्लाह लिन पाउने अधिकार उल्लेख गरेको छ। यसबाट यो प्रस्ट हुन्छ कि कुनै पनि व्यक्ति गिरफ्तारको समयमा मात्र होइन, सम्पूर्ण कानुनी प्रक्रियाका क्रममा कानुनी सहायता प्राप्त गर्नका लागि योग्य हुन्छ। यसर्थ, 'गिरफ्तारीको समय' र 'अदालती कारबाहीका क्रम'का प्रावधान हटाउनुपर्छ र यसको बदलामा कानुनी प्रक्रियाका क्रममा आरोपितलाई आफ्नो बचावका लागि आवश्यक कानुन सहायतामा पहुँचको अधिकारको व्यवस्था हुनुपर्छ।

अर्को चिन्ताको विषय भनेको केही संरक्षणका प्रावधान निवारक नजरबन्दमा रहेका र गलत रूपमा 'राष्ट्रका शत्रु' भनिएका व्यक्तिमा लागू हुँदैन। विद्रोहको दमनका क्रममा निवारक नजरबन्द व्यापक रूपमा व्यवहारमा थियो र यो आतङ्ककारी तथा विध्वंशकारी क्रियाकलाप अध्यादेश ऐन अन्तर्गत पर्थ्यो। यस अनुसार गिरफ्तार हुने व्यक्ति 'राष्ट्रका शत्रु' हुन पुग्थे। राष्ट्र सङ्घीय सिद्धान्तले त्यस प्रकारको संरक्षण हिरासतमा रहेका सबै व्यक्तिले प्राप्त गर्ने स्पष्ट उल्लेख गरेको छ। निश्चय पनि 'निवारक नजरबन्द' अन्तर्गत थुनामा राखिएका कुनै पनि बन्दीलाई यस प्रकारका संरक्षणबाट टाढा राख्ने कुनै कार्य अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको विपरीत छ।

निवारक नजरबन्द या अपराधको आरोपमा हिरासतमा रहेको कुनै पनि व्यक्ति या अभियुक्तलाई बलात् बेपत्ता गराउने, गैरन्यायिक हत्या र यातनाजस्ता मानवअधिकार उल्लङ्घनबाट जोगाउन बाहिरी दुनियाँ विशेषत: कानुन व्यवसायी र न्यायाधीशसम्मको पहुँच एक अत्यावश्यक प्रावधान हो।

नयाँ संविधानले यो अपवादलाई समावेश गर्नुहुँदैन र कानुनी प्रक्रियामा यस्ता उल्लङ्घन हुने तथ्यलाई मध्यनजर राख्दै न्यायको अधिकारसम्बन्धी प्रावधानमा उल्लिखित संरक्षणका उपायहरू निवारक नजरबन्दमा रहेका व्यक्तिमाथि पनि लागू हुने गरी व्याख्या गर्नुपर्छ। यसैगरी, कुनै व्यक्तिको स्वेच्छाचारी गिरफ्तारी नहुने अधिकारमा बन्देज लगाइएको छैन। महासन्धिको धारा ९ (१) ले भनेको छ :

*'प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाइनेछन्। कानुनबाट निर्धारित आधारमा वा कार्यविधिबमोजिमबाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिनेछैन।'*

प्रहरीको गिरफ्तार गर्ने अधिकार सीमाविहीन नभएको जनाउन र दुरूपयोग नहोस् भन्ने हेतुले यो संरक्षणको उपाय नयाँ संविधानमा हुन आवश्यक छ।

न्यायको अधिकारसम्बन्धी प्रावधान अपराधको भूतप्रभावी असर नहुने सिद्धान्तमा आधारित छ। यसमा अन्तर्राष्ट्रिय रूपमा अपराध नठहरिने कार्यका लागि लागू नहुने प्रावधान पनि समावेश गरिनुपर्छ। महासन्धिको धारा १५ मा आपराधको भरुतप्रभावी असरलाई अपवादसम्बन्धी निम्न व्यवस्था गरिएको छ :

*'राष्ट्रहरूका समुदायबाट स्वीकृत कानुनका सामान्य सिद्धान्त अनुसार कुनै कार्य वा त्रुटि गर्दाको समयमा अपराध मानिने त्रुटि वा कार्यका लागि कुनै व्यक्तिको सुनुवाइ वा सजायलाई यस धारामा उल्लिखित कुनै पनि कुराले प्रतिकूल प्रभाव पार्नेछैन।'*

नयाँ बन्ने संविधानमा पनि यस्तै अपवाद राखिनुपर्छ ताकि अन्तर्राष्ट्रिय अपराधको कारबाही कुनै प्रतिवादीले अन्तरिम संविधानमा उल्लिखित आमप्रतिबन्धको व्यवस्था प्रयोग गरी प्रभावित गर्न नसकोस्। महासन्धिले इङ्गित गर्ने 'राष्ट्र वा

समुदायबाट मान्यताप्राप्त कानुनका सिद्धान्त'लाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा उल्लेख गरिएको युद्धअपराध वा मानवताविरोधी अपराधका लागि पनि प्रयोग गर्न सकिन्छ।

महासन्धिमा भएका तर अन्तरिम संविधानले मान्यता नदिएका अन्य केही प्रक्रियागत अधिकारहरू पनि छन्। यीमध्ये एक गिरफ्तारीका समयमा गिरफ्तारीका कारणहरू स्पष्ट रूपमा थाहा पाउने अधिकार हो। अन्य त्यस्ता छुटेका अधिकारमा आफ्नो बचावका लागि उपयोगी हुन सक्ने सूचना प्राप्त गर्ने अधिकार, आवश्यक भएको खण्डमा दोभाषेको सुविधा प्राप्त गर्ने अधिकार र अभियुक्त फरार भएको खण्डमा पुनरावेदनको अधिकार रहेका छन्। नेपाली सन्दर्भमा उपयुक्त अर्को अधिकार हो बिनाढिलाइ सुनुवाइ गरिने अधिकार। नेपालमा अदालती प्रक्रिया अत्यन्त सुस्त गतिमा हुन्छ, त्यसकारण समयमा नै न्याय पाउने अधिकार संविधानमा उल्लेख भएमा न्याय प्रणालीलाई सुधार हुनका लागि प्रोत्साहन मिल्नेछ।

उपयुक्त प्रक्रिया र निष्पक्ष न्यायको अधिकार मानवअधिकार कानुनको केन्द्रमा रहेका छन् र यी एक लोकतान्त्रिक राज्यका लागि आवश्यक पनि छन्। यसैले, नयाँ संविधान आईसीसीपीआरमा उल्लेख गरिएका संरक्षणका उपायमा आधारित हुनुपर्छ र यसमा सोही प्रकारका अधिकार र भाषा प्रयोग गरिनुपर्छ।

**निवारक नजरबन्दविरुद्धको हक**

यस प्रावधानले 'नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई' कसैलाई पनि निवारक नजरबन्दमा नराखिने बताउँछ।

अन्तर्राष्ट्रिय मापदण्डमा अति विशेष परिस्थितिमा बाहेक अन्य अवस्थामा स्वेच्छाचारी गिरफ्तारी हुँदैन। अन्तरिम संविधानको 'सार्वजनिक शान्ति र व्यवस्था'ले यो प्रावधान लागू हुनसक्ने परिधि फराकिलो पारेको छ र यसले यस प्रकारको गिरफ्तार प्रहरीद्वारा गरिने नियमित गिरफ्तारीजस्तो जनाउँछ। यस प्रावधानलाई साँघुरो पार्न आवश्यक छ, जसले गर्दा अति विशेष परिस्थितिमा मात्र यो प्रावधान लागू गर्न होस्।

यही धाराको दोस्रो भागमा निवारक नजरबन्द राख्ने अधिकारीले कानुनविपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले क्षतिपूर्ति पाउने उल्लेख छ। नेपालमा गलत प्रकारले गरिएका गिरफ्तारीको इतिहास हेर्दा यो प्रावधान राम्रो भए पनि 'कानुनद्वारा तोकिएबमोजिम' क्षतिपूर्ति पाउने भन्ने प्रावधानले यसलाई कमजोर तुल्याएको छ।

**यातनाविरुद्धको हक**

यस प्रावधानमा सकारात्मक रूपमा यातनालाई मात्र नभई क्रुर, अमानवीय व्यवहारलाई पनि बन्देज लगाइएको छ। महासन्धिको धारा १० मा निम्न व्यवस्था छ :

स्वतन्त्रताको अपहरण गरिएका सबै व्यक्तिहरूलाई मानवतासहित तथा मानिसको अन्तरनिहित मर्यादाप्रति सम्मान गर्ने किसिमले व्यवहार गरिनेछ। नेपालले १९९१ मा अनुमोदन गरेको यातनाविरुद्धको अभिसन्धिले व्यवहार र सजाय सामेल गरेको छ र नयाँ संविधानमा पनि यसरी नै प्रस्ट व्यवस्था हुनुपर्छ।

यस धाराले यातना दिने कार्यलाई 'कानुनी रूपमा सजाय' दिन सकिने र यातनाका पीडितले 'कानुन अनुसार' क्षतिपूर्ति पाउने उल्लेख गरेको छ। हाल नेपालमा यातनालाई अपराध जनाउने कुनै कानुन छैन, जुन राष्ट्र सङ्घीय समाधीक्षकले आफ्नो पछिल्लो नेपाल भ्रमणका क्रममा व्यक्त निष्कर्षलाई हेर्दा नसुहाउने छ। उनको भनाइ थियो:

*'नेपालमा प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाबाट प्रक्रियागत रूपमा नै यातना र दुर्व्यवहार हुने गरेको छ।'*

नेपालका बन्दी केन्द्र र जेलमा हुने यातना, क्रुर, अमानवीय र अपमानजनक व्यवहार हेर्दा नयाँ संविधानले यातनालाई अपराधका रूपमा लिई प्रभावकारी तथा न्यायिक क्षतिपूर्तिका लागि संयन्त्र बनाउन आवश्यक प्रावधान राख्नु जरुरी छ।

**सूचनाको हक**

यस प्रावधानले नेपालको अधिकारक्षेत्रभित्र कुनै व्यक्तिलाई आफू या सार्वजनिक सरोकारका सूचना प्राप्त गर्ने अधिकार दिन्छ। यो प्रावधानलाई निम्न प्रतिबन्धात्मक बन्देजले सीमित गरेको छ :

*'तर, कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन।'*

यस अपवादको अर्थ स्पष्ट छैन र व्यक्तिलाई कस्ता प्रकारका सूचना माग्ने हक छ भन्ने निर्क्योल गर्न राज्यलाई व्यापक अधिकार दिइएको देखिन्छ। अपवादको योभन्दा राम्रो व्याख्या महासन्धिको भाषाजस्तै अन्य व्यक्तिको अधिकार र प्रतिष्ठाको सम्मान गर्न या राष्ट्रिय सुरक्षा या सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य र नैतिकताको सुरक्षाका लागि भनी गर्नु राम्रो हुनेछ।

**गोपनीयताको अधिकार**

अन्तरिम संविधानमा कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुने उल्लेख छ। यस प्रावधानमा महासन्धिको धारा १७ को गोपनीयतासम्बन्धी शब्द पनि समावेश गर्नुपर्छ :

*'कुनै पनि व्यक्तिलाई निजको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप भोग्न लाइने छैन, न त निजको प्रतिष्ठा तथा ख्यातिमा गैरकानुनी आक्रमण नै लगाइनेछ।'*

**सङ्कटकाल घोषणा गर्ने सम्बन्धमा**

नेपाल अधिराज्यको संविधान २०४७ मा राज्यमा सङ्कटकाल घोषणा गर्न व्यापक अधिकार दिएको थियो। यसैका आधारमा सरकारलाई विवादास्पद आतङ्ककारी तथा विध्वंसात्मक क्रियाकलाप ऐन साथै राजा ज्ञानेन्द्रलाई कार्यकारी अधिकार लिन सहज गराएको थियो। यस्ता प्रावधान रूपमा गणतान्त्रिक नेपालका लागि अन्तरिम संविधानमा उल्लेख गरिएका छैनन् तथापि सङ्कटकाल घोषणा गर्ने आधार अन्तर्राष्ट्रिय मापदण्ड अनुसार साँघुरो छैन।

महासन्धिले राज्यलाई सङ्कटकाल घोषणा गरी केही अधिकार निलम्बन गर्ने अधिकार दिन्छ। तर, यो घोषणा हुनसक्ने अवस्था भनेको 'राज्यको अस्तित्व सङ्कटमा' परेको अवस्थामा मात्र हो र अधिकारहरू निलम्बन गर्न सकिने अवस्था भनेको

'परिस्थितिका गम्भीर माग हेरी' मात्र हो। महासन्धिले त्यस्तो अवस्था अति विशेष अवस्थामा मात्र आउने प्रस्ट पारेको छ। अन्तरिम संविधानमा सङ्कटकाल घोषणा गर्नका लागि निम्न प्रावधान राखिएको छ :

*'नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृङ्खलताका कारणले गम्भीर सङ्कट उत्पन्न भएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्नेछ।'*

यस प्रावधानमा 'चरम आर्थिक विशृङ्खलता' भनी उल्लेख हुनु चिन्ताको विषय हो । कारण, यसले कार्यकारी निकायले सङ्कटकालको घोषणा गर्न चाहेमा विभिन्न कारण उपलब्ध गराउँछ। यस प्रावधानलाई यहाँ उल्लेख गर्नुको तात्पर्य पनि प्रस्ट छैन। नेपाल हाल राष्ट्र सङ्घीय विकास सूचीमा १ सय ७७ मध्ये १ सय ४२औं स्थानमा छ, जसका कारण 'चरम आर्थिक विशृङ्खलता'ले अधिकार निलम्बन गर्नुपर्ने गम्भीर अवस्था नभई यथास्थितिलाई देखाउँछ।

महासन्धिले पनि भेदभावविरुद्धको सिद्धान्तलाई पनि सङ्कटकालीन अवस्थाको प्रावधानमा लागू गरेको छ।

*'कानुनले कुनै भेदभावलाई निषेध गर्नेछ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभावविरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिनेछ।'*

सङ्कटकाल घोषणालाई फासीवादी अस्त्रका रूपमा प्रयोग गरिएको इतिहास जगजाहेर छ। नयाँ बन्ने संविधानमा सङ्कटकालमा प्रभावित हुनसक्ने अल्पसङ्ख्यक समुदायलाई संवैधानिक संरक्षण दिन भेदभावविरुद्धको सिद्धान्तलाई सङ्कटकालीन स्थितिको घोषणाको प्रावधानमा समावेश गर्न आवश्यक छ।

**नागरिक तथा राजनीतिक अधिकार संरक्षणसाग सम्बन्धित अन्य सरोकार**

अन्तरिम संविधानले राष्ट्रिय कानुनभन्दा महासन्धिजस्ता अन्तर्राष्ट्रिय सन्धिको सर्वोच्चता भएको तोकेको छैन। न त यसले संविधानमा उल्लिखित मौलिक हकहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसार नै हुनुपर्ने आवश्यकता देखेको छ। नयाँ संविधानमा अन्तर्राष्ट्रिय कानुनी दायित्वसँग मेल नखाने राष्ट्रिय कानुन निष्क्रिय हुने स्पष्ट प्रावधान राख्नुपर्छ। यसले विधायिकामा अन्तर्राष्ट्रिय मान्यताको सम्मान गर्नेछ र विधायिकालाई नेपालको अधिकारक्षेत्रभित्र व्यक्तिलाई संवैधानिक अधिकारका रूपमा उच्चतम मानवअधिकार संरक्षण दिन अन्तर्राष्ट्रिय मानवअधिकार कानुनसँग एकरूपता राख्ने कानुन मात्र बनाउन बाध्य पार्नेछ।

मानवअधिकार संरक्षणको न्यूनतम मापदण्ड पूरा गर्नुका अलावा कुनै राष्ट्रको संविधानले त्यस राष्ट्रको विशेष परिस्थिति पनि जनाउनुपर्छ। यसर्थ, नेपालका सन्दर्भमा बलात् बेपत्तालाई अन्तरिम संविधानमा स्पष्ट रूपमा प्रतिबन्ध नलगाउनु अस्वीकार्य छ। नेपालले बलात बेपत्तासम्बन्धी राष्ट्र सङ्घीय सन्धि पनि अनुमोदन गरेको छैन। विगतको द्वन्द्वमा व्यापक रूपमा बेपत्ता पारिएका नागरिकको सम्बन्धमा शान्ति प्रक्रिया वा सङ्क्रमणकालीन न्यायले केही नगरेको सन्दर्भमा संविधानमा यस प्रकारको कमजोरी देखिनु गम्भीर विषय हो। सर्वोच्च अदालतले बेपत्ता बनाउने कार्यलाई अपराधीकरण गर्ने कानुन बनाउन निर्देश दिइसके तापनि बलात् बेपत्ताजस्तो गम्भीर अपराधलाई संविधानमै उल्लेख गरी प्रतिबन्ध र अपराधीकरण गर्नु जरुरी छ।

महासन्धिमा उल्लिखित अन्य थुप्रै अधिकारहरू अन्तरिम संविधानमा छुटेका छन्। यदि नयाँ संविधान अन्तर्राष्ट्रिय स्तरको बनाउनु छ भने ती अधिकारलाई नयाँ संविधानमा समावेश गर्न अति आवश्यक छ। नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले छुटेका ती अधिकारको एक सूची तयार गरेको छ, जुन यस प्रकार छ :

विवाहयोग्य उमेरका पुरुष तथा नारीहरूको विवाह गर्ने तथा परिवार आरम्भ गर्ने अधिकारलाई स्वीकार गरिने (धारा २३ (२)), इच्छुक वरबधुको स्वतन्त्र तथा पूर्ण मञ्जुरीबिना कुनै पनि विवाह सम्पन्न नगरिने (धारा २३ (३)) विवाह सम्बन्धमा, विवाह अवधिभर वा विवाहको विच्छेदका समयमा वरबधुहरूको अधिकार तथा उत्तरदायित्वहरूको समानता सुनिश्चित गर्न समुचित कदमहरू चालिने (धारा २३ (४))।

सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार हुने (धारा १)।


अभियुक्तहरूलाई अपराधीहरू (सजाय पाएका व्यक्तिहरू)बाट अलग राखिने (धारा १० (२) क)। बाल अभियुक्तहरूलाई वयस्कहरूबाट अलग राखिने (धारा १० (२) ख)।

कुनै पक्षराष्ट्रको इलाकामा कानुनी रूपमा रहेको कुनै विदेशीलाई कानुनबमोजिम गरिएको निर्णय अनुरूप मात्र त्यहाँबाट निष्कासन गर्न सकिनेछ र राष्ट्रिय सुरक्षाको बाध्यात्मक कारणबाट अन्यथा गर्नुपर्ने भएमा बाहेक निजलाई आफ्नो निष्कासनविरुद्ध कारणहरू पेस गर्न तथा आफ्नो मुद्दा सक्षम अधिकारीबाट वा सक्षम अधिकारीबाट विशेष रूपमा तोकिएको कुनै व्यक्ति वा व्यक्तिहरूबाट पुनरावलोकन गरी पाउन तथा सो प्रयोजनका लागि त्यस्तो अधिकारी वा व्यक्ति वा व्यक्तिहरूसमक्ष आफ्नो प्रतिनिधित्व गरी पाउन दिनुपर्ने (धारा १३)। प्रत्येक नागरिकलाई प्रत्यक्ष रूपमा वा छानिएका प्रतिनिधिहरूमार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने (धारा २५ क), सर्वव्यापी तथा समान मताधिकारबाट तथा गोप्य मतदानबाट निर्वाचकहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने शुद्ध आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने (धारा २५ ख), आफ्नो देशमा समानताका सामान्य सर्तहरूमा सार्वज़निक सेवामा प्रवेश गर्ने (धारा २५ ग)।

नेपालको शान्ति प्रक्रियामा संविधान निर्माण एक महत्त्वपूर्ण कदम हुनेछ र यसले नयाँ लोकतान्त्रिक राज्यको जग बसाउनेछ। यसर्थ, यसले अन्तर्राष्ट्रिय मापदण्डका नागरिक र राजनीतिक अधिकार यस अभिलेखमा समावेश गरिनु अपरिहार्य छ। संविधानमार्फत उच्च तहमा यी अधिकारको रक्षा गरेर मात्रै नागरिकहरू समान अवसर र मानवअधिकारको सम्मानका साथ नेपाल एक शान्त र स्वतन्त्र समाजका रूपमा अघि बढ्न सक्छ।

# नयाँ बन्ने संविधानमा युवा

**स्वार्थ पूरा नहुन्जेल युवाको दुहाई दिएर नथाक्ने नेपाली शासक तथा राजनीतिक दलका नेताहरु उद्देश्य पूरा भएपछि युवाको हितमा काम गर्नु त कता हो कता, युवाका बारेमा पनि बोल्न पनि चाहँदैनन्।**



**लोकराज अवस्थी**
अध्यक्ष, रिलेक-नेपाल

**बर्तमानमा युवाको विश्लेषण**

नेपालमा राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा युवालाई बढी चर्चा तर कम महत्त्व दिने प्रचलन नयाँ होइन। राजनीतिक क्रान्ति, सामाजिक परिवर्तन तथा विकास निर्माणमा युवालाई सकेसम्म बढीभन्दा बढी उपयोग तथा परिचालन गरिँदै आइएको छ। युवा क्षमता, सीप ऊर्जा, सिर्जनशीलता अनुसार नेपालमा कहिले पनि युवाको सहभागिता हुन सकेको छैन। युवालाई सस्तो श्रम, राजनीतिक पार्टी वा नेताको स्वार्थमा पूरा गर्ने दरिलो हतियारका रूपमा प्रयोग गरिएको अवस्था अहिले पनि विद्यमान छ। स्वार्थ पूरा नहुन्जेल युवाको दुहाई दिएर नथाक्ने नेपाली शासक तथा राजनीतिक दलका नेताहरू उद्देश्य पूरा भएपछि युवाको हितमा काम गर्नु त कता हो कता, युवाका बारेमा पनि बोल्न पनि चाहँदैनन्। नेपाली राज्य सञ्चालकहरू तथा पार्टीका नेताहरू युवा सहभागिताको कुरा उठायो भने युवालाई अल्लारे, अपरिपक्व, कच्चा आदि इत्यादिको संज्ञा दिएर कर्तव्यबाट पन्छिने गर्छन्। यो नेपाली समाजको वास्तविकता हो।

युवा समाजका अन्य वर्गभन्दा सचेत, जागरूक तथा परिवर्तनशील वर्ग हो, जो जहिले पनि सकारात्मक परिवर्तनको पक्षमा रहेको हुन्छ। ऊ आफूमा भएको ऊर्जा, जोस, जाँगर तथा सीपलाई समाज र राष्ट्र निर्माणमा समर्पण गर्नमा कुनै कसुर बाँकी राख्दैन। नि:स्वार्थ रूपमा समाज रूपान्तरण तथा परिवर्तन गर्ने कार्यमा लाग्छ। सामाजिक विकृति, विसङ्गतिका विरुद्ध आफ्ना क्रियाकलापलाई केन्द्रित गर्न चाहन्छ। समग्रमा भन्नुपर्दा राजनीतिक तथा सामाजिक परिवर्तन र विकास निर्माणको मेरुदण्ड हो। राज्यको अर्थ व्यवस्थाको मूलआधार हो।

नेपालका राज्य सञ्चालक तथा राजनीतिक पार्टीहरूले राजनीतिक परिवर्तनमा युवाको सहभागिताको सही उपयोग गरे पनि राजनीतिक परिवर्तनपछि राष्ट्र निर्माण तथा शान्तिप्रक्रियामा युवालाई सहभागी गराउन सकेनन्। देश वा पार्टी चलाउन कपाल फुलेका वा छ दशक उमेर पार गरेका कथित अनुभवी नेता चाहिन्छ भन्ने गलत मानसिकताबाट हाम्रा राजनीतिक दलहरू माथि उठ्न सकेनन्। पार्टी सञ्चालनमा आन्तरिक लोकतन्त्रको विकास हुन नसक्दा राज्य सञ्चालनमा पनि उमेर पाकेका बूढाहरूको नै दबदबा कायम रह्यो। उनीहरूका आचरण र व्यवहारमा रहेको निरङ्कुशता र सामन्तीपन हट्न सकेन र राजनीतिमा एक पुस्तादेखि अर्को पुस्ताको बीचमा ठूलो खाडल देखापऱ्यो। युवा सत्ता र राजनीतिक पार्टीहरूका सिकार बन्दै गए।

**युवाको परिभाषा**

युवाको परिभाषाका आधारलाई नियाल्दा उमेरलाई नै आधार मानेको देखिन्छ। नेपालको सन्दर्भमा अहिलेसम्म सरकारी पक्षबाट युवा नीति लागू गरिएको छैन। युवा नीति निर्माणका लागि मस्यौदा समिति बनाए पनि त्यसले तयार गरेको युवा मस्यौदा नीति लागू हुन सकेको अवस्था छैन। संयुक्त राष्ट्र सङ्घले १५ देखि २४ वर्ष उमेर समूहका व्यक्तिलाई युवा मानेको छ। नेपाल सरकारको युवा नीति मस्यौदा समितिले तयार पारेको युवा नीतिमा १६ देखि ४० का उमेर समूहका व्यक्तिलाई युवा मानेको छ। त्यस्तै, नेपाल युवा संस्था सञ्जाल (आयोन)ले १६ देखि ३५ उमेर समूहका व्यक्तिलाई युवा मानेको छ। राजनीतिक दल र उनीहरूका भ्रातृ सङ्घ-सङ्गठनहरूले भने १६ वर्ष देखि ४५ उमेर समूहकालाई युवा मान्दै आएका छन्। युवाको यकिन परिभाषा भने छैन। विभिन्न संस्था तथा विभिन्न देशमा युवा मानिएको उमेर समूह निम्नानुसार छन् :

| संस्था/देश | उमेर |
|---|---|
| संयुक्त राष्ट्रसङ्घ | १५ –२४ |
| फिलिपिन्स, बङ्गलादेश | १५ – ३० |
| जापान | ० – २४ |
| जर्मनी | १४ – २६ |
| भारत | ५ – ३५ |
| चीन | १४ – २८ |
| मलेसिया | १५ – ४० |
| दक्षिण अफ्रिका | १५ – २९ |
| नेपाल युवा संस्था सञ्जाल (आयोन) | १६ – ३५ |
| नेपाल (अन्तरिम योजना) | १५ – २९ |
| युवा नीति मस्यौदा-२०६५ | १६-४० |

बालबालिकासम्बन्धी महासन्धि १९८९ र अन्तर्राष्ट्रिय श्रमसङ्गठनले १८ वर्षभन्दामुनिका मानिसलाई बालबालिका मान्दै आएको छ। यसै तथ्यलाई आधार मानेर नेपाल सरकारले १६ वर्षमा नागरिकता प्रदान गरे पनि बालिक मताधिकार भने १८ वर्षभन्दा माथिकालाई मात्र दिएको छ। अर्को कुरा संयुक्त राष्ट्र सङ्घले १५ देखि २४ वर्षलाई युवा मान्दै आएको छ। यसरी हेर्दा अन्तर्राष्ट्रिय कानुन नै एकापसमा बाझिएका छन्। स्मरणीय कुरा के छ भने नेपाल सरकारले बालबालिकासम्बन्धी महासन्धिमा हस्ताक्षर गरिसकेको छ। उसलाई यो सन्धिविपरीत नियम-कानुन बनाउन असजिलो हुनसक्छ।

**नेपाली युवाको जनसाङ्ख्यिक अवस्था**

नेपालमा युवाको परिभाषा स्पष्ट नभएका कारण युवाहरूको वास्तविक अवस्था थाहा पाउन गाह्रो छ। उनीहरूको यकिन तथ्याङ्क पनि भेट्टाउन सकिँदैन। राष्ट्रिय

जनगणना २०५८ का अनुसार, १५ देखि २९ वर्ष उमेर समूहका युवाहरूको जनसङ्ख्या ६१ लाख ३१ हजार २ सय ४८ जुन कुल जनसङ्ख्याको २६.५ प्रतिशत रहेको थियो। १६ देखि ३५ सम्मका उमेर समूहका व्यक्तिहरू कुल जनसङ्ख्याको करिब ३६% रहेका थिए। जसमा कुल युवा जनसङ्ख्याको ८३ प्रतिशत युवा ग्रामीण क्षेत्रमा र १७ प्रतिशत सहरमा बसोबास गर्छन्। सहरी जनसङ्ख्याको ४० प्रतिशत युवा रहेका छन्। युवाहरूको साक्षरता दर ७०.१ प्रतिशत छ भने १५ देखि २९ वर्ष उमेर समूहका युवाहरूको बेरोजगारी ११.४ प्रतिशत रहेको छ। नेपाल सरकारको तथ्याङ्क अनुसार हालसम्म १५ लाख युवा बेरोजगार छन्। प्रत्येक दिन त्रिभुवन विमानस्थलबाट लगभग ६ सय जना युवा रोजगारका लागि देशबाहिर जाने गरेका छन्। प्रत्येक वर्ष ३ लाख युवा श्रमका लागि बजारमा प्रवेश गरेका छन्, तीमध्ये १० देखि १५ प्रतिशत युवाले मात्र उचित रोजगार पाउँछन्। विदेशी श्रम बजारमा ८ लाख युवाहरू सस्तो दरमा श्रम बेचिरहेका छन्। कृषि तथा घरेलु कामदारका रूपमा रहेका हजारौँ युवाको अवस्था पनि सन्तोषजनक पाइँदैन।

**नयाँ संविधानमा युवा**

देश नयाँ संविधान निर्माण प्रक्रियामा अगाडि बढिरहेको छ। सबै ध्यान नयाँ संविधान निर्माण प्रक्रियातिर केन्द्रित भएको छ। सबै वर्ग, क्षेत्र र समुदायले आ-आफ्ना मुद्दाहरूको पहिचान गरी सभासद्हरूलाई हस्तान्तरण गरिसकेका छन्। नयाँ संविधान सबैको संविधान बन्नुपर्छ र सबैले अपनत्व महसुस गर्ने खालको हुनुपर्छ। नयाँ बन्ने संविधानमा युवाका समस्या पहिचान तथा आत्मपहिचान हुनु जरुरी छ। राज्यको नीति निर्देशक सिद्धान्तदेखि मौलिक हकसम्म युवा हकअधिकारलाई सुनिश्चित गरिनुपर्छ। विगतमा बनेका सबै संविधानहरू युवा हक अधिकारका बारेमा मौन रहेका छन्। राज्यको नीति निर्देशक सिद्धान्तमा युवा भन्ने शब्द पनि राखिएन। राज्यले युवालाई हेर्ने दृष्टिकोण कहिल्यै पनि स्पष्ट हुन सकेन। २००४ सालदेखि नेपालको अन्तरिम संविधान २०६३ सम्म आइपुग्दा पनि संविधानले युवा वर्गका हकअधिकारलाई समेट्न सकेन।

**नयाँ संविधानका बारेमा युवा धारणा**

नयाँ बन्ने संविधानमा युवाको सवाल तथा चाहनालाई लिएर बहस तथा पैरवी गर्न सकिन्छ। नयाँ बन्ने संविधानमा युवाका हक( अधिकारलाई कसरी सुनिश्चित गर्न सकिन्छ र उनीहरूको आत्मपहिचानको सुनिश्चितता कसरी गर्न सकिन्छ भन्ने कुरा महत्त्वपूर्ण हो। राज्यले नयाँ संविधान बनिसकेपछि राज्य सञ्चालन तथा राज्यका महत्त्वपूर्ण निकायमा युवाको सहभागिता कस्तो हुन्छ, कस्तो रणनीति तय गर्छ भन्ने कुरातर्फ युवा चासो रहने गर्छ। राज्यले विगतका संविधानमा बेवास्ता गरेजस्तै नयाँ बन्ने संविधानमा पनि युवाका सवाललाई प्राथमिकता दिँदैन कि भन्ने आशङ्का युवामाझ रहेको छ। किनभने, युवाका बारेमा संविधानसभाभित्र पैरवी गर्ने तथा दबाब दिने सभासद्को उपस्थिति देखिँदैन। संविधानसभामा युवा सभासद्को उपस्थिति भए पनि उनीहरू युवाका अकअधिकारका बारेमा बेखबर बन्ने गरेका छन्।

त्यसैगरी आमनेपाली युवा नयाँ बन्ने संविधान कस्तो चाहन्छन् भन्ने अर्को महत्त्वपूर्ण प्रश्न हो। उनीहरू नयाँ बन्ने संविधानमा राज्यको नीति निर्देशक सिद्धान्त, मौलिक हक, कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, संवैधानिक अङ्गको बनावट तथा अधिकार, नेपाली सेनाको संरचना तथा अधिकार, मानव( अधिकार, कानुनी शासनजस्ताका सवालहरूमा कस्तो व्यवस्था तथा सुनिश्चितता चाहन्छन् भन्ने अर्को महत्त्वपूर्ण कुरो हो। युवाहरू नयाँ बन्ने संविधान लोकतान्त्रिक, सर्वस्वीकार्य, सर्वमान्य, मानवअधिकार, प्रेस स्वतन्त्रता, कानुनी शासनको ग्यारेन्टी भएको संविधान चाहन्छन्। नेपाली युवा सबै अधिकार नेपाली जनतामा रहेको र भएको संविधान निर्माणको पक्षमा उभिएका छन्।

**राजनीतिक दलको प्रस्तावित संविधानमा युवा**

नेपालका प्रमुख राजनीतिक पार्टीहरूले आ-आफ्नातर्फबाट प्रस्तावित संविधानको खाका संवैधानिक समितिमा पेस गरिसकेका छन्। उनीहरूले नयाँ बन्ने संविधानका बारेमा पार्टीको धारणा सार्वजनिक गरी सार्वजनिक बहसका लागि बाहिरसमेत ल्याएका छन्। राजनीतिक पार्टीले सार्वजनिक गरेको संविधानको मस्यौदामा युवाका हकअधिकार तथा सवालहरूलाई कसरी समेटिएको छ ? राजनीतिक दलहरूले युवाका बारेमा खासै महत्त्वका साथ नलेखे पनि कुनै न कुनै रूपमा युवाका बारेमा उल्लेख गरेका छन्।

**एनेकपा (माओवादी)**

एकीकृत नेकपा माओवादीद्वारा प्रस्तुत ५३ पेज लामो गणतन्त्र नेपालको संविधान-२०६७ को प्रारम्भिक खाका नाम दिइएको संविधानको खाकामा युवाका बारेमा अरू राजनीतिक पार्टीले भन्दा केहीहदसम्म बढी मुद्दाहरू सम्बोधन गर्ने प्रयास गरिएको देखिन्छ। माओवादीद्वारा प्रस्तुत खाकामा राज्यका नीतिहरू अन्तर्गत 'देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नेछ' भनी उल्लेख गरिएको छ। त्यस्तै राष्ट्रियसभाको उम्मेदवार हुनका लागि ३० वर्ष र जनप्रतिनिधि सभाको सदस्य हुन २३ वर्ष उमेर पुगेको हुनुपर्नेछ भनी उल्लेख गरेको छ। जसले गर्दा राज्य सञ्चालनमा युवा सहभागिताको सुनिश्चितता गरेको छ। रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी हकमा प्रत्येक नागरिकलाई रोजगारको हक हुनेछ र राज्यले रोजगार दिन नसके बेरोजगार भत्ताको व्यवस्था गर्नेछ भनी मौलिक हक अन्तर्गत राखेको छ। मौलिक हकमा युवा भन्ने शब्द उल्लेख नगरे पनि रोजगारको ग्यारेन्टीको कुरा गर्दा युवाको मुख्य समस्या सम्बोधन गर्न खोजिएको देखिन्छ। तर, नेपालका सन्दर्भमा कत्तिको सान्दर्भिक छ, त्यसका बारेमा गम्भीर बहस चलाउनु आवश्यक छ।

**नेपाली काङ्ग्रेस**

नेपाली काङ्ग्रेसको आठ पेज लामो प्रारम्भिक संवैधानिक अवधारणामा नेपालको इतिहासमा युवाका कुरा मौलिक हक अन्तर्गत समेट्ने प्रयास गरिएको छ। काङ्ग्रेसद्वारा सार्वजनिक गरिएको अवधारणामा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षामा देशमा व्यापक उद्यमशीलता र लगानी प्रवर्द्धन गर्न अनुकूल वातावरणको निर्माण गर्ने दायित्वसँगै राज्यले शिक्षा-स्वास्थ्य सेवा, सबैका लागि खाद्यान्न, रोजगार, श्रम अधिकारको प्रत्याभूति, युवा पुस्ताका लागि आशलाग्दो भविष्य, महिला, दलित, आदिवासी-जनजाति, पिछडिएको क्षेत्र, मधेसी समुदाय, बालबालिका, वृद्धवृद्धा एवम् अपाङ्गका लागि सामाजिक न्याय र समता सुनिश्चित गर्ने कर्तव्य निर्वाह गर्नेछ भन्ने कुरा उल्लेख गरिएको छ। त्यसैगरी शिक्षा, स्वास्थ्य, गरिबी निवारणलगायतका कुरा पूरा गर्नु पनि राज्यको दायित्व हुने कुरा काङ्ग्रेसले आफ्नो खाकामा प्रस्तुत गरेको छ। राज्यले शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, रोजगार, गरिबी निवारण तथा श्रमिक मजदुर अधिकारको रक्षा र सामाजिक सुरक्षाको नीति लिनेछ भनी युवाका हकअधिकारहरूलाई सुनिश्चित गर्ने प्रयास गरिएको छ। युवाको सुरक्षाको प्रश्न गम्भीर बनिरहेको वर्तमान अवस्थामा युवा सुरक्षालाई

**युवाको सामाजिक सुरक्षा, आत्मपहिचान, आत्मसम्मान, नीति निर्माण तहमा युवा सहभागिता सुनिश्चितताको व्यवस्था हुनु आवश्यक छ। १६ वर्ष पुगेकालाई बालिक मताधिकार, २१ वर्षमा संसद्, ३५ वर्षमा राष्ट्रपतिलगायत राज्यका सबै संवैधानिक आयोग तथा निकायमा सहभागी हुन पाउने व्यवस्था गरिनुपर्छ।**

मौलिक हकमा समेट्ने प्रयास गर्नु सकारात्मक पक्ष हो। यसले गर्दा महिलामाथि हुने घरेलु हिंसा कम हुने देखिन्छ। तर, काङ्ग्रेसले राज्यका नीति निर्देशक सिद्धान्तमा भने युवालाई समेट्न सकेको छैन।

### नेकपा (एमाले)

नेकपा एमालेद्वारा सार्वजनिक गरिएको १ सय १२ पेज लामो संविधानको प्रारम्भिक खाकामा पनि युवाका बारेमा उल्लेख गरिएको छ। राज्यका नीतिहरू अन्तर्गत देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नेछ भन्ने कुरा समावेश गरिएको छ। मौलिक हक अन्तर्गत रोजगारको हकमा प्रत्येक बेरोजगार नागरिकलाई राज्यले भत्ताको व्यवस्था गर्नेछ भनी उल्लेख गरिएको छ। राज्यका प्रमुख अङ्गहरूमा युवा सहभागिताका बारेमा भने एमालेद्वारा सार्वजनिक गरिएको संविधानको खाका मौन रहेको छ। अन्य क्षेत्रमा एमालेको प्रस्तावित संविधान राम्रो भए पनि युवाका हकअधिकारलाई समावेश गर्नमा पछि परेको देखिन्छ।

जेहोस्, तीनओटै राजनीतिक दलहरूका संविधानको खाकामा युवाको ठूलो समस्याका रूपमा देखा परेको बेरोजगारीको समस्यालाई सम्बोधन गर्ने प्रयास गरेको पाइन्छ। यदि राजनीतिक दलहरूले साँच्चिकै यसलाई गहन रूपमा लिएर नयाँ बन्ने संविधानमा रोजगारको ग्यारेन्टी गर्ने कुरा सुनिश्चित गरी त्यस अनुरूप ऐन कानुन बनाउन सके युवाका लागि राम्रै उपलब्धि हुनसक्छ। ठूला राजनीतिक दलहरूले आफूले प्रस्ताव गरेको संविधानमा युवाका बारेमा केहीहदसम्म भए पनि उल्लेख गरेका छन्। यसलाई सकारात्मक रूपमा लिन सकिन्छ।

### युवा परिचालन होइन, सहभागिता

एकीकृत नेकपा माओवादी र एमालेले संविधानमा युवालाई देशको विकासमा परिचालन गर्न राज्यले नीति बनाउनेछ भनी उल्लेख गरेका छन्। युवा आफैँमा सीप, क्षमता र ऊर्जाशील वर्ग हो। ऊ आफैँ राज्यका हरेक निकाय तथा राज्य सञ्चालनमा सहभागी हुन चाहन्छ र सक्छ पनि। युवालाई संविधानले परिचालन होइन कि सहभागिताको ग्यारेन्टी गनुपर्छ। अझै पनि राजनीतिक दलहरूले युवामाथि अविश्वास गरेको देखिन्छ। उनीहरू आफ्नो स्वार्थ अनुकूल युवालाई परिचालन गर्न चाहन्छन् कि भन्ने आशङ्का जन्मिएको छ। यसकारण उनीहरूले संविधानमा युवा सहभागिताभन्दा परिचालनको विषय उल्लेख गरेका हुनसक्छन्। जनसङ्ख्याका आधारमा राज्यका सम्पूर्ण निकाय तथा अङ्गमा युवाको सहभागिता तथा सुनिश्चितताको संवैधानिक ग्यारेन्टी गरिनुपर्छ। तसर्थ, नयाँ बन्ने संविधानमा युवा परिचालनको सट्टा युवा सहभागिता भनी उल्लेख गरिनुपर्छ, जुन आमनेपाली युवाहरूको एकसूत्रीय माग हो।

### नयाँ संविधानमा युवाका सवालहरू

अब बन्ने नयाँ संविधानमा राज्यको दायित्व, नीति निर्देशक सिद्धान्तमा अरू समुदाय तथा वर्ग समावेश गरिएजस्तै युवालाई पनि समावेश गरी युवाको हकअधिकार तथा सवालहरूलाई सम्बोधन गरिनुपर्छ। राज्य संरचनाका तथा सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने र युवालाई सामाजिक सुरक्षा तथा रोजगार, शिक्षाका साथै राज्यका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने भन्ने संवैधानिक सुनिश्चितता हुनुपर्छ।

रोजगारलाई मौलिक हक अन्तर्गत राखी युवा रोजगारको ग्यारेन्टी गरी युवालाई विदेश पलायन हुनबाट रोक्न पहल गरिनुपर्छ। युवाको सामाजिक सुरक्षा, आत्मपहिचान, आत्मसम्मान, नीति निर्माण तहमा युवा सहभागिता सुनिश्चितताको व्यवस्था हुनु आवश्यक छ। १६ वर्ष पुगेकालाई बालिक मताधिकार, २१ वर्षमा संसद्, ३५ वर्षमा राष्ट्रपतिलगायत राज्यका सबै संवैधानिक आयोग तथा निकायमा सहभागी हुन पाउने व्यवस्था गरिनुपर्छ। उमेरका आधारमा हुने भेदभावको अन्त्य गरिनुपर्छ। संविधानमा भाषिक जालझेल गरी उमेर, अनुभव, योग्यता, क्षमतावानजस्ता शब्दावली प्रयोग गरी युवालाई अवसरबाट बञ्चित गराउने प्रचलनको अन्त्य गरी लोकतान्त्रिक संविधानको निर्माण गर्नु अहिलेको आवश्यकता हो।

### नयाँ संविधानः युवामैत्री संविधान

नेपालको राजनीति, सामाजिक परिवर्तनमा युवाले अहम् भूमिका खेल्दै आएका छन्। राजतन्त्रको अन्त्यदेखि लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा सयौँ युवाले सहादत प्राप्त गरेका छन् भने हजारौँ युवा घाइते भएका छन्, जसको बलिदानीबाट देशमा यत्रो परिवर्तन भएको छ, त्यो वर्गलाई पाखा लगाएर संविधान बनेमा संविधानमा उल्लेख भएका प्रावधानहरू लागू हुन सक्दैनन्। तसर्थ, जसरी ०४७ सालको संविधान डेढ दशकमै असफल भयो, त्यसैगरी नयाँ बन्ने संविधान पनि असफल हुनसक्छ, त्यसकारण नयाँ बन्ने संविधान युवा वर्गको हितमा हुनुपर्छ। संविधानले युवा सहभागिताको सुनिश्चितता गरी युवालाई राज्य सञ्चालनको मार्ग खुला गरिदिनुपर्छ।

संविधान सर्वमान्य तथा सर्वस्वीकार्य सिद्धान्तका आधारमा निर्माण गरिनुपर्छ। राजनीतिक दलहरूले आफ्नो स्वार्थभन्दा माथि उठेर नेपाली जनता र राष्ट्रलाई आधार मानेर संविधान बनाउनुपर्छ। एकआपसमै सानातिना विषयमा अल्झिएमा संविधानमा नेपाली जनताको चाहनाविपरीत हुन जान्छ। दुई वर्षको समयावधिभित्रै संविधान निर्माण गर्ने कार्य सम्पन्न गरी वर्तमान सङ्क्रमणकालीन अवस्थालाई पार लगाउनुपर्छ। आमनेपाली युवा संविधान समयमै बन्नुपर्छ र लोकतान्त्रिक संविधान बन्नुपर्छ भन्ने मान्यतामा रहेका छन्। त्यसैगरी, उनीहरू विगतका संविधानहरूमा जस्तो युवाका हकअधिकार तथा सवाललाई बेवास्ता नहोस् र युवाले पनि यो संविधान हाम्रो हो भन्ने अपनत्व लिन सक्ने संविधान बनोस् भन्ने चाहनामा छन्। सम्पूर्ण राजनीतिक दलहरू यसतर्फ सचेत हुनु जरुरी छ।

# नयाँ नेपालमा सङ्घीयताको आधार के हुनुपर्छ ?

## पूर्वाञ्चल

नेपालमा अहिले सङ्घीयताको मुद्दा निकै गहकिलो र विवादित छलफलको विषय बन्न पुगेको छ। नेपाल बहुभाषिक बहुजातीय र प्राकृतिक स्रोतको विविधताले गर्दा यसै किसिमले सङ्घ निर्माण हुन सक्छ भनेर कसैले भन्न नसक्ने अवस्था रहेको छ। नेपालको अन्तरिम संविधानमा देश सङ्घीयतामा जाने उल्लेख भइसकेको र वि( भिन्न जातीय समुदायले यसलाई आफ्नो राजनीतिक मागका रूपमा अगाडि बढाइरहेको सन्दर्भमा नेपालमा सङ्घको निर्माण गर्दा भौगोलिक, सांस्कृतिक पहिचान र जातीय समिश्रणलाई प्रभाव नपर्ने गरी सबैको सम्मानको ग्यारेन्टी हुने गरी सङ्घ निर्माण हुनुपर्छ भन्ने मलाई लागेको छ। किनभने, समुदायको बाहुल्य रहे तापनि कुनै पनि जातको निश्चित स्थानमा निश्चित बसोबास रहेको छैन। भाषा पनि प्रत्येक २० किलोमिटरमा पूर्वदेखि पश्चिम र उत्तर-दक्षिण क्षेत्रमा फरक-फरक बोलिन्छ, जसले गर्दा भाषिक रूपमा पनि सङ्घ निर्माण गर्न कठिन हुन्छ।

**सुनीलकुमार साह**, सिराहा

भौगोलिक, जातीय, भाषिक, सांस्कृतिक, मौलिक अधिकारका आधारमा अधिकार प्राप्त सङ्घीयता निर्माण गरिनु पर्छ। आदिबासी जनजाति समुदायको सद्भावलाई कायम राख्ने हुनुपर्छ।

**कृष्ण ओझा**, पाँचथर

नेपाललाई सङ्घीयतामा लाने सवालमा भौगोलिक, भाषिक, सांस्कृतिक, ऐतिहासिक आधारमा सङ्घीयता निर्माण गर्नुपर्छ। कुनै खास क्षेत्रमा खास जातिको मात्र बसोबास भएको अवस्था छैन। मिश्रित बसोबासको अवस्था रहेको हुँदा सबै जातिका नाममा साम्प्रदायिक गन्ध आउने गरी सङ्घीयतामा विभाजन गर्न हुँदैन।

नेपाललाई समावेशी स्वरूपको, सबै जाति, भाषा, संस्कृतिका नेपालीले आफ्नो उपस्थिति, पहिचान र पहुँच समान रूपमा हुने सङ्घीय तथा केन्द्रीय राज्यको परिकल्पना गरिएको हुँदा जातीय सङ्घ निर्माण गर्नुपर्छ। यदि जातीय सङ्घ निर्माण गरियो भने जातीय एकाधिकारवादी चरित्रको विकाश हुने सम्भावना हुने हुँदा जातीय आधारमा सङ्घ निर्माण गर्नुहुँदैन।

**भैरवप्रसाद गोलाल**, सिराहा

सङ्घीय राज्य (राज्य प्रणाली)मा मुलुक प्रवेश गर्दा विश्वमा धेरै मुलुकहरूमा विभाजन आएका छन्। पहाड, तराई, हिमालजस्ता भूगोल भएको देशलाई राजनीतिक परिवर्तनले भिन्नाभिन्नै व्याख्या गरेका छन्। गाउँ, झुपडी र बस्तीमा जुन जातिको बाहुल्य छ, त्यहाँ ती जातिले मात्र राज्य गर्ने र अन्य जाति विस्थापित हुने भन्ने सन्त्रासका कारण जनजीवन प्रभावित बन्न थालेको छ। त्यसैले मुलुकलाई विखण्डनबाट जोगाउन भौगोलिक आधारमा सङ्घीयता निर्माण गर्नुपर्छ।

**लोकनाथ घिमिरे**, खोटाङ

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको बहुलवादी सामाजिक संरचनालाई हेर्दा भौगोलिक वा जातीय कुनै एक प्रकारको आधारबाट मात्रै सङ्घीयता निर्माण सम्भव छैन। जनताको आकाङ्क्षा, मुलुकको आवश्यकता, आर्थिक स्रोत र साधनको उपलब्धताका आधारमा कुनै स्थानमा भाषिक र कुनै स्थानमा सांस्कृतिक पृष्ठभूमिका आधारमा सङ्घीयता निर्माण गर्न जरुरी छ। त्यसको वास्तविक यथार्थ पत्ता लगाउन भने थप गृहकार्य गर्न आवश्यक छ।

**अशोककुमार बान्तवा**, इलाम

सङ्घीयता भौगोलिकताका आधारमा हुनुपर्छ। मानव निर्मित संरचनाका आधारमा छुट्याउँदा कुनै वर्ग, जात, समुदायको सहअस्तित्वका आधारले राज्य विभाजन र द्वन्द्वको अवस्था सिर्जना हुन्छ भने भौगोलिकताको आधार भनेको प्रकृतिजन्य आधारमा हुन्छ, जसलाई स्वाभाविक मानुपर्छ।

**गीता अधिकारी**, धनकुटा

भौगोलिक क्षेत्र, जातीय सघनता, भाषिक एकरूपता वा विविध सांस्कृतिक पहिचान, प्राकृतिक स्रोत र साधन, जनसङ्ख्या, आर्थिक उत्पादन विकटता आदि( लाई आधार बनाएर सङ्घीयता निर्माण हुनुपर्छ तर सङ्घीयता नबनाएमा नै देशको विकास हुन्छ।

**दुर्गाकुमार थापा**, उदयपुर

नेपाल सरकारले अन्तरिम संविधान २०६३ मा देशलाई सङ्घीयताको स्वरूप प्रदान गर्न तयार भए अनुसार नयाँ संविधान निर्माण गर्दा भौगोलिकताका आधारमा सङ्घीयता निर्माण गर्नुपर्छ। किनभने, जातीयताका आधारमा सङ्घीयता निर्माण गर्ने हो भने सङ्घीयतामा नाम प्राप्त गर्ने जातिबाहेकका अन्य जातिले चित्त बुझाउने अवस्था छैन। जस्तो, तेह्रथुम जिल्लाको कुरा गर्ने हो भने लिम्बू जातिले तेह्रथुमलाई जातीयताका आधारमा लिम्बुवान राज्य निर्माणको माग गरेका छन्। तर, त्यहाँ ३७ प्रतिशत मात्र लिम्बू जातिको उपस्थिति छ। बाँकी ६३ प्रतिशत अन्य जाति बसेका छन्। त्यसकारण ६३ प्रतिशतलाई पनि चित्त बुझाउनका लागि भौगोलिकताका आधारमा ऐतिहासिक स्थान, नदी र ठाउँलाई आधार बनाई सङ्घीयता निर्माण गर्दा उपयुक्त हुन्छ।

**छत्र रिमाल**, तेह्रथुम

भौगोलिक, जातीय, भाषिक कुनै पनि आधारमा सङ्घीय निर्माण गर्नुहुँदैन। जातीय, भाषिक, भौगोलिक, प्राकृतिक स्रोत, आर्थिक पक्षलाई आधार मानेर मात्र सङ्घीय निर्माण हुनसक्छ। यसमा पनि भौगोलिक, प्राकृतिक स्रोत, आर्थिक पक्षलाई विशेष ध्यान दिनुपर्ने हुन्छ। जातीय आधारमा प्रस्तावित सङ्घ वा एकीकृत नेकपा माओवादीले प्रस्ताव गरेको जातीय र भाषिक सङ्घको कुरोमा कुनै ठोस तर्क छैन। उनीहरूद्वारा प्रस्तावित किराँत राज्यभित्र उदयपुर, सङ्खुवासभा, खोटाङ, ओखलढुङ्गा, धनकुटा र सोलुको कुल जनसङ्ख्या वा जातीय जनसङ्ख्यालाई आधार मान्ने हो भने प्रस्तावित किराँत राज्यमा २६.६४ प्रतिशत मात्र किराँतहरू बसोबास गर्छन्। अब जातीय आधारमा सङ्घ निर्माण गरी ७४ प्रतिशतलाई २६ ले शासन गर्ने ? अझ जातीय आधारमा सङ्घ निर्माण गरिए साम्प्रदायिक भड्काउ हुनसक्ने र अन्य विद्रोह हुनसक्ने पर्याप्त सम्भावना छ।

**कुशलबाबु बस्नेत**, उदयपुर

## मध्यमाञ्चल

भाषा, संस्कृति र भौगोलिक तीनवटैको मिश्रित आधारमा सङ्घीयता निर्माण गरिएको खण्डमा त्यहाँ बसोबास गर्ने सबैको समावेशीकरण गराउन सकिन्छ होला। यसरी सङ्घीयताको निर्माण गर्ने हो भने त्यहाँ बस्ने जुनसुकै भाषा, धर्म, जाति तथा संस्कृतिको सम्मान गर्नुका साथै त्यहाँ बस्ने सबैलाई समेटिन सकिन्छ।

**निरज साह**, पर्सा

देश सङ्घीयतामा जाने निर्णय भइसकेकाले सङ्घीयतामा जानैपर्छ र भौगोलिक आधारमा सङ्घीयतामा जानुपर्छ भन्ने मेरो सुझाव छ। धेरै जातिको बसोबास भएको देशमा बहुभाषिक वा बहुजातीय आधारमा सङ्घीयतामा गएमा त्यस स्थानमा थोरै वा सानो समूहको पहिचान हराउने र अराजक अवस्था आउने वा चेपुवामा पर्ने थोरैको रूपमा रहेको जाति पुन: हतियार उठाएर आफ्नो अस्तित्वका लागि लडाइँ गर्ने अवस्था आउने देखिएकाले भौगोलिक रूपमा सङ्घीय बाँडफाँट हुनुपर्छ र प्राकृतिक स्रोत र साधनमा सबैको समान पहुँच हुनुपर्छ।

रोशनराज अर्याल, बारा

देशको भौगोलिक बनोट, जनसङ्ख्या, सांस्कृतिक महत्त्व, भाषा र ऐतिहासिक आधारमा सङ्घको निर्माण गर्नुपर्छ। नेपालमा बहुभाषा र भौगोलिक विकटता हुनुका साथै कुनै एक जात विशेषको कुनै क्षेत्रमा बाहुल्य नभएका कारण माथिका आधारहरूमा सङ्घ निर्माण गर्नुपर्छ।

**गोपीकृष्ण भट्टराई**, ललितपुर

भौगोलिक आधारमा सङ्घीयता निर्माण गरिनुपर्छ। किनभने, मुलुकलाई जातीय, भाषिक र अन्य आधारमा सङ्घीयतातर्फ लैजाँदा टुक्रिन सक्छ। मुलुक(लाई विखण्डनबाट बचाउन भौगोलिक आधारमा सङ्घीयता निर्माण गरिनुपर्छ।

**होमनाथ खतिवडा**, रसुवा

नेपाल बहुजाति, भाषाभाषी र सांस्कृतिक विविधता भएको देश हो। यहाँको कुनै पनि क्षेत्रमा एकै जात, धर्म वा समुद(ायको बसोबास नरहेकाले सङ्घीयता निर्माण गर्दा भौगोलिक अवस्था अथवा भाषिक र सांस्कृतिक आधारमा सङ्घीयताको निर्माण गरियो भने त्यसले सबै वर्गको प्रतिनिधित्व गर्ला।

**रोशनदीप ढकाल**, धनुषा

भौगोलिक आधारमा सङ्घीयताको निर्माण हुनुपर्छ। किनभने, नेपाल विभिन्न जात, भाषा र संस्कृति भएको देश हो। एउटै क्षेत्रभित्र थरीथरीका भाषाभाषी र समुदायको बसोबास छ। तसर्थ, भौगोलिकताका आधारमा सङ्घीय संरचनाको निर्माण भएमा सबै जाति, भाषा-भाषी र सांस्कृतिक समुदाय समेटिन्छन्।

**रामचन्द्र साह**, धनुषा

समाजमा विगतदेखि केन्द्रीकृत राज्यद्वारा गरिएको क्षेत्रीय, जातीय र भाषिक विभेदको अन्त्यका लागि राज्यको भू-बनोट, जनङ्ख्याको जनघनत्व, जाति, भाषा, धर्म, संस्कृति, प्राकृतिक स्रोत-साधन र ऐतिहासिकतालाई आधार मानी सन्तुलित वितरण प्रणालीका रूपमा सङ्घीयता निर्माण हुनुपर्छ।

**थर्कप्रसाद तिमिल्सिना**, काभ्रेपलाञ्चोक

नेपालको अन्तरिम संविधानमा राज्यको ढाँचा सङ्घीय प्रणालीको हुने उल्लेख गरिएको छ। वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभ(ावको अन्त्य गर्न राज्यको केन्द्रीकृत एक(ात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र सङ्घीय शासन प्रणालीसहितको अग्रगामी पुन:संरचना गर्ने कुरा अन्तरिम संविधानमा उल्लेख छ।

अन्तरिम संविधानमा उल्लेख भए अनुसार सङ्घीयतामा जानुपरेमा हामीले भूगोलका आधारमा गर्दा राम्रो हुन्छ। जस्तै, हिमाल, पहाड र तराई तीनवटा राज्य । जनजाति, भाषा-संस्कृति आदिका आधारमा गरिनु हुन्न।

**भोजराज तिमिल्सिना**, काभ्रे

सङ्घीयतामा जानु हुनुहुँदैन भन्ने मेरो व्यक्तिगत धारणा भए पनि देशको अन्तरिम संविधानले सङ्घीयतामा जाने निर्णय गरिसकेकाले देशलाई हिमाल, पहाड र तराई भौगोलिक अवस्था मिलाई प्रत्येक प्रदेशमा कम्तीमा तराई र पहाड वा पहाड र हिमाल पर्नेगरी प्रदेश निर्माण गरे राम्रो हुन्छ। हाम्रो देश मिश्रित रूपमा जातीय, भाषिक, सांस्कृतिक रूपमा रहेको हुँदा जातीय, भाषिक र सांस्कृतिक रूपमा प्रदेश तयार पार्दा गाउँ गाउँमा झगडाको बीउ नरोपिएलाजस्तो लाग्छ।

**केशव मिश्र**, नुवाकोट

नेपाललाई यदि सङ्घीयतामा लाने हो भने यसको विभाजनको आधार भौगोलिक र भाषिक संरचनालाई दिनुपर्छ। त्यति मात्र नभई सङ्घीयताको आवश्यक आर्थिक पक्षसमेत के कसरी प्राप्त हुन्छ, सो सम्बन(धमा पनि मिल्नु जरुरी छ । किनभने, हाल आय वा स्रोत भएको क्षेत्रलाई एकपक्षीय रूपमा एउटामा राख्दा अन्य क्षेत्रको आर्थिक र विकास नहुन सक्छ। त्यसैले सबै क्षेत्रको विकास हुने गरी सङ्घीयतामा लानुपर्ने देखिन्छ। सम्पूर्ण मधेसलाई एक सङ्घ बना(उनुपर्ने धारणा आउन सक्छ तर त्यो ठीक होइन। यदि सङ्घीयतामा लानु नै छ भने भाषा, भूगोल र आर्थिक पक्षलाई समानुप(ातिक ढङ्गले विभाजन गर्नुपर्छ भन्ने लाग्छ।

**मनोज खनाल**, सर्लाही

भौगोलिक, जातीय, भाषिक, सांस्कृतिक र आर्थिक उत्पादनका आधारमा सङ्घीयता निर्माण हुनुपर्छ। किनभने, कुनै पनि सङ्घ छुट्टै हुनका लागि सङ्घीयता सधैं राम्रो हुँदैन। सङ्घीयता खास गरी धेरै जनसङ्ख्या वा क्षेत्रहरू भिन्नभिन्न प्राकृतिक अवस्था भएका मुलुकमा मात्र उपयुक्त हुन्छ तर सङ्घीयता मुलुक सुहाउँदो हुनुपर्छ। सबैका लागि सङ्घीयता ठीक हुन्छ भन्न सकिँदैन। सङ्घीयता विधिको राम्रो शासन भएको लोकतान्त्रिक मुलुकमा मात्र सफल भएको छ। हाम्रो देशमा पनि ०६२/६३ को आन्दोलनले यो सवाललाई उठाएको छ। यसैले यहाँको जनजाति, भूगोल र पछाडि पारिएका वर्ग आदिलाई माथि उठाउन र समानुपातिक विकास गर्न सङ्घीयता निर्माण हुनुपर्छ।

**सुनिता थपलिया**, चितवन

सङ्घ निर्माण गर्दा भौगोलिकता, भाषिक र सांस्कृतिक विषयलाई आधार बन(ाइनुपर्छ। तर, त्यसो गर्दा प्राकृतिक स्रोतमा सबैको पहुँच हुने कुरालाई बिर्सनु हुँदैन।

यसरी सङ्घ निर्माण गर्दा सबैको पहिचान स्थापित हुन्छ। शासन-प्रशासनमा सबै भाषिक-सांस्कृतिक समुदायको समान पहुँच हुन्छ। कसैले आफू पाखा परेको अनुभूति गर्दैनन्। तर, सङ्घभित्र सबै जातीय, भाषिक, अल्पसङ्ख्यकको समानुपातिक सहभागिताको सुनिश्चितता संविधानमै उल्लेख हुनुपर्छ। नेपाल बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय मुलुक भएकाले सबैको पहिचान र सहभागिता आवश्यक छ।

**ईश्वरी काफ्ले**, महोत्तरी

देश यतिबेला गम्भीर सङ्क्रमणकालबाट अगाडि बढिरहेको अवस्थामा छ। नयाँ नेपाल निर्माणको अभियान र सङ्घीय राज्यको तयारीको सिलसिलामा विभिन्न छलफल चलिरहेका छन्। देशको अवस्थाप्रति राजनीतिक दलका नेताहरू जति गम्भीर हुनुपर्थ्यो, त्यस्तो भएको पाइएको छैन। अराजकता ल्याउनु नै परिवर्तन हो भन्नेजस्तो देखिएको छ। तसर्थ, विभिन्न शङ्का-उपशङ्काले मानिसको दिमागमा घर गरेको छ। यस्तो अवस्थामा जातीय आधारमा सङ्घीयतामा जानु हुँदैन। भौगोलिक आधारमा थोरै सङ्घ बनाएर अगाडि बढ्नु पर्छ। यसरी अगाडि बढ्ने क्रममा मानवअधिकार मैत्री सङ्घीयता निर्माण सवालमा पहिलो सर्त मानवअधिकारको सम्मान, राष्ट्रिय एकतामा जोड, जातीय सद्भाव, विधिको शासन, शान्तिसुरक्षा र विकास दिँदै जनतालाई विश्वमा भएका विभिन्न मोडेलका फाइदा तथा बेफाइदाबारे जागरण अभियान सञ्चालन गर्नुपर्ने, स्रोतहरूको बाँडफाँट, केन्द्र तथा विभिन्न सङ्घहरूको कानुनी स्पष्टता, आवश्यक अधिकारका बारेमा राजनीतिक पार्टीहरूले राष्ट्रिय एकता, जातीय सद्भाव, देश र जनतालाई सचेत गराउन राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्ने, विभिन्न जातजाति, भाषा, सम्प्रदाय र जुन सङ्घमा भए तापनि पहिलो नेपाल र नेपाली हुँ भन्ने वातावरण सिर्जना र जातीय एकता र राज्यमा जोड दिनुपर्छ।

**गोविन्द पौडेल**, बारा

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र सांस्कृतिक विविधतायुक्त मुलुक हो। नेपालमा यी सबैको मिश्रित अवस्था देख्न पाइन्छ। कुनै पनि निश्चित चौघेराभित्र कुनै निश्चित जातीय, धार्मिक, भाषिक र सांस्कृतिक समुदायको स्पष्ट बहुमत रहेको देखिएको छैन। यस्तो अवस्थामा जातीय, भाषिक, धार्मिक र सांस्कृतिक अधिकार मात्र वा यीमध्ये कुनै एक आधारमा सङ्घीय निर्माण गर्नु सङ्कुचित हुन जान्छ। फेरि जातजातिभित्र वर्गहरू नभएका होइनन्। शोषण र थिचोमिचो नभएको होइन। मधेसीमाथि पहाडीको भन्दा मधेसीकै शोषण बढी छ। जनजातिले जनजातिमाथि, दलितले दलितमाथि, एउटा निश्चित सम्प्रदायले अर्को सोही सम्प्रदायका मानिसहरूमाथि शोषण र थिचोमिचो गरेका छैनन् भन्न सकिने अवस्था छैन। आजको एक्काइसौं शताब्दीमा जाति, भाषा, धर्म, संस्कृति वा अन्य यस्तै साम्प्रदायिक आधारमा राज्य निर्माण गर्ने कुरा वैज्ञानिक मान्यताविपरीत हुन्छ र पश्चगमनकारी सोच हुन जान्छ।

अतः जाति, भाषा, धर्म, संस्कृतिहरूले समान रूपले फल्न र फुल्न पाउने वातावरण सिर्जना हुने गरी सबैको पहिचान संरक्षित, सुरक्षित र सम्मानित हुने गरी यी पक्षहरूलाई गौण आधार मान्दै भौगोलिक आधारमा, विकासका सम्भावनाहरूका आधारमा, प्राकृतिक स्रोत र साधनहरूलाई पनि आधार बनाई सङ्घको निर्माण गर्नु वाञ्छनीय हुनेछ भन्ने ठानेको छु।

**मुकुन्द नेपाल**, नुवाकोट

सङ्घीयता निर्माणको आधार भौगोलिक, जातीय, भाषिक, सांस्कृतिक मात्र होइन, आर्थिक पक्षसमेतको सम्भावना वा सुनिश्चितता हुनुपर्छ। यसका साथै सङ्घीय निर्माण गर्दा सङ्घभित्र बसोबास गर्ने सबैको सहज र सरल पहुँच हुनसक्ने गरी सङ्घका राजधानी वा केन्द्रहरू हुनुपर्छ। यसैगरी निश्चित भूगोलभित्र न्यूनतम र अधिकतम जनसङ्ख्यालाई पनि आधार मान्नुपर्छ। सङ्घ निर्माण गर्दा माथि उल्लिखित भूगोल, जाति, भाषा, संस्कृति, आर्थिक आधारमा, जनसङ्ख्या, पहुँच र सुगमताजस्ता विषयलाई आधार मान्दै यीमध्ये सङ्घीय राज्यको आर्थिक पक्ष सबल हुने गरी प्रदेशको खाका कोर्ने कुरालाई प्राथमिकता दिनुपर्छ। मेरो विचारमा यो नै प्रमुख पक्ष हो। अन्य विषयमा हुने वादविवादमा छलफल वा असमझदारी वा सम्भावित साम्प्रदायिक हिंसा भएमा प्राकृतिक स्रोत बाँडफाँट वा सिमानाका रूपमा समेत केन्द्रित हुनेछ। त्यसैले सबैभन्दा पहिला सङ्घहरू निर्माण गर्दा त्यसका आर्थिक सम्भाव्यताको अध्ययन, अनुसन्धान र पहिचान गरी सर्वसाधारणलाई सचेतीकरण गरिनुपर्छ। यदि त्यसो हुन सकेन भने यस्ता स्रोतमाथिको अधिकार बाँडफाँटको विषयलाई लिएर अहिले नसोचेको विचार र हिंसा देखिन सक्छ वा सङ्घहरूको समान आर्थिक आधारमा नहुने र एउटा केन्द्रले बोझ लिनुपर्ने या त आर्थिक आधार कमजोर भई सङ्घ नै राम्ररी चल्न नसक्ने हुनाले अर्को द्वन्द्व सुरु हुन सक्छ। जातीयतालाई आधार बनाउनुपर्ने सवाल कम वस्तुगत र बढी भावनात्मक देखिन्छ। त्यसैले यसमाथिको बहसमा सबै सङ्घहरूभित्र रहेका कुनै पनि जाति विशेषको आधारमा अवसरबाट वञ्चित नहुने प्रत्याभूतिका लागि राष्ट्रिय मापदण्ड बनाएर मात्र सङ्घको खाका तयार गरिनुपर्छ। जुन मापदण्डमा राष्ट्रिय एकता वा अखण्डता आधारित हुन सकोस्।

**मुकुन्दराज दाहाल**, चितवन

## पश्चिमाञ्चल

नेपाललाई सङ्घीयतामा विभाजन गर्दा भौगोलिक आधारमा गर्नुपर्छ। किनभने, भौगोलिक आधारमा हिमाल, पहाड र तराईलाई उत्तरदेखि दक्षिणसम्म सबै सुगम हिमाल, पहाड र तराई पर्न गरी। यसरी विभाजन गरेमा सबै खालका भौगोलिक, सांस्कृतिक, सामाजिक विविधताहरू समेटिन्छन्।

**निर्मला तिवारी**, स्याङ्जा

मुलुकमा सङ्घीयताका सवालमा कुरा गर्दा भौगोलिकताका आधारमा गरिनु उपयुक्त हुन्छ किनभने भौगोलिक आधारमा सबै क्षेत्र, जाति, समुदाय र सांस्कृतिकलगायतका हरेक क्षेत्रलाई समेट्छ। तर, जातीय, भाषिक, सांस्कृतिक रूपमा भएमा सङ्घीयताले मुलुक टुक्र्याउन सक्छ। तसर्थ, भौगोलिकताका आधारमा सङ्घीयतामा जानु पर्छ।

**टङ्क खनाल**, कास्की

सङ्घीयता निर्माणका क्रममा भुबनावट, भाषिक र जातीय सबै पक्षलाई

आधार मानेर समावेशी तरिकाले सङ्घीयताको निर्माण हुनुपर्छ। किनभने, कुनै एकलाई मात्र आधार मान्दा त्यो दीर्घकालीन नहुन सक्छ। जातीयतालाई मात्र आधार मान्दा अल्पसङ्ख्यकहरूको भावना कदर नहुने र साम्प्रदायिक दङ्गाले प्रश्रय पाउन सक्छ। नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधताको मुलुक भएकाले पनि सङ्घीयताको निर्माण गरिँदा कुनै एक पक्षलाई मात्र आधार मान्नु पर्याप्त नहुन सक्छ।

**भीमलाल श्रेष्ठ**, गोरखा

सङ्घीयता भौगोलिक आधारमा गरिनुपर्छ। भूगोलका कारण मानिस पछाडि परेको छ। भौगोलिक रूपमा पछि परेको क्षेत्रका बासिन्दालाई अगाडि ल्याउने किसिमले सङ्घीयता निर्माण गरेमा मात्र मुलुकको विकास सम्भव हुन्छ। जातीय वा भाषिक रूपमा सङ्घीयता बनाउने हो भने त्यसको भोलिपल्टदेखि मुलुकमा हिंसा फैलिन्छ। सबै नेपालीलाई एक सूत्रमा बाँध्नका लागि भौगोलिक रूपमा सङ्घीयता बनाउनुपर्छ।

**रामबहादुर जीसी**, बाग्लुङ

देशलाई सङ्घीय स्वरूपमा लैजानु हुँदैन। तर, राज्यको शक्ति र स्रोत एकात्मक वा केन्द्रित प्रणालीबाट विकेन्द्रित भने गरिनु पर्छ। सङ्घीयताले देश टुक्रन सक्ने खतरा रहेको हुँदा सङ्घीयता नेपालका लागि हानिकारक छ।

**प्रकाशचन्द्र भट्टराई**, तनहुँ

भौगोलिक आधारमा सङ्घीयता निर्माण गरिनुपर्छ । भूगोलका आधारमा निर्माण गर्दा जल, जनसङ्ख्या, हिमाल, पहाड र तराई सबै भू-भाग सबै सङ्घमा पर्ने गरी सङ्घीयता निर्माण गरिनुपर्छ।

**प्रेम पौडल**, तनहुँ

नेपाललाई सङ्घीयतामा लैजानका निमित्त भौगोलिक, जातीय, भाषिक, सांस्कृतिक सबै पक्षका विज्ञहरूको आयोग गठन गरी सम्बन्धित सबै पक्ष तथा क्षेत्रसँग छलफल, बहस र अन्तरक्रियामार्फत निचोडमा पुगेर मात्र सङ्घीयता निर्माण गरिनुपर्छ।

**कमानबहादुर गुरुङ**, मनाङ

नेपालको सङ्घीयता भूगोलका आधारमा हुनुपर्छ। किनभने, नेपाल बहुजात, बहुभाषा भएको देश भए पनि यहाँ कुनै प्रकारको भाषा र धर्मका आधारमा विभेद छैन। झगडा छैन। जात र भाषाका आधारमा सङ्घीयता बनाएर देशलाई विखण्डन गर्ने प्रयत्न भएमा सबैभन्दा दुर्भाग्य हुनेछ।

**कृष्णप्रसाद अधिकारी**, लमजुङ

प्रथमत: सङ्घीयताले देश झन् अस्थिर बन्ने खतरा छ। यदि देश सङ्घीयतामा जाने अवस्था नै आए पनि त्यो चारवटा सङ्घ भन्दा बढी हुनुहुँदैन। र, सङ्घीयतामा जाँदा भूगोल, जाति, भाषा, संस्कृति, प्राकृतिक स्रोत र व्यापारिक सम्बन्धका आधारमा अनिवार्य ध्यान पुग्नुपर्छ। किनभने, जातीय रूपमा सङ्घ बनाउँदा जातीय हिंसा भड्कने र भौगोलिक रूपमा सङ्घ बनाउँदा देश विखण्डनको खतरा बढ्छ।

**घनश्याम खड्का**, म्याग्दी

नेपालमा मानवअधिकार मैत्री सङ्घ भौगोलिक आधारमा निर्माण गर्दा उपयुक्त हुन्छ। किनभने, नेपाल एउटा भौगोलिक विविधता भएको देश भएकाले तराई, पहाड र हिमाललाई समेटेर समानुपातिक र सबैको पहुँच हुने खालको प्रशासनिक संरचना निर्माण गर्नुपर्छ। अहिलेसम्म केन्द्रीकृत विकासको योजना, आधारभूत मानवअधिकारको संरक्षण ती सङ्घीयताभित्र अटाउन सकियोस्। कुनै पनि नागरिकलाई विकट क्षेत्रको अनुभूति नहोस् कि सबै ठाउँमा समानुपातिक क्षेत्रमा प्रत्यक्ष अनुभूति गर्न सकोस्। जहाँ जनजाति, संस्कृति, भाषाभाषीलगायत सबै मर्यादित रूपमा अट्न सकून्।

तसर्थ, नेपाललाई भौगोलिक रूपमा सबै भूभागलाई समेटेर सङ्घीय राज्य निर्माण गरी त्यहाँका नागरिकहरूले मर्यादित रूपले बाँच्न सकियोस्। सार्वभौम सत्ता, राष्ट्रिय अखण्डता र सबैको सम्मान पहुँच स्थापना गर्न सके साँच्चै नै सङ्घीयताको सार्थकता हुनेछ।

**सनबहादुर थापा**, कास्की

## मध्यपश्चिमाञ्चल

जातीय, भाषिक, सांस्कृतिक कुनै पनि आधार र विषयमा सङ्घीयता हुनुहुँदैन। सङ्घीयताका कारण देश विखण्डन र टुक्रन सक्छ र फेरि जनताले रगत बगाउनुपर्छ। हाम्रो देश अशिक्षित भएका कारण सङ्घीयताको उल्टो अर्थ लागिरहेको र लगाइरहेका छन्।

**राजकुमार शाक्य**, जाजरकोट

सङ्घीयताको कुरा गर्दा नेपाल अधिराज्यभरि एकै किसिमको छैन। मानौँ, अधिराज्यको कुनै मुख्य केन्द्र काठमाडौँलाई सङ्घीयताका आधारमा देश सङ्घीयतामा जान कुनै आवश्यक छैन। तर, मुगुजस्तो दुर्गम जिल्लामा सङ्घीयताको कुरा भौगोलिक आधारमा गर्न आवश्यक देखिन्छ। सङ्घीयता र भौगोलिक भेगका आधारमा संविधान निर्माण गरिने हो भने हामी मुगुजस्तो विकट जिल्लाबाट धेरै पैसा खर्च गरी कुनै पनि कामकाजका लागि फेरि उही राजधानीमै आएर एक महिना कुरेर बस्नु पर्दैन। त्यसैले मेरो विचारमा देश सङ्घीयतामा जाने हो भने प्रदेशका आधारमा विभिन्न सरकारी, गैरसरकारी कार्यालयहरू प्रदेशमा नै रहने छन्, जसले आमजनतालाई सजिलो पर्नेछ।

**कालीबहादुर नेपाली**, मुगु

भौगोलिक आधारमा सङ्घीयता निर्माण हुनुपर्छ। नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक देशमा हिंसालाई न्यूनीकरण गर्न र सबैलाई एकै सूत्रमा बाँध्न तराईदेखि हिमालसम्मको जमिन प्रत्येक प्रान्तमा पर्ने गरी सङ्घीयता निर्माण गरिनुपर्छ, जसले गर्दा तराईको चामल हिमालसम्म र हिमालको जडीबुटी तराईसम्म पुग्ने सहज वातावरण सिर्जना हुनसक्छ। जातीय, भाषिक वा सांस्कृतिक आधारमा सङ्घीयता निर्माण गर्ने हो भने भोलि देश विखण्डनको दलदलमा भासिने खतरा रहने भएकाले पनि सङ्घीयता भौगोलिक आधारमा गरिनुपर्छ।

**जीवन खड्का**, रुकुम

नेपाल एउटा फरक-फरक भु-बनोट भएको देश हो। तसर्थ, यस देशलाई

सङ्घीयतामा लैजाँदा समानुपातिक किसिमले तराई, पहाड र हिमाललाई मिलाएर भौगोलिक आधारमा सङ्घीयताको निर्माण गर्नुपर्छ। यदि त्यसभन्दा फरक ढङ्गले सङ्घीयताको निर्माण गरियो भने एउटा सङ्घ अर्को सङ्घसँग परनिर्भर हुनुपर्ने र एउटाले अर्कोलाई घुर्क्याउने आधार बन्नसक्छ । तसर्थ, सङ्घीयताको निर्माण गर्दा अन्य आधारभन्दा भौगोलिक आधारलाई प्रमुख आधार बनाउनुपर्छ जस्तो लाग्छ।

**रोमप्रकाश थापा**, सल्यान

**सङ्घीयता निर्माणका आधारहरू**

भौगोलिक
सांस्कृतिक विविधता
जनसङ्ख्या

**किन सङ्घीयता**

राष्ट्रिय एकता
सांस्कृतिक विविधता कायम राख्न
सन्तुलित विकाशका लागि

**नारायण सुवेदी**, बाँके

नेपालमा जनआन्दोलनपश्चात् आएको गणतन्त्र नेपालमा सङ्घीयताको निर्माण गर्नुमा नेपाल एक भूपरिवेष्ठित देश भएकाले नेपालमा सङ्घीयता निर्माण गर्नुमा भौगोलिक आधारमा हिमाल, पहाड, तराईलाई समेट्ने गरी सबै जातजातिसमेत आउने हुनाले भौगोलिक आधारमा निर्माण गर्नुपर्ने जस्तो लाग्छ।

**महेन्द्रप्रसाद श्रेष्ठ**, प्यूठान

देश सङ्घीय प्रणालीमा जाने निश्चय भइसकेको अवस्थामा अब देशलाई जातीय, भाषिक, सांस्कृतिकजस्ता पक्षलाई वृक्षारोपण गर्नुभन्दा विशाल नेपालको भौगोलिक संरचनालाई नै प्रश्रय दिँदै सङ्घीय संरचनाको खाका भौगोलिक रूपमा तय गरिनुपर्छ। भौगोलिक संरचनाका आधारबाहेकका अन्य जातीय, भाषिकलगायत रूपले देशलाई विभाजन गरियो भने त्यसबाट साम्प्रदायिक भावना विकास भई वर्तमान नेपालको निसाना, सीमा घट्न सक्छ। तसर्थ, भौगोलिक रूपमा हिमाल, पहाड र तराईलाई समेटेर सङ्घीय राज्यको निर्माण गर्नु उपयुक्त हुन्छ।

**राजेन्द्र न्यौपाने**, जुम्ला

जातीय, भाषिक, सांस्कृतिक आधारमा सङ्घीयता निर्माण गर्नु हुँदैन। किनभने, यस आधारमा सङ्घीयता निर्माण भएमा राष्ट्रमा विखण्डन आउन सक्छ, त्यसैले भौगोलिक आधारमा सङ्घीयता निर्माण हुनुपर्छ र गर्नुपर्छ।

भौगोलिक आधारमा सङ्घीयता निर्माण गर्दा हिमाल, पहाड र तराई तीनवटै क्षेत्रलाई समेटेर निर्माण गरेमा देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्न सजिलो हुन्छ। हिमाली क्षेत्रमा रहेको प्राकृतिक स्रोत जस्तै: जडीबुटी, तराई अन्नको भण्डार भएकाले सङ्घीय राज्य बनाउँदा प्रत्येक राज्यमा हिमाल, पहाड र तराईलाई समेटेर सङ्घीय राज्य बनाउनुपर्छ।

**रेनुकुमारी सेन**, प्यूठान

भौगोलिक आधारमा देशको सङ्घीयता निर्माण हुनुपर्छ । किनभने, जातीय, भाषिक, सांस्कृतिक आधारलाई लिएर सङ्घीयता निर्माण गर्ने प्रयास गरिएको खण्डमा देश विभाजनतिर अगाडि बढ्ने सम्भावना देखिन्छ। जातीय दङ्गाहरू बढ्न सक्छन्। निश्चित जाति मात्र बसेको कुनै खालको समुदायले अल्पसङ्ख्यकलाई थिचोमिचो गर्ने अवस्था आउन सक्छ। सरकारी कामकाजको भाषामा समस्या देखिन सक्छ। यस्तै विभिन्नखाले समस्या आउन सक्छन्। तसर्थ, मेरो विचारमा भौगोलिक आधारमा सङ्घीयता निर्माणमा प्राथमिकता दिइनु आवश्वक ठहरिन्छ।

**राजेन्द्र महत**, जुम्ला

हाम्रो देशमा आगामी संविधान निर्माण हुँदैछ र देश सङ्घीयतामा जाने अन्तरिम संविधानमा उल्लेख भइसकेको हुँदा सङ्घीय भूगोलका आधारमा हुन जरुरी देखिएको छ। भु-बनोटका आधारमा क्षेत्र, प्रदेश प्रशासनिक क्षेत्रको बाडँफाँट हुँदा विभिन्न क्षेत्रका दूरदराजका नागरिकले सामूहिक सेवाहरू लिन सक्ने हुँदा उनीहरूको पहुँच पुऱ्याउन उत्तिकै आवश्यक रहेको छ, त्यसैले आगामी दिन मुलुकलाई सङ्घीय बनाउँदा भूगोललाई उच्च प्राथमिकता दिनुपर्छ। हालको विभाजन हेर्दा कर्णाली क्षेत्रका सदरमुकामभित्र र बाहिर आकाश जमिनको फरक देखिन्छ। त्यसकारण समान पहुँचका लागि समान सेवा वितरण गर्दा भू-बनोटका आधारमा प्रत्येक क्षेत्र तथा वर्गको पहुँच पार्न सुलभ र सहज रूपमा राज्यका सेवा स्थापना गर्नु जरुरी देखिन्छ।

**रमेश ऐडी**, हुम्ला

नेपाल चाहेर-नचाहेर अब सङ्घीय व्यवस्थामा जाने निश्चितप्राय: भइसकेको छ। सङ्घीय कस्तो हुनुपर्छ भन्ने बहस पछिल्लो समयमा सुरु भएको हो। नेपालको जभौगोलिक अवस्था, सांस्कृतिक र सामाजिक अवस्था आदि सबैको अध्ययन र विश्लेषण गर्ने हो भने भौगोलिक आधारमा निर्माण हुने सङ्घीय राज्य नै नेपालको परिपेक्ष्यमा सबैभन्दा उत्तम हुन्छ। यसबाहेकका जातीय, भाषिक र सांस्कृतिक सङ्घीयले देशको अखण्डतामा नै खतरा पुऱ्याउन सक्छ। जातीयताका आधारमा गरिने सङ्घीय व्यवस्था कति घातक हुन्छ भन्ने कुरा देशमा पछिल्लो समयमा सुरु भएको जातीय आन्दोलनले पुष्टि गरिसकेको छ। कुनै एक जातिको बहुमत भएको जिल्ला नेपालमा छैन। जातीयताका अलावा भाषिक र सांस्कृतिक सङ्घीयले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साम्प्रदायिक भावनाको बीजारोपण गर्छ र त्यसले पनि कालान्तरमा राष्ट्रिय अखण्डतामा नै खतरा पुऱ्याउँछ। प्रश्नमा उल्लेख भएका चारओटा आधारहरूमध्ये मिश्रित रूपमा कहीं भौगोलिक, कहीं सांस्कृति आधारमा पनि सङ्घीयता निर्माण गर्न सकिन्छ तर जातीय र भाषिक सङ्घीयताको कल्पना नै गर्नुहुन्न। केही विश्लेषकहरूले भारतलगायत केही राष्ट्रहरूमा जातीय सङ्घीयता भएको र त्यहाँ राष्ट्रिय विखण्डन नभएको उदाहरण पेस गर्दै जातीय सङ्घीयताको पक्षमा वकालत गर्दैछन्। मेरो विचारमा त्यो केवल निहित स्वार्थमा गरिएको काँचो तर्क मात्र हो। केही राष्ट्रका अपवादजस्ता उदाहरण पेस गरेर जातीयताको पक्षमा तर्क गर्नु घातक छ। विश्वको उदाहरण पेस गर्ने हो भने सङ्घीय नै नभएका राष्ट्रहरूको फेहरिस्त लामो हुन्छ।

**बालकृष्ण बस्नेत**, नेपालगन्ज

## सुदूरपश्चिमाञ्चल

नेपालमा सङ्घीयताको आधार भौगोलिक रूपमा लिइनुपर्छ। नेपाल बहुजातीय, बहुभाषा र बहुसांस्कृति र विविधता भएको देश हो। त्यसकारण सङ्घीयताको एउटा आधार भूगोललाई लिइनु पर्छ। मानवअधिकार मैत्री सङ्घीय संविधानको निर्माण गरी सबै नेपालीलाई क्षेत्रका आधारमा समुचित भूगोलको विभाजन गरिनुपर्छ। यसले मात्र नेपाल र नेपालीको सुनौलो भविष्य निर्माण हुन्छ ।

**रतनबहादुर रावल**, अछाम

देश सङ्घीय प्रणालीमा जानु हुँदैन भन्ने मेरो भनाइ रहेको छ। कुनै पनि आधारमा सङ्घीयता बनाउनु हुँदैन । किनभने, यसले देश विकास भन्दा पनि विनाशको बाटो लिन्छ। राजनीतिक दलहरूले गलत बाटो रोजेका छन्। जनतालाई भ्रममा पारेका छन्।

**तेजराम लोहर**, बैतडी

भौगोलिक आधारमा सङ्घीयता निर्माण गरिनुपर्छ किनभने यसबाहेकका आधारहरू नेपालको सन्दर्भमा उपयुक्त छैन।

**जेबी कटुवाल**, बाजुरा

जातीय र ऐतिहासिक पृष्ठभूमिका आधारमा सङ्घीयता निर्माण गरिनुपर्छ। आईएलओ १६९ लाई आत्मसात् गर्ने हो भने अब जातीय आधारमा सङ्घीयता दिनुपर्छ। जातीय आधारमा आत्मनिर्णयको अधिकारसहितको सङ्घीयता निर्माण भएन भने धेरै दु:ख पाउँछौं।

**फिरुलाल चौधरी**, कैलाली

सङ्घीयता जनसङ्ख्या र भौगोलिकताका आधारमा गरिनुपर्छ। किनभने, भौगोलिकता र जनसङ्ख्याका आधारमा सङ्घीयतामा विभाजन गर्दा हरेक क्षेत्रलाई पाँच क्षेत्रमा विभाजन गर्दा करिबकरिब जनसङ्ख्याको आकार, प्राकृतिक स्रोत साधन र विकासको गति पनि समान किसिमले हुने देखिन्छ।

**नरेन्द्र सिंह**, दार्चुला

भौगोलिक, सांस्कृतिक, प्राकृतिक स्रोतमा पहुँचका आधारमा र भौगोलिक विकासका आधारमा सङ्घीयता निर्माण गर्नु आवश्यक छ। नेपाल एक भौगोलिक विषमता भएको मुलुक हो। नेपाल भौगोलिक आधारमा प्राकृतिक सम्पदा उपलब्धता पनि फरक छ। सङ्घीयता बलियो बनाउन एकआपसमा सहिष्णुता कायम भए मात्र राष्ट्रिय अखण्डता र स्वाधीनता हुन सक्छ। भौगोलिक, सांस्कृतिक विकासात्मक पहुँच र प्राकृतिक स्रोतको बाँडफाँटले नै सम्पूर्ण जातीय, भाषिक र सांस्कृतिक मनोभावनाको कदर हुनसक्छ। विकासमा पहुँच र प्राकृतिक स्रोत बाँडफाँट समान अस्तित्व कायम हुनसके मात्र सङ्घीयताले अर्थ दिन सक्छ। जातीय राज्यमा एक जातिको अस्तित्व सङ्कटमा पर्ने गरी अर्को जातीय राज्य निर्माण गर्दा अर्को जातिले आफ्नो अस्तित्व बचाउन युद्ध-अशान्ति मच्चाउन तयार हुन्छ।

**सुरबहादुर परियार**, कैलाली

नेपालको सन्दर्भमा सङ्घीयताको विषय एकदमै गम्भीर विषय हो। राज्यका अधिकार स्रोत, साधन र शक्तिको विकेन्द्रीकरणको कुरालाई लिएर राज्यको पुन:संरचना हुनुपर्नेमा सङ्घीयताको नाम दिएर राज्यलाई एकदमै असहज अवस्थामा पुऱ्याउने काम भएको छ। राज्यले प्रतिबद्धता गरिसकेको अवस्थामा सङ्घीय राज्य प्रणालीको अब भने विकल्प छैन। तसर्थ, सङ्घ विभाजन गर्दा धेरै ध्यान पुऱ्याउनु पर्छ। यदि जातीय, भाषिक र सांस्कृतिक आधारमा राज्य विभाजन गर्ने हो भने द्वन्द्वको बीउ झन् रोपिन सक्छ। तसर्थ, सङ्घीयताको विभाजन गर्दा भौगोलिक आधारमा नै उपयुक्त देखिन्छ।

**युवराज घिमिरे**, कञ्चनपुर

नेपाल एक भौगोलिक वातावरण अनुसार सबै चीज मिलेको हुँदा सङ्घीय निर्धारण गर्दा समानुपातिक रूपमा सबै सङ्घहरूमा समान भौगोलिक वातावरण कायम गरी गर्नुपर्छ। सङ्घीयता समान रूपमा प्राकृतिक स्रोत, साधन एवम् भू-बनोटलाई मध्यनजर गरी बाँडिनु पर्छ र धेरै सङ्घहरू बनाउँदा आर्थिक व्ययभार बढी हुने हुँदा र थोरै बनाउँदा त्यति प्रभावकारी नहुने र ठूलो हुँदा जिम्मेवारी बढी भई सरकार सक्रिय नहुँदा सङ्घीय बनाउदा तपसिलका आधारमा तय गरी बढीमा सातवटा सङ्घ बनाउनुपर्छ।

१ हिमाल, पहाड, तराई क्षेत्र समेट्ने गरी सङ्घ विभाजन गर्ने।
२ प्राकृतिक स्रोत, नदीनालाहरूलाई पनि समान वितरण गर्ने।
३ भौगोलिक विकटता र सुगमतालाई मध्यनजर गर्ने।
४ जनसङ्ख्या बराबरी पर्ने गरी विभाजन गर्ने।
५ जाति, भाषा, धर्म र संस्कृतिको सम्मान हुने वातावरण बनाई सबै सङ्घमा समेट्न पहल गर्ने।

**देवबहादुर खड्का**, बझाङ

जातीय र ऐतिहासिक पृष्ठभूमिका आधारमा सङ्घीयता निर्माण हुनुपर्छ। यहाँ धेरैले जातीय आधारमा सङ्घीय राज्य भयो भने देश टुक्रिन्छ भनेर भनिरहेका छन्। यसको आशय के हो भने अभिजात शासक जाति अन्य कुनै जातिको अस्तित्व स्वीकार गर्नेवाला छैनन्। नेपालको पृष्ठभूमि फरक छ, यहाँ जातीय विभेद धेरै छ। कोही छुवाछूतबाट पीडित छन् त कोही बहिष्कृत छन्। कुनै जाति यस्ता छन्, जसको राज्यमा पहुँच छैन। उनीहरूमाथि बाहिरबाट मान्छे भाडामा ल्याई शासन गरिँदैछ। यस्तो किसिमको शासनशैली हामीलाई कुनै पनि मानेमा स्वीकार्य हुन सक्तैन। नदीमा पानी देखिन्छ तर पानी हाम्रो खेतमा काम लाग्दैन। यहाँ मान्छे कारिन्दा छन्। राज्य छ, जो बिलकुल हाम्रो विपक्षमा छ। राज्य स्वयम् अन्याय र अत्याचार गर्न उद्यत छ, जुन राज्यको आवश्यकता छैन।

जातीय र ऐतिहासिक पृष्ठभूमिका आधारमा सङ्घ भएन भने फेरि उही अभिजात शासक वर्ग राज्यमा हावी भइरहन्छ, जो सङ्घीयताको विरोध गर्छ। सङ्घीय राज्य भूगोल, नदीनाला, बालुवाजस्ता वस्तुलाई शासन चाहिँदैन, शासन मान्छेलाई चाहिन्छ। जो विभेदित छ। यदि सङ्घीयता दिएर देश टुक्रिन्छ भने टुक्रियोस्, त्यो शासकीय मानसिकताको कारणले टुक्रिन्छ, कुनै जातजातिका कारणले होइन। आईएलओ १६९ लाई आत्मसात् गर्ने हो भने पनि अब जातीय आधारमा सङ्घीयता दिनैपर्छ, अन्यथा देशले नचिताएको दु:ख पाउँछ।

**दिलबहादुर चौधरी**, कैलाली


हाल देशमा चर्को रूपमा सङ्घीयताको बहस चलेको पाइन्छ। २०६२/६३ को जनआन्दोलनपछि नेपालमा सङ्घीयताको बहस चर्को रूपमा उठ्दै आएको हो। नेपालको अन्तरिम संविधान-२०६३ ले नेपालमा सङ्घीयताका लागि बाटो खुला गरिसकेको छ। संविधानसभाले सङ्घीयताको आवश्यकता, यसको स्वरूप र अधिकारको विषयमा ठोस निष्कर्ष निकालेर अगाडि बढ्ने जनअपेक्षा छ। त्यसैले सबै वृत्तमा सङ्घीयताका बारेमा व्यापक छलफल हुन जरुरी पनि छ। यिनै कुराहरूलाई मध्यनजर गरेर सङ्घीयता, यसले अङ्गीकार गर्ने सिद्धान्त, यसको स्वरूपका बारेमा थुप्रै कित(ाबहरू प्रकाशित भएका छन्। यसै सन्दर्भमा डा. बुद्धिप्रसाद भण्डारीद्वारा लिखित *सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल* पुस्तकको प्रथम संस्करण २०६५ प्रकाशन भएको छ। पुस्तकमा लेखकले सङ्घीयताका बारेमा थुप्रै विषयवस्तुहरू समेटेका छन्।

सङ्घीय प्रणाली एक नवीन अवधारणा हो। शब्द लेटिन भाषाको 'फोयडस' (Foedus) बाट उत्पत्ति भएको हो। यसको अर्थ सन्धि वा सम्झौता हुन्छ। शब्द र उत्पत्तिका दृष्टिले सम्झौताद्वारा निर्मित राज्यलाई सङ्घराज्य भनिन्छ। संवैधानिक दृष्टिले सङ्घीय प्रणालीको अर्थ संविधानद्वारा केन्द्रीय सरकार र प्रादेशिक सरकारबीच अधिकारहरूको बाँडफाँट गरेर निर्माण गरिएको संयुक्त राज्य हुन्छ। केन्द्रीय सरकारले मात्र यस्ता अधिकारहरूको विभाजनलाई परिवर्तन गर्न सक्दैन। सङ्घीय सरकारमा प्रादेशिक राज्यहरूको शक्ति पूर्ण रूपमा लोप हुँदैन। सङ्घको सम्बन्ध सबै राज्यहरूसँग हुन्छ। सङ्घ (केन्द्रीय सरकार) र प्रदेश (राज्य सरकार) बनाउने र अधिकारहरू वितरण गर्ने व्यवस्था संविधानमा व्यवस्थित हुन्छ। सामान्यत: सङ्घमा प्रवेश गर्ने राज्यहरूले यसबाट आफ्नो सदस्यता फिर्ता लिन सक्दैनन्। यिनीहरू सङ्घका अभिन्न अङ्ग बन्न जान्छन्। सङ्घ निर्माण र त्यसको सफलताका लागि सर्वोच्च न्य(ायलयको आवश्यकता पर्छ। यसले नै संविधानको समेत संरक्षण गर्छ।

त्यसो त नेपालमा सङ्घीयताको पक्ष र विपक्षमा थुप्रै प्रश्नहरू उठेका छन्। सङ्घीयताका फाइदा तथा बेफाइदा दुवै छन्। तर, नयाँ संरचनासहितको नयाँ नेपाल सुनिश्चित गर्ने संविधान बनाउने जिम्मा पाएको संविधानसभाले यसै सन्दर्भमा जनमत पनि सङ्कलन गरेको छ। सविधानको खाका तयार भएपछि पुन: जनताको सुझाव लिने कार्यक्रम पनि संविधानसभाले गरेको छ। भौगोलिक, जातीय, भाषिक, सांस्कृतिक विविधता भएको नेपालमा सङ्घीयताको आव(श्यकता किन ? कस्तो स्वरूपको सङ्घीयता बनाउने ? जस्ता प्रश्नहरू हाल आम(जनमानसमा विद्यमान छन्। प्रस्तुत पुस्तकले यिनै जिज्ञासाहरूको उत्तर खोज्ने प्रयास गरेको छ।

३ सय ५९ पृष्ठ भएको प्रस्तुत पुस्तक दस अध्यायमा विभाजित छ। पुस्तकको पहिलो अध्याय सङ्घीय प्रणालीको अर्थ, सङ्घीय प्रणालीका सिद्धान्तहरू, सङ्घीय प्रणालीका पूर्वसर्तहरू, सङ्घीयताका आवश्यक लक्षणहरू, आवश्यक सर्तहरू, सङ्घीय प्रणालीका प्रतिमानहरू, शक्ति वितरण, सङ्घ र प्रदेशबीच अन्तरसम्बन्धलगायत न्यायप(ालिका, संविधान संशोधनसम्बन्धी प्रक्रिया आदिका आधारमा सङ्घीयताको स्वरूप आदि विषयमा केन्द्रित छ। यसबाहेक सङ्घीय प्रणालीको आलोचनात्मक मूल्याङ्कन, सङ्घीयताको पक्ष तथा विपक्षमा भएको मत र सङ्घीय प्रणालीको भविष्यबारेमा पनि लेखकले पनि विभिन्न विद्वान्हरूको मत समावेश गरेका छन्।

पुस्तकको दुई, तीन र चार अध्यायमा क्रमश: लोकतन्त्र, लोकतान्त्रिक गणतन्त्र र गणतन्त्रका बारेमा उल्लेख गरिएको छ। यसैगरी पाँच, छ, सात, आठ र नौ अध्यायमा विश्वका विभिन्न देशहरूमा विद्यमान सङ्घीय प्रणालीको व्याख्या गरिएको छ। अन्तिम अध्यायमा नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रका बारेमा लेखिएको छ। यस अध्यायमा नेपालमा सङ्घीयताको आव(श्यकता, ऐतिहासिक पृष्ठभूमिजस्ता विषयमा लेखकले आफ्नो धारणा राखेका छन्। सङ्घीयताको स्वरूप कस्तो हुँदा राम्रो हुन्छ भन्ने सवालमा विभिन्न विद्वान् तथा लेखकहरूको रायसमेतलाई विश्लेषण गरिएको छ। यसै आधारमा लेखकले १४ ओटा प्रदेशको प्रस्ताव अगाडि सारेका छन्। पुस्तकको अन्(त्यतिर अनुसूची राखिएको छ। अनुसूचीमा नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्बन्धी संवैधानिक व्यवस्था, नेपाली काङ्ग्रेसको घोषणापत्र, नेपाल कम्युनिस्ट पार्टी एकीकृत माओवादीको घोषणापत्र तथा नेपाल कम्युनिस्ट पार्टी एमालेको घोषणापत्र पनि




राखिएको छ।

नेपालमा सङ्घीयताको विषयमा व्यापक छलफल चले पनि यसबारेमा पूर्ण ज्ञान थोरै मात्रलाई होला। सङ्घीयताका बारेमा विस्तृत ज्ञान हासिल गर्न तथा अन्य मुलुकमा सङ्घीयताको स्वरूप कस्तो छ, त्यसको तुलनात्मक ज्ञान हासिल गर्नसमेत यो पुस्तक धेरै सहयोगी हुनेछ। समग्रमा यस पुस्तकले सङ्घीयताबारेमा जिज्ञासा राख्नेहरूलाई सहजै उत्तर दिने नै छ। तथापि, लेखकले सङ्घीयताका बेफाइदाबारेमा विवेचनात्मक तथा तुलनात्मक विषयवस्तु पर्याप्त मात्रामा राखेको देखिँदैन। जसरी सङ्घीयता अँगालेर सफल भएका अमेरिका, भारत, फ्रान्सलगायतका देशहरूको उदाहरण राखिएको छ। त्यसैगरी सङ्घीयता अँगालेर असफल भएका राष्ट्रहरूको परिचय र तिनले अँगालेको सङ्घीयताको स्वरूप राखेको भए पाठकलाई अझ धेरै बौद्धिक खुराक मिल्ने थियो। त्यसले थोरै ज्ञानका आधारमा सङ्घीयताको वकालत गर्नेहरूलाई सङ्घीयतामा जानुपूर्व एकपटक सोचेर मात्र कदम चाल्न सघाउने थियो। लेखकले प्रस्ताव गरेको १४ ओटा प्रदेशको विभाजन जातीय, भाषिक तथा भौगोलिक आधारमा भए पनि जातीय-भाषिक आधारमा गरेको विभाजन भने विवादित नै हुनेछ। समग्रमा पुस्तक पठनीय र सङ्ग्रहणीय छ।

| | |
|---|---|
| पुस्तकको नाम : | सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल |
| लेखक : | डा.बुद्धिप्रसाद भण्डारी |
| पृष्ठ संख्या : | ३५९ |
| मूल्य : | २२५ |
| प्रकाशक : | पैरवी प्रकाशन |

**– दीपकराज तिवारी**

# मारेको भए हाडखोड त देखाउ

आज फर्केलान् भोलि फर्केलान् भनेर बाटो हेरेको पनि छ वर्ष पुगिसक्यो। न कतै ज्यानै तलबितल केही भयो कि ? बेला बखत यस्तो आशङ्का मनमा नलागेको पनि होइन तर आफैले मनलाई थामथुम पार्थे- पक्कै पनि काम लगाएका होलान् वा न उनीहरूको श्रम कैदमा राखेका छन् कि !

रामेछाप जिल्लाको प्रिती गाविस-६ का गुरागाई परिवार यस्तै दुविधाको सामना गर्दै बसेको थियो। कारबाहीमा परेका एक जना माओवादी कार्यकर्ताले बाबु मारिसकिएको जानकारी गराएपछि ६ वर्षअघि बेपत्ता पारिएका ४७ वर्षीय उपेन्द्र गुरागाईंका छोरा मोहन गुरागाईंको मन थामिएको छैन। बाबुलाई मारेको यत्रो वर्ष बितिसक्दा पनि के कारणले सार्वजनिक गरिएन ? मारिनु पर्ने उनको अपराध के थियो ? राजनीतिसँग कुनै साइनो नभएको एक पुरोहितसँग दुश्मनी साध्नु पर्ने आवश्यकता किन पऱ्यो उनीहरूलाई ? बाबुको शरीरको अवशेष कहाँ भेटिएला ? मोहन र उनका परिवार उपेन्द्रलाई गाडेको ठाउँको खोजीमा भौतारिएका छन्। हत्या गरिएका बाबुको हाडखोड पत्ता नलागेको कारण उपेन्द्रका छोराहरूले न बाबुको किरिया गर्न पाएका छन् न तिथी अनुसार उनको संस्कार नै गर्न पाएका छन्।

"हामीलाई त उनीहरूले नै अपहरण गरेका हुन् भन्ने कुरामा विश्वास थियो तर उनीहरुले स्वीकारेका थिएनन्। अपहरण गरे पनि घटनाको बारेमा केही नबताएकाले मारेकै होलान् भन्ने लागेको थिएन। अब त मारेकै हुन् भन्ने प्रष्ट भयो। तै पनि मारेर गाडेको ठाउँ देखाएका छैनन्। शव गाडिएको ठाउँ पत्ता लगाउन पाए जे भेटिन्छ त्यसैको संस्कार गरी काजकिरिया गर्नु हुन्थ्यो। त्यो पनि गर्न पाइएको छैन" मोहन गुनासो गर्छन्।

प्रितीका गुरागाईंहरू स्थानीय हिन्दू धर्मालम्वीहरूका पुरोहित हुन्। उपेन्द्रको परिवारले पनि पुस्तौदेखि यजमानी पेशा गर्दै आएको थियो। हिन्दू धर्मशास्त्र नै त्यस्तै छ- न्वारानदेखि सद्गत गरेपछि पनि पुरोहितको आवश्यकता पर्दछ। पुरोहित नभई कुनै कामकाज नै चल्दैन।

माओवादीको सशस्त्र द्वन्द्व सुरु भएपछि उनीहरुले ठाउँठाउँमा पुरोहितलाई पिण्ड कोच्याए रे। बाहुनलाई गाउँबाट लखेटे रे भन्ने समाचारहरु लगातार सञ्चारमा( ध्यमहरूमा आएपछि उपेन्द्र पनि नआत्तिएका होइनन्। कतिपटक त उनले अब यजमानी पेशा छाड्ने भनेर निर्णय पनि गरे। तर गाउँलेहरू आएर हामीले पुजी राखेको पुरोहित तपाईंले छाडेपछि हामीले कसलाई पुरोहित लगाउने भनेर कचकच गरेकाले उनले पेशा छाड्न सकेका थिएनन्। उपेन्द्रका छोरा मोहन गुरागाईले भने-"त्यस्ता समाचार सुनेपछि हामीले पनि बालाई यो पेशा छाडिदिन सल्लाह दिएका हौं। तर गाउँलेहरूले जे परे पनि हामी व्यहोरौंला। तपाईंले गरी आएको काम छोड्न पाउनु हुन्न भनेर पटकपटक दबाब दिएपछि उहाँले पेशा छाड्न नसक्नु भएको रहेछ।"

तत्कालीन सरकारले सङ्कटकाल घोषणा गरिसकेको थियो। द्वन्द्व चरम चुलिमा पुगेको थियो। गाउँमा माओवादीको एकछत्र राज थियो। गाउँमा कहिले काहीं गस्तीमा पुग्ने सुरक्षाकर्मीको टोलीले पनि स्थानीय मानिसहरूलाई माओवादी पालेको भन्दै सता( उँथ्यो। अर्कातिर सुरक्षाकर्मी हिँड्नासाथ माओवादी आएर सेनालाई खान दिएको वा सूचना दिएको बहानामा विभिन्न खालका सजाय गर्थे।

उपेन्द्रका छोराहरू सेना र प्रहरीमा जागिरे भएकाले माओवादीले उनलाई अलि बढी नै दु:ख दिने गरेका थिए। उनको घरमा गएर माओवादीहरूले पटकपटक छोराहरूको जागिर छुटा भनेर नभनेका हैनन्। तर उमेर पुगेका छोराहरू माओवादीले भनेको भन्दैमा उनले भनेर केको जागिर छाड्थे ? उनीहरूले जागिर छाडेनन्। उनलाई छोराहरूको विष यलाई लिएर पटक पटक धम्क्याएका थिए। उनी त्रासको जीवन बाँचिरहेका थिए

यसैबीच गाउँकै उद्धवबहादुर कटवालकी आमाको मृत्यु भयो। मृत्यु भएपछि पुरोहितको काम परि त गयो। जौ-तिल हाल्न पुरोहित नभइ हुँदै भएन। त्यसैले उनी किरियापुत्री बसेको घरमा ढीकुराको पुजा गराउन धाउन लागे।

उपेन्द्र सदा झैं २०५९ सालको पुस १३ गते साँझ नपर्दै किरियापुत्री रुँघ्ने घरमा पुगे। उनी बेलुका घर फर्किएनन्। घर नफर्किएपछि परिवारका सदस्यहरूले किरियापुत्री भएकै घरमा बसे होलान् भन्ने अनुमान गरे। खासै खोजी भएन। भोलिपल्ट पनि अबेरसम्म उनी घर नफर्किएपछि घरका मानिसहरूले खोजी गरे। उनीहरु किरियापुत्री बसेको घरमा बुझ्न पुगे। घरका मानिसहरूले बाजे त साँझ नै यहाँबाट हिंड्नु भएको भनी बताए। छेउमा बस्ने मानिसहरूले बाजेलाई डाडाँ कटाई सके होलान् भनेर खासखुस गरेको खोजी गर्न जाने मानिसले सुनेका थिए। त्यसैले उनीहरूको मनमा शङ्काको बादल मडारियो तर त्यहाँ केही नभनी हिंडे।

उनलाई खोज्न गएका परिवारका सदस्यहरू उनलाई त्यहाँ नदेखेपछि निक्कै आत्तिएका थिए। मोहन भन्छन्-"त्यो घरमा गरिएको दुईथरिका कुराले हामीलाई माओवादीले अपहरण गरे भन्ने शङ्का भइहाल्यो। केही दिन दु:ख दिएर छाड्लान् भन्ने लागेको थियो। मार्लान् नै भन्ने चाहिँ लागेको थिएन।" त्यसैले उनीहरुले माओवा( दीलाई सोधे तर उनीहरुले अपहरण गरेको स्वीकारेनन्।

माओवादीले तत्काल मात्र हैन पछिसम्म पनि सो कुरा अस्वीकार गर्दै आएको थियो। बेपत्ता पारिएकाहरूको सूची बनाउन ६ महिनाअघि जिल्ला प्रशासन कार्यालयमा आयोजना गरिएको सर्वदलीय बैठकमा पनि गुरागाईंलाई बेपत्ता पारिएको कुरा अस्वीकार गरेको थियो। सो बैठकमा माओवादीका जिल्ला नेताले उनलाई अपहरण नगरेको बताएका थिए। त्यसैले जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कमा उनलाई अज्ञात समूहबाट बेपत्ता पारिएको सूचीमा राखिएको छ।

उनलाई माओवादीले अपरहरण गरेको कुराको पोल त्यतिबेला खुल्यो जति बेला माओवादीका एक जिम्मेवार कार्यकर्ता पार्टी कारबाहीमा परे। माओवादीका तत्कालीन १० नं एरिया सेक्रेटरी बाम्ती गाविस-६ का प्रमोद भनिने तिर्थबहादुर कार्की कारबाहीमा परेपछि उनले सो कुरा सार्वजनिक गरे। उनले गुरागाईंका छोरा मोहनलाई भेटी उपेन्द्रको अपहरण माओवादीले नै गरेको र उनको अपहरणपछि हत्या गरेको बताए। उनको अपहरण कसको नेतृत्वमा गएको टोलीले गरेको थियो भन्ने

बारेमा भने उनले केही नबताएको मोहनले बताए।

कार्कीले गुरागाईंलाई चैत १२ गते भेटी उनलाई अपहरण गरेको र भोलिपल्ट ओखलढुङ्गा जिल्लाको गाम्नाङटारको तोरीबारी भन्ने ठाउँमा पुऱ्याएर हत्या गरेको बताएका छन्। पार्टीले सार्वजनिक नगर्ने भनेकोले आफूले घटना सार्वजनिक गर्न नसकेको गुरागाईंसँग स्वीकारेका छन्। उनले यस बारेमा मानवअधिकार आयोगमा बयान दिन तयार रहेको पनि बताएका थिए।

कार्कीले गुरागाईंको हत्या गरिएको स्वीकारेका भए पनि उनको लाश कहाँ गाडिएको थियो भन्ने बारेमा केही बताएका छैनन्। उनले सबै कुरा मानवअधिकार आयोगमा बयान दिने बताएका थिए। यसले गर्दा परिवारलाई थप अन्योलग्रस्त बनाएको छ। पीडित परिवारले यस विषयमा राष्ट्रिय मानवअधिकार आयोग तथा स्थानीय प्रशासनमा पनि जानकारी गराएका छन्। कार्कीले सो कुरा बताएलगत्तै आफूले मानवअधिकार आयोग र प्रहरीलाई सो ब्यहोराको सूचना जानकारी गराएको मोहनले बताए। मानवअधिकार आयागले बाम्ती पुगेर एकपटक छानबिन पनि गरेको छ।

घटना सार्वजनिक गरेपछि माओवादीले कार्कीलाई केन्द्रीय कार्यालयमा बोलाएर बयान लिएपछि उनले अहिले आफ्ना कुरा फेर्न लागेको पीडित परिवारले बताए। पीडितले भने-"उसले पहिला सबै कुरा बताउँछु भनेको थियो। त्यसो भनेका सुन्ने अरु मानिसहरू पनि छन्। माओवादीले उनलाई काठमाडौंमा बोलाएर के के भने कुन्नि, अहिले कुरा फेर्न लागेको छ।"

पीडितका छोरा मोहनले भने- "उनको भनाइले मारेको कुरा त पुष्टि भयो तर शव कहाँ गाडिएको हो त्यो पत्ता लागेको छैन। मारिएको पत्ता लगाउन त ६ वर्ष कुर्नु पऱ्यो गाडेको ठाउँ कहिले पत्ता लाग्ने हो ठेगान छैन। म अब मेरा बाबुको काजकिरिया गर्न के गरौं ?"

दिगो शान्ति स्थापना गर्छौं र जनतालाई अधिकारसम्पन्न बनाउँछौं भन्ने एकीकृत नेकपा माओवादीले मोहनको सांस्कृतिक अधिकार खोसिएको विषयमा गम्भीर भएर प्रस्तुत हुनु नपर्ला र ! आखिर हत्या गरेको कुरा त खुलिसक्यो भने शव गाडेको ठाउँ किन लुकाउनु पऱ्यो र।

***– नवराज पथिक, रामेछाप***

# घटन सकेन द्वन्द्व पीडितको पीडा

"बुढेसकालमा छोराले कमाएर पाल्छ की भन्ने आशा थियो तर के भयो के भयो ?" रिस्ती गाविस-१ सोतीबेसीका ७१ वर्षीय होमनाथ अधिकारीको बिलौना हो यो। उमेर ढल्कदै गए पनि होमनाथको दु:ख घटेको छैन। साना-साना नाती नातीनालाई हुर्काउने पढाउने, खुवाउने सबै जिम्मा होमनाथको थाप्लोमा रहेको छ।

आफ्नो दु:ख त छँदै छ होमनाथलाई त्यसमाथि छोराछोरीको सम्झनाले बुढेसकालमा पनि खुबै सताउँछ उनलाई। "देशमा परिवर्तन ल्याउन भन्दै छोरा, छोरी र बुहारी युद्धमा लागे तर देशमा परिवर्तन आएपनि आफूहरूको दु:खमा केही कमी भएको छैन" होमनाथले दुखेसो गरे।

नेकपा माओवादीको नेतृत्वमा भएको सशस्त्र युद्धको क्रममा होमनाथको परिवारको चार जना सदस्यले ज्यान गुमाएका छन्। अधिकारीका दुई छोरा, एक छोरी र एक बुहारीको विभिन्न समयमा सुरक्षाकर्मीले हत्या गरेको थियो। माओवादी पार्टीमा आबद्ध उनीहरू सबैलाई सुरक्षाकर्मीले गिरफ्तार पछि हत्या गरेको थियो। होमनाथकी छोरी २१ वर्षीय छोरी इन्दु अधिकारीको २०५५ मंसिर २६ गते गोरखा जिल्लामा सुरक्षाकर्मीले गिरफ्तारपछि हत्या गरेको थियो।

छोरीको मृत्युको पीडामा रहेका अधिकारीलाई २०५८ सालमा झन ठूलो पीडा थपियो। उनका माइला छोरा भरतचन्द्र अधिकारी र बुहारी कलावति अधिकारीको २०५८ माघ २३ गते तनहुँ जिल्लाको कोछ्याङ गाविसको साउनेपानीमा गिरफ्तार पछि हत्या गरेको थियो। सो क्रममा सेनाले माओवादीका ९ जना कार्यकर्तालाई गिरफ्तार पछि सामुहिक हत्या गरेको थियो। यो घटनालाई युद्धको क्रममा तनहुँमा भएको सर्वाधिक चर्चाको घटनाको रूपमा लिने गरिएको छ। पेशाले शिक्षक रहेका अधिकारी दम्पती सुरक्षाफौजले दु:ख दिन थालेपछि शिक्षण पेशा छाडी युद्धमा होमिएका थिए। उनीहरूका १० वर्षका एक छोरा र ८ वर्षकी एक छोरी रहेका छन्। यी साना बालबालिकाको लालन पालनको जिम्मेवारी बृद्ध होमनाथको काँधमा छ।

त्यतिले मात्र नपुगेर होमनाथको परिवारमा फेरी अर्को बज्रपात पऱ्यो। छोरा-बुहारीको हत्या भएको चार महिना नपुग्दै अर्का छोरा गजेन्द्रको २०५९ बैशाख १६ गते सेनाले लम्जुङमा गिरफ्तार पछि हत्या गरेको थियो। दाजु दिदी भाउजुको हत्यापछि होमनाथका बाँकी रहेका कान्छा छोरा र कान्छी छोरी युद्धको क्रममै माओवादीमा लागे। होमनाथका जेठा छोरा भने घरजम गरेर चितवनमा बस्दै आएका छन्। घरमा अहिले अधिकारी दम्पति र भरतका १० र ७ वर्षका २ छोरा मात्र छन्।

सामान्य खेती किसान गरेर जिवीका चलाइरहेका अधिकारीको परिवारमा अहिले दैनिक घर खर्च धान्न समेत समस्या परेको छ। उनले घर खर्च धान्न आफूलाई आर्थिक समस्या परेको बताए। उनले भने-"मलाई जस्तो पिडा कसैलाई नपरोस।" "जसोतसो नातीहरुलाई पढाउन सके हुन्थ्यो त्यो पनि समस्या पर्दै आएको छ ।" उनले भने- "मेरो त परिवारकै बिचल्ली भएको छ।" हालै मात्र उनले शान्ति तथा पुन:निर्माण मन्त्रालयबाट जिल्ला प्रशासन कार्यलय मार्फत वितरण गरिएको राहत रकम पाएका छन्। सरकारले दिएको पैसाले ऋण तिर्न समेत नपुग्ने होमनाथले बताए। बाँकी जिवनमा नातीनातीनालाई कसरी हुर्काउने र पढाउने भन्ने नै चिन्ता रहेको छ होमनाथलाई। होमनाथको जस्तै समस्या छ द्वन्द्वको क्रममा मारिएका तनहुँका १ सय ८६ जनाको परिवारलाई।

सशस्त्र युद्धको नेतृत्वकर्ता नेकपा माओवादी संविधानसभाको निर्वाचन मार्फत सबै भन्दा ठूलो दल बनेपनि द्वन्द्व पीडितका समस्यामा खासै ध्यान नदिएको पीडितका परिवारहरूले बताएका छन्। सरकारले शहिद परिवार, बेपत्ता परिवार र अपाङ्ग भएका परिवारका सामु गरेको प्रतिबद्धता भुलेर सत्ताको खिचातानीमा अल्झेकोमा होमनाथ जस्ता पीडित परिवारले दुखेसो गरेका छन्।

***– चन्द्रप्रकाश भट्टराई, तनहुँ***

# समयतालिका अनुसार काम गर

**संविधान निर्माणको मूल मुद्दामा प्रवेश नै नगरी संविधानसभा केवल सामान्य मुद्दाहरुमा अल्झिएको छ, जसले संविधान निर्माण प्रक्रियामा दूरगामी असर पार्नेछ। यदि तोकिएको समयमा संविधान निर्माण गर्न सकिएन भने देशले ठूलो दुर्भाग्य भोग्नु पर्नेछ। तर, संविधान निर्माण गर्ने निहुँमा जनताको भावनालाई कदर नगरी केवल दलहरुको सहमतिमा संविधान निर्माण गरियो भने त्यसले देशमा दिगो शान्ति स्थापना गर्न नसक्ने निश्चित छ।**



**प्रतिवेदन वैद्य**

१२ बुँदे घटनाक्रमबाट विकसित भएको नेपाली राजनीतिले विश्वलाई नै अचम्मित पार्ने दिशामा अगाडि बढिरहेको थियो। सशस्त्र द्वन्द्वको शान्तिपूर्ण अवतरण र शान्तिपूर्ण रूपमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना गरेर विश्वलाई नै द्वन्द्व रूपान्तरणको नयाँ मोडल प्रस्तुत गर्न सफल भएको नेपाल अहिले पुन: अविश्वास र असमझदारीको भुमरीमा फस्न पुगेको छ। संविधानसभाको निर्वाचनपश्चात् सुरु भएको अविश्वासको राजनीतिले संविधान निर्माण प्रक्रियालाई नै खतरामा पार्नसक्ने सम्भावना देखापरेको छ। दलहरूबीच राष्ट्रपति, उपराष्ट्रपति तथा सरकार निर्माणका क्रममा देखापरेको संविधान निर्माण प्रक्रियाको अन्योललाई दलहरूले संविधान निर्माणको कार्यतालिका बनाएर केही हदसम्म हल गरेका थिए तर हाल प्रधानसेनापति, माओवादीद्वारा विगतमा भएका सम्झौता कार्यान्वयन नभएको तथा माओवादीको युवा दस्ता वाईसीएलले एमाले कार्यकर्ताको हत्याजस्ता कारण विभिन्न समयमा लामो समयसम्म भएका संसद् अवरुद्धताका कारण विगतमा बनाइएको समयतालिका प्रभावहीन बनिसकेको छ र यसले संविधान निर्माण प्रक्रियामा नै प्रतिकूल प्रभाव पार्नसक्ने देखिन्छ।

संविधानसभाको मुख्य कार्य भनेको नयाँ नेपालको संविधान निर्माण गर्नु हो। दुई वर्षमा नयाँ संविधान निर्माण गर्ने दायित्व भए पनि एक वर्ष बितिसक्दा राजनीतिक दलहरू केवल विभिन्न भागबन्डामा अल्झिएर संविधान निर्माण प्रक्रियालाई गति दिएका छैनन्। संविधानसभामा सबैभन्दा प्रमुख दलका रूपमा रहेको एकीकृत नेकपा माओवादीका गतिविधि संविधानसभाको जस्तो नभई सरकार सञ्चालनमा बढी केन्द्रित भएको देखिन्छ। द्वन्द्व व्यवस्थापन नगरी संविधान निर्माण प्रक्रिया सुरु गरेका कारण अहिले विभिन्न किसिमका समस्याहरू उत्पन्न भएका छन्, जसले संविधान निर्माण प्रक्रियालाई प्रभावित पारिरहेको छ। अन्तरिम संविधानले नेपाल सङ्घीय राज्य हुने भनिसकेको अवस्थामा कस्तो प्रकारको सङ्घीय राज्यहरूमा जाने हो भन्ने बहसमा देश हालसम्म प्रवेश गरिसकेको छैन। संविधान निर्माण प्रक्रियाको सबैभन्दा चुनौतीपूर्ण कार्य भनेको सङ्घीयता हो। संविधान निर्माण प्रक्रियाको सबैभन्दा चुनौतीपूर्ण कार्यमा हालसम्म संविधानसभा प्रवेश गर्न सकेको छैन। संविधान निर्माणको मूल मुद्दामा प्रवेश नै नगरी संविधानसभा केवल सामान्य मुद्दाहरूमा अल्झिएको छ, जसले संविधान निर्माण प्रक्रियामा दूरगामी असर पार्नेछ। यदि तोकिएको समयमा संविधान निर्माण गर्न सकिएन भने देशले ठूलो दुर्भाग्य भोग्नु पर्नेछ। तर, संविधान निर्माण गर्ने निहुँमा जनताको भावनालाई कदर नगरी केवल दलहरूको सहमतिमा संविधान निर्माण गरियो भने त्यसले देशमा दिगो शान्ति स्थापना गर्न नसक्ने निश्चित छ। जसरी दलहरूले दूरगामी महत्त्वका निर्णयहरू हतारमा गरेर पछि गल्ती भयो भन्ने महसुस गर्ने गरेका छन्, दलहरूको त्यो कमजोरी नयाँ संविधान निर्माण गर्ने क्रममा प्रतिविम्बित हुनुहुँदैन। जनतालाई प्रत्यक्ष असर पर्ने एजेन्डाहरूमा जनताका बीच पर्याप्त छलफल गरेर उनीहरूले दिएका सुझावका आधारमा नयाँ संविधानको निर्माण गरिनुपर्छ। जनमत सङ्कलनका क्रममा जुन प्रकारको गल्ती-कमजोरी रह्यो, आगामी दिनमा त्यसलाई सच्याएर अगाडि बढ्नुपर्छ। दलहरूले सङ्घीयतालगायत विभिन्न प्रमुख मुद्दाहरूमा सहमति जुटाउनुको साटो आ-आफ्नै ढङ्गले अगाडि बढिरहेका छन्, जसले संविधान निर्माण प्रक्रियालाई अझै चुनौतीपूर्ण बनाउने देखिन्छ। अहिले दलहरूले आफ्नो अकर्मण्यता ढाकछोप गर्नका लागि संविधान निर्माणको कार्यतालिका परिवर्तन गरेका छन्, जस अनुसार संविधानको मस्यौदामा जनतामा गएर छलफल गरेर उनीहरूको धारणा बुझ्ने समयमा कटौती गरिएको छ। यसरी दलहरूले समय रहुञ्जेल काम नगर्ने र अन्तिम समयमा आएर राजनीतिक सहमतिका नाममा काम गर्दा जनताले भावी संविधानमा अपनत्व महसुस गर्न सक्ने छैनन्।

अहिले संविधानसभाको प्रमुख दायित्व भनेको निर्धारित समयमै सबै जनताको धारणा समेटेर दोस्रो जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्न नयाँ संविधानको निर्माण गर्नु हो तर अहिले राजनीतिक दलहरू आफ्नो स्वार्थलाई केन्द्रमा राखेर संविधान निर्माण प्रक्रियालाई ओझेलमा पार्न तत्पर रहेको देखिन्छ। निर्धारित समयमा संविधान निर्माण गर्नका लागि दलहरूले संविधान निर्माणको समयतालिका अनुसार अगाडि बढ्नुपर्ने देखिन्छ । अन्यथा संविधान निर्माण प्रक्रिया अवरुद्ध बन्नुका साथै जनताले दोस्रो जनआन्दोलनमार्फत प्राप्त गरेका उपलब्धिसमेत गुम्नसक्ने खतरा रहन्छ । तसर्थ, दलहरूले निर्धारित समयमै जनआकाङ्क्षा अनुरूपको संविधान निर्माणका लागि पार्टीगत आग्रह तथा पूर्वाग्रह त्यागेर सहमतिको बाटोमा अगाडि बढ्नुपर्ने देखिन्छ।













# इन्सेकका केही प्रकाशनहरू

















www.inseconline.org

# नेपालको पहिलो

# मानवअधिकार समाचार अनलाइन




## नेपाली र अङ्ग्रेजी भाषामा

**मानवअधिकारसम्बन्धी विविध समाचारहरु समेटिएको यस**